फुङ्लिङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फुङ्लिङ, ताप्लेजुङ



राजश्व सम्भाव्यता अध्ययन, २०७७

(अन्तिम प्रतिवेदन)

प्राविधिक सहयोग
तारानाथ निरौला
बिराटनगर ६

प्रतिवेदन प्रस्तोता
पाथवे नेपाल

फुङ्लिङ नगरपालिका
राजश्व सम्भाव्यता अध्ययन, २०७७
बिषय सूची

क्र.सं.	बिषय	पेज नं.
भाग १	पृष्ठभूमि	१
१.१	फुङ्लिङ नगरपालिकाको बस्तुस्थिति	१
१.२	राजश्व संङ्कलन र परिचालनमा नेपालको ऐतिहासिक पृष्ठभूमि	२-४
१.३	फुङ्लिङ नगरपालिकाको भौगोलिक अवस्थिति, र भू-उपयोगको अवस्था	४-८
१.४	जनसाङ्खिक तथा घरपरिवार वितरण	८-९
१.५	उमेर समुह तथा लैङ्गिकताका आधारमा जनसङ्ख्या बितरण:	१०-११
१.६	जातजातीका आधारमा घरपरिवार तथा जनसङ्ख्या बितरण	११-१२
१.७	धर्मका आधारमा घरपरिवार तथा जनसङ्ख्या बितरण:	१२-१३
१.८	परिवारको स्वामित्वमा रहेको जग्गा जमिन घरको स्वामित्व तथा घरको बनोट र प्रकृति साथै सेवा सुविधा उपभोगका आधारमा घरपरिवार बिबरण	१४
१.८.१	जग्गाको स्वामित्व (लालपुर्जा) र जम्मा जग्गा को आधारमा घरपरिवार	१४-१५
१.८.२	आफु बसेको घरको स्वमित्को साथै परिवार सँग रहेको घर सङ्ख्याका आधारमा घरपरिवार	१६-१७
१.८.३	नगरपालिका क्षेत्र भित्र निर्माण भएका घरको बनोटको आधारमा घरपरिवार	१७-१९
१.९	आफ्नो जग्गा जमिन तथा तथा घर भाडामा दिए नदिएको आधारमा घरपरिवार	१९-२१
१.१०	साधन र सुविधाको प्रयोगको आधारमा घरपरिवार बिबरण	२१-२३
१.११	खाना पकाउने इन्धनको स्रोतको प्रयोगको आधारमा घरपरिवार	२३-२४
१.१२	वद्युत सेवामा पहुँचको आधारमा घरपरिवार	२५-२६
१.१३	मूख्य पेशा अवलम्बन गरेका आधारमा घरपरिवार तथा उद्योग तथा ब्यापार सम्बन्धी विवरण	२६-२७
१.१३.१	व्यापार व्यवसायको प्रकारका आधारमा सम्लग्न घरपरिवार	२७-३०
१.१३.२	सीपयुक्त जनशक्तिका आधारमा जनसङ्ख्या विवरण:	३०-३४
१.१४	कृषि तथा पशुपन्छी व्यवसाय संग सम्बन्धितन संघ संस्था साथै लैङ्गिक आवद्धता	३४-३६
१.१५	बजार केन्द्र तथा नगरबाट बाहिर निकासी हुने वस्तुहरू	३६-३८
१.१६	औसत माशिक पारिवारिक आम्दानी र बचत	३८-४१
१.१७	सामुदायिक भवन, सार्वजनिक पाटीपौवा र चौतारा	४१-४३
१.१८	यातायात तथा ढुवानीका साधन पार्क तथा स्टेसनहरू	४३-४४
१.१९	सडक, ढल, नाला तथा पुल पुलेसाहरू	४४-४५
१.२०	खेल मैदानहरूको विवरण	४६
१.२१	पर्यटन पूर्वाधार	४७
१.२१.१	सांस्कृतिक तथा धार्मीक स्थलहरू	४७-४९
१.२१.२	पार्क, पोखरी, तालतलैया तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण	४९-५२
१.२२	बैंक, वित्तीय संस्था, लघुवित्त साथै सहकारीहरूको बिबरण	५२-५५
१.२३	विभिन्न समिति तथा, टोल विकास संस्थासमेतका सामाजिक संघसंस्थाहरू र तीनमा आवद्ध जनसङ्ख्या	५५-५६
१.२४	शिक्षालयहरूको नाम र बर्तमान अवस्था	५६-५९
१.२५	स्वास्थ्य सेवा र यस्को अवस्था	५९
१.२५.१	स्वास्थ्य तथा सरसफाई र वातावरण	५९

१.२५.२	नगर क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाको विवरण	५९-६०
१.२६	सफा र सुरक्षित खानेपानीको प्रयोगको आधारमा घरपरिवार तथा श्रोतको अवस्था	६०-६४
१.२७	सार्वजनिक शौचालय, शौचालयको प्रयोग र त्यसको सरसफाईको विवरण	६४-६५
१.२८	सामुदायिक भवन	६५-६६
१.२९	प्राकृतिक श्रोतको विवरण	६६
१.२९.१	बनजङ्गलको विवरण	६६-६७
१.२९.२	ढुङ्गा, गिट्टी तथा बालुवाको विवरण:	६७
भाग २	अध्ययनको उद्देश्य र सिमा	६८
२.१	अध्ययनको उद्देश्य	६८-६९
२.२	अध्ययन विधि र प्रकृया	६९-७०
भाग ३	कानूनी संरचनात्मक अवस्थाको विश्लेषण	७१
३.१	संबैधानिक व्यवस्था	७०-७३
३.२	स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था	७३
३.२.१	कर तथा गैरकर राजश्वका क्षेत्र	७३-७४
३.२.२	कर नलाग्ने	७४
३.३	बस्तुगत विवरण (Profile) तयार गर्नु पर्ने	७५
३.४	बार्षिक कार्यक्रम तथा बजेट	७५
३.५	प्रदेश आर्थिक ऐन, २०७५	७५
३.५.१	घर जग्गा रजिष्ट्रशन शुल्क	७५
३.५.२	सवारी साधन कर	७५
३.५.३	मनोरञ्जन कर	७५
३.५.४	विज्ञापन कर	७६
३.५.५	दहत्तर बहत्तर शुल्क	७६
३.५.६	जिल्ला निकासी शुल्क	७६
३.५.७	पर्यटन शुल्क	७६
३.५.८	बन पैदावर विक्रि शुल्क:	७६
३.५.९	छुट तथा दण्ड जरिवाना:	७६
भाग ४	कार्यान्वयनमा रहेका राजश्वका क्षेत्र तथा दररेटहरू	
४.१	साविकका आन्तरिक आयका स्रोत तथा दरहरू	७७
४.१.१	एकीकृत सम्पति कर तथा भूमिकरको दर रेट बिबरण	७७-८०
४.१.२	भूमिकर/मालपोत	८१
४.१.३	घरवहाल कर	८१
४.१.४	व्यवसाय कर	८२-८८
४.१.५	जडिबुटी, कवाडी र जीवजन्तु कर	८८
४.१.५.१	जडिबुटी कर	८८-९०
४.१.५.२	कवाडी सामान	९०
४.१.५.३	जीवजन्तुको निकासी कर	९०-९१
४.१.६	सवारी साधन कर	९१
४.१.६.१	सवारी साधन स्वमित्व शुल्क	९१
४.१.६.२	स्थानीय सवारी साधन कर	९१
४.१.७	विज्ञापन कर	९१-९२

४.१.८	हाटबजार कर, घुम्ति व्यवसाय कर तथा बहाल बिटौरी कर	९२
४.१.८.१	हाट बजरा कर:	९२
४.१.८.२	घुम्ति व्यवसाय कर	९३
४.१.९	वहाल विटौरी शुल्क	९३
४.१.१०	सेवा शुल्क, दस्तुर	९३
४.१.१०.१	आयर हेसियत सम्पतिको मूल्याङ्कन प्रमाणित (सामान्य प्रयोजन)	९३-९४
४.१.१०.२	आय/ हेसियत सम्पतिको मूल्याङ्कन प्रमाणित (अध्ययन प्रयोजन)	९४
४.१.१०.३	बैंककालागि ऋण सिफारिस दस्तुर	९४
४.१.१०.४	चार किल्ला र बाटो प्रमाणित दस्तुर	९४-९५
४.१.१०.५	बिभिन्न सिफारिस तथा प्रमाणित दस्तुर	९५-९६
४.१.१०.६	निवेदन दर्ता दस्तुर	९६-९७
४.१.१०.७	नक्सा पास दस्तुर	९७
४.१.१०.७.१	नयाँ घर संरचनाको नक्सा पास दस्तुर देहाय बमोजिम हुनेछ	९७
.४.१.१०.७.२	अभिलेखिकरण शुल्क (पुराना घर संरचना)	९७-९८
४.१.१०.७.३	अमीन सम्बन्धी व्यवस्था	९८
४.१.१०.८	फुङ्लिङ नगरपालिकाको बिरेन्द्र चौक स्थित मिटिङ हल भाडा शुल्क	९८
४.१.१०.९	मेसिनरी उपकरणको भाडा शुल्क	९८
४.१.१०.१०	फोहोर मैला व्यवस्थापन शुल्क (प्रति महिना)	९८-९९
४.१.१०.११	नदी जन्य पदार्थ तथा प्राकृतिक श्रोत बिक्रि कर	९९
४.१.१०.१२	स्थानीय पूर्वाधार उपयोग शुल्क	९९-१००
४.१.११	पशुपन्छी जाँच तथा उपचार शुल्क	१००
४.२	नगरपालिकाको आन्तरिक आम्दानीको अवस्था	१००-१०२
४.३	नगरपालिकाको आ.व. २०७७/७८ को प्रस्तावित व्यय विवरण	१०३-१०६
भाग ५	आ.व. २०७८/७९ का लागि प्रस्तावित कर तथा गैर कर राजश्वका क्षेत्र साथै दररेटहरू	१०७
५.१	सम्पत्ति कर तथा सम्पति करको लागि मूल्याङ्कन दर	१०७-१११
५.२	भुमिकर/मालपोत	१११-११३
५.३	घर तथा जग्गा जमिन साथै मेसिन तथा उपकरण बहालकर	११३
५.४	उद्योग, व्यापार तथा विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा कर तथा शुल्क	११३-१४१
५.५	सवारी साधन कर तथा पूर्वाधार सेवा शुल्क:	१४१
५.५.१	सवारी साधन कर:	१४१-१४२
५.५.२	पूर्वाधार सेवा शुल्क: स्थानीय सडक पूर्वाधार तथा भवन समेत	१४२-१४४
५.६	विज्ञापन कर	१४४-१४५
५.७	मनोरञ्जन कर:	१४६
५.८	बहाल विटौरी कर तथा शुल्क	१४६-१४८
५.९	प्राकृतिक स्रोत तथा कवाडिका सामान साथै गौण उत्पादनको बिक्रि तथा उपयोग कर	१४८-१५२
५.१०	हाटबजार कर	१५३-१५६
५.११	पार्किङ शुल्क:	१५६
५.१२	पर्यटन शुल्क:	१५७
५.१३	सिफारिस, सेवा शुल्क तथा दस्तुर	१५७-१७०
५.१४	दण्ड सजाय तथा जरिमाना	१७०-१७३
भाग ६	कर तथा राजश्वको प्रक्षेपण	१७४

६.१	आ.व. २०७८/७९ का लागि बिषयगत क्षेत्रको राजश्व प्रक्षेपणको बिस्त्रित बिबरण	१७४
६.१.१	सम्पति करको प्रस्तावित प्रक्षेपण	१७४-१७५
६.१.२	भूमिकर/मालपोतको प्रस्तावित प्रक्षेपण	१७५-१७७
६.१.३	घर तथा जग्गा जमिन साथै मेसिन तथा उपकरण वहाल करको प्रस्तावित प्रक्षेपण	१७७-१७८
६.१.४	उद्योग, व्यापार तथा सेवा व्यवसाय करको प्रस्तावित प्रक्षेपण	१७८
६.१.४.१	उद्योग कलकारखाना	१७८-१८०
६.१.४.२	व्यापारीक बस्तुहरू	१८१-१८३
६.१.४.३	व्यवसायिक बिशेषज्ञ	१८४-१८८
६.१.५	सवारी साधन कर तथा पूर्वाधार शेवा शुल्कको प्रस्तावित प्रक्षेपण	१८८
६.१.६	विज्ञापन करको प्रस्तावित प्रक्षेपण:	१८९
६.१.७	मनोरञ्जन करको प्रस्तावित प्रक्षेपण:	१८९
६.१.८	बहाल बिटौरी कर तथा शुल्कको प्रस्तावित प्रक्षेपण	१९०-१९१
६.१.९	प्राकृतिक श्रोत उपयोग कर तथा शुल्कको प्रस्तावित प्रक्षेपण	१९१-१९३
६.१.१०	साप्ताहिक हाटबाजार कर तथा शुल्कको प्रस्तावित प्रक्षेपण	१९३
६.१.११	पार्किङ शुल्कको प्रस्तावित प्रक्षेपण	१९३
६.१.१२	पर्यटन शुल्कको प्रस्तावित प्रक्षेपण:	१९३-१९४
६.१.१३	दस्तुर, सिफारिस, दर्ता तथा सेवा शुल्कको प्रस्तावित प्रक्षेपण	१९४-१९६
६.१.१४	दण्ड सजाय, जरिमाना तथा कर छुटको प्रस्तावित प्रक्षेपण	१९६-१९७
६.२.	जम्मा आय प्रक्षेपणको संक्षिप्त विवरण	१९७-२०१
भाग ७	शुभ्काव तथा निष्कर्ष	२०२-२०४
	अनुसूचि	

फुङ्लिङ नगरपालिका
राजश्व सम्भाव्यता अध्ययन, २०७७/७८

भाग १ (एक)
पृष्ठभूमी

१. पृष्ठभूमिः

१.१ फुङ्लिङ नगरपालिकाको बस्तुस्थितिः

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको स्थापनाका साथ नेपालको संविधानले प्रदत्त गरेका स्थानीय तहका अधिकार क्षेत्र र स्थनीय विकासका आधारभुत क्षेत्रहरूको प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आजको प्रमुख अभिभारा भएकोछ । यस अभिभारालाई परिणाममुखि बनाउन फुङ्लिङ नगरपालिकाले संपादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सास्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीयबासिहरूकै सहभागिता र साझेदारीमा व्यवस्थित, प्रभावकारी र समयबद्ध सञ्चालन व्यवस्थापनकालागि आधार तयार पर्नु आजको प्रमुख आवश्यकता हो र यो अनिवार्य पनि छ । स्थानीय तहलाई स्थानीय सरकारको रुपमा प्राप्त अधिकारको माध्यम बाट आर्थिक समृद्धिको बाटो निर्धारण गरी समग्र नगरपालिकाको समृद्धिलाई प्रारम्भिक आधार निर्माण गर्ने उद्देश्यका साथ फुङ्लिङ नगरपालिकाले एकीकृत आवधिक नगरपालिका विकास योजना समेत तयार गरी सोहि बमोजिम नगरपालिकाको दिगो विकासका तमाम योजना तथा कार्यक्रमहरूलाई सञ्चालन तथा व्यवस्थापन गर्ने अठोट र प्रतिवद्धता जाहेर गरिसकेको अवस्था छ ।

नगरपालिकाको समृद्धि संग सम्बन्धित तमाम योजनाहरूको सफल कार्यान्वयन संग जोडिएको आन्तरिक आयलाई बलियो बनाउनु अहिलेको प्रथम कर्तब्य भित्र पर्दछ । छिमेकमा गाउँपालिकाको रुपमा कृयाशिल स्थनीय तहको तुलनमा यस नगरपालिकाको आन्तरिक आय केहि मजबुत र गणनायोग्य अङ्कमा रहेको भएता पनि नगरपालिकाले संबैधानिक तथा कानूनी रुपमा निर्वाहा गर्नु पर्ने जिम्मेवारिका बर्तमान अवस्थामा उक्त आयले बिकास निर्माण र सेवा प्रवाहकालागि दैनिक प्रशासनिक खर्च धान्न सक्ने अवस्था नरहेको, उपभोक्ता लागत सहभागिता तथा संस्थागत लागत सहभागिता र साझेदारी न्यून रहेको मात्र नभई सार्थक सहभागिताको सुनिस्चितता हुन नसकेको, आन्तरिक श्रोतको पहिचान र नक्साङ्कन (Resource mapping) को अभाव रहेको, नगरको सम्पूर्ण सम्पत्तिको अभिलेख राख्न नसकिएको, उद्योग, व्यापार तथा व्यवशायिक प्रतिष्ठान र सर्वसाधारण नगरपालिकाबासिहरू समग्रमा करको दायराभित्र आई नसकेको साथै कर तथा राजश्वको क्षेत्राधिकार सहितका कर तथा राजश्वका क्षेत्र र तीनको पहिचान तथा परिचालनको पर्याप्तता हुन नसेकेको कारण यस नगरपालिकाले बर्तमान ऐन कानून बमोजिम लगाउन तथा उठाउन पाउने कर तथा गैरकर राजश्व संकलन र व्यवस्थापनमा समेत समस्या भोगिरहेको अवस्था छ । उपरोक्त तथ्यहरूका आधारमा बर्तमान समस्याहरूको सहज समाधान गर्दै आन्तरिक आयको हिसावले एक सक्षम नगरपालिकाको रुपमा स्थापित गर्न कर तथा गैरकर राजश्वका सम्भाव्य सबै दायराको खोजी र विस्तार गर्न तथा सबै सरोकारवालालाई आन्तरिक आय आर्जनमा कहिंनकहिं बाट न्यूनतम रुपमानै भए पनि सहभागि गराएर नगरपालिका प्रतिको अपनत्व र जनविश्वासमा बढोत्तरी ल्याउन साथै कर तथा गैरकर राजश्वका दर तथा स्ल्याव सबै सरोकारवालाको क्षमता र विभिदताका आधारमा व्यवहारिक र पारदर्शी बनाएर संबिधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र फुङ्लिङ नगरपालिकको आर्थिक ऐन २०७६ ले स्वीकारेका क्षेत्राधिकार भित्र रहि कर तथा राजश्वका दायरा र दरको पहिचान गर्न अनिवार्य भएको छ ।

१.२ राजश्व संकलन र परिचालनमा नेपालको ऐतिहासिक पृष्ठभूमि

क. राणाकालिन अवस्था (२००७ साल अगाडि)

नेपाल आर्थिक र विकास पूर्वाधारका हिसावले विश्व मान चित्रमा एक विकासोन्मुख, कम सहरिकरण र भुपरिवेष्टित मुलुकको रुपमा परिचित छ । नेपाल क्षेत्रफलको हिसावले ९३ औं तथा जनसङ्ख्याको हिसावले ४१ औ नम्बरमा रहेको तथा कुल क्षेत्रफल १४७५१६ स्क्वायर किलो मिटर रहेर यसको २.८ % मात्र भाग पानीले ओगटेको भएता पनि जलसक्ति र प्राकृतिक मनोरम र सम्पदाको हिसावले धेरै महत्वपूर्ण राष्ट्रको रुपमा विश्व मान चित्रमा परिचित छ । वर्तमान अवस्थामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रुपमा स्थापित भई सकेको यस देसको एकीकरणको पूर्वको ईतिहास करीव २५०० बर्ष पुरानो छ । नेपालको एकिकरण पछिका विभिन्न कालखण्डमा फरक फरक राजनैतिक आस्था र अबस्था सँग नेपालको ईतिहास सिर्जना भएको भएता पनि वित्तीय व्यवस्थापन र परिचालनको अवस्थाको अध्ययन गर्दा पद्म समशेरको पालामा तयार भएको पहिलो संवैधानिक दस्तावेज नेपाल सरकार बैधानीक कानून, २००४ मा पञ्चायती सभा अन्तर्गत ग्राम, नगर र जिल्ला पञ्चायतको संवैधानिक व्यवस्था रहेको पाईन्छ । नेपाल सरकार बैधानिक कानून २००४ कार्यान्वयनमा नआएको भएतापनि संबैधानिक रुपमै ग्राम, नगर र जिल्ला पञ्चायतको व्यवस्था हुनु तथा तीनले गर्ने काम कारवाहिको क्षेत्र समेतको परिकल्पना गर्नु विकेन्दीकरणको मर्म र भावनालाई तात्कालिन राणा शासकले समेत स्वीकार्न खोजेको अनुभूत गर्न सकिन्छ । नेपाल विकासको ऐतिहासिक क्रमसंगै सरकारले जिल्ला पञ्चायतलाई दिएको अनुदानको आधा हिस्सा ग्राम र नगर पञ्चायतलाई दामासाहीले बाँड्नु पर्ने र खर्च गर्नु पर्ने तथा नगर पञ्चायत ऐन २००६ जारी हुँदा नगरपालिकाहरू लाई घर जग्गामा बार्षिक कर लिने, घरजग्गा बहाल कर, व्यवसाय कर, सवारी दस्तुर, पानी कर, सार्वजनिक सम्पती (बाटो, पुल, अस्पताल आदि कर) साथै नक्सा पासका बारेमा समेत उल्लेख गर्नुले स्थानीय स्तरमा आय आर्जनका खुट्टिकालाहरूको ब्यवस्थापन गर्न समेत राणाकाल बाटै थालनि भएको पाईन्छ ।

ख. राणाकालको अन्त्य र पञ्चायत कालको उदाय बिचको अवधि (२००७ - २०१७)

नेपालमा राणाशासनको अन्त्य सँगै नेपाल सरकार अन्तरिम शासन विधान, २००७ ले राज्यले ग्राम पञ्चायतहरू खडा गरी तिनलाई स्वयत्त शासित संस्थाको रुपमा काम गर्न आवश्यक अधिकार दिनु पर्ने कुराको सिफारीस गरे सँगै बिधिवत रुपमा नेपालमा स्थानीय तहहरूलाई अधिकारको प्रत्यायोजन हुन थालेको पाईन्छ । बि.सं. २००९ सालमा गठीत बुच आयोगले अधिकार प्रत्यायोजन र विकेन्द्रीकरणको आवश्यकता औल्याउनु, २०१३ सालमा गठित टंक प्रसाद आचार्य संयोजकत्वको प्रशासन पुनरगठन योजना आयोगले प्रशासनिक विकेन्द्रीकरणका लागि जिल्ला, नगर र ब्लकको सिफारीस गर्नु बिकास निर्माण र सेवा प्रवाहमा स्थानीय तहको अपरिहार्यताको महशुस गर्नु यसका केहि महत्वपूर्ण सुरुवातको रुपमा लिन सकिनछ ।

ग. पञ्चायत काल (बि.सं. २०१७ -२०४६)

जननिर्वाचित सरकारलाई अपदस्त गरी पञ्चायतकालको सुरुवात पछि स्थानीय तहलाई कर तथा गैरकर राजश्व सङ्लन तथा व्यवस्थजापन गर्ने कार्यमा क्रमस केहि महत्वपूर्ण अधिकारहरू प्रक्षेपण गर्ने कार्यको थालनी भएको पाईन्छ । वि.सं. २०१९ सालमा तत्कालिन नगर/गाउँपञ्चायतलाई घरधुरी कर र बहाल कर लगाउने अधिकार दिईनु, २०२२/०२३ सालमा स्थानीय कर पुनरावलोकन गरिनु, आ.व. २०३३/०३४ मा व्यापार कर ०.५ प्रतिशत लिन पाउने व्यवस्था गरिनु साथै उक्त व्यापार करलाई २०४५ सालमा चुंगीकरको रुपमा स्थापित गरी १ % पुऱ्याईएर स्थानीय तहलाई आर्थिक सवलिकरण तर्फ उन्मुख गराउनु नेपालको ईतिहासमा स्थानीय राजश्व परिचालनका प्रमुख मार्गहरूको रुपमा बिकास भएको ब्यहोरा चित्रित गर्न सकिन्छ । वि.स. २०३२ सालमा गठीत प्रशासन सुधार आयोग समेतको सिफारीसका आधारमा विकेन्द्रीकरण ऐन, २०३९ जारी जारी गरि स्थानीय निकायहरूलाई जिल्ला स्तरीय विकास कार्यको संचालन गर्ने उत्तरदायित्व तत्कालिन स्थानीय पञ्चायतको हुने र विकाससँग सम्बन्धित कृषि, शिक्षा, स्वास्थ्य वन आदि मन्त्रालयका जिल्ला स्तरीय कार्यालयहरू

जिल्ला पञ्चायत सचिवालयका शाखाको रुपमा स्थापित हुने व्यवस्था गरेको थियो । उक्त काम सम्पादन गर्न स्थानीय निकायहरूलाई कर, दस्तुर, शुल्क लगाउने अधिकार यस ऐनले प्रदान गरेको थियो भने नगर तथा नगर स्तरमा पञ्चायत विकास तथा जग्गा कर सर्वसंचित कोषमा ५ %, जिल्ला पञ्चायतमा % प्रतिशत र बाँकी सम्बन्धित नगर तथा नगरलाई दिने व्यवस्था गरेको पाईन्छ ।

घ. प्रजातान्त्रिक काल (बि.सं. २०४६ -२०६२)

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात स्थानीय निकायलाई थप सुदृढ बनाउन साविकका नगर, नगर तथा जिल्ला पञ्चायत ऐनलाई खारेज गरी नगर विकास समिति, नगरपालिका र जिल्ला विकास समिति ऐन २०४८ जारी गरीयो । यी ऐनहरूमा स्थानीय निकायहरूलाई विभिन्न करहरू लगाउने क्षेत्राधिकारको व्यवस्था गरिएको थियो । तात्कालिन प्रधानमन्त्री गिरीजाप्रसाद कोईरालाको अध्यक्षतामा गठित उच्च स्तरीय प्रशासन सुधार आयोग, २०४८ ले केन्द्रीय सरकारले स्थानीय निकायलाई अधिकार, कार्य जिम्मेवारी र श्रोत साधन निक्षेपण गर्न सिफारीस गरेको, आ.ब. २०५३/०५४ देखि मालपोत उठाउने अधिकार नगर विकास समिति र नगरपालिकाहरूलाई दिईएको, वि.सं. २०५३ सालमा शेरबहादर देउवाको अध्यक्षतामा गठित उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समितिको प्रतिवेदन अनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावलीको २०५६ व्यवस्था गरिनुले नेपालको संबैधानीक विकास क्रम संगै प्रजातन्त्रको पुनरस्थापना सम्म आईपुग्दा स्थानीय सरकार संचालन र व्यवस्थापनका लागि आवश्यक आन्तरिक राजश्वको व्यवस्थापनकालागि समयानुकूल करका दर अनी दायराहरूलाई फराकिलो पार्दै स्थानीय तहलाई आत्मनिर्भर बनाउने तर्फ बिशेष प्रयासहरू भएको पाईन्छ ।

साविकका स्थानीय निकायहरूलाई स्वायत्तताको हिसावले क्षमतावान बनाउन अधिकार निक्षेपणको सिद्धान्तका आधारमा राजश्वका श्रोत तथा राजश्व बाँडफाँडका बिषयलाई थप गरी एकीकृत रुपमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को व्यवस्था गरियो । तर उक्त ऐन तथा नियमावली मार्फत साविक स्थानीय निकायलाई अधिकार सम्पन्न गरिनु पर्ने आवश्यकतालाई केहि हद सम्म संकुचन गर्दै केन्द्रबाट राजश्व बाँडफाँड घरजग्गा रजिष्ट्रेशन, विद्युत रोयल्टी आदि तल्लो तह नगर विकास समिति तथा नगरपालिकामा बाँडफाँड गर्नु पर्ने व्यवस्था नगरे पनि जिल्लाले सम्बन्धित नगरपालिकाका क्षेत्र बाट उठाएको ऊन, खोटो, जडिबुटी, कवाडी माल, ढुंगा, स्लेट, बालुवा तथा प्रचलित कानूनले निषेध नगरिएका मृत जिवजन्तुको हाड सिंग, खुर आदि बाट संकलित रकमको ३५ देखी ५० % सम्बन्धित नगर विकास समिति र नगरपालिकालाई दिनुपर्ने व्यवस्था गरेको पाईन्छ । यतिमात्र हैन स्थानीय निकायलाई ऐनले तोकिदिएका जिम्मेवारीहरू पुरा गर्न हरेक बर्ष नेपाल सरकारबाट शसर्त र निशर्त अनुदान उपलब्ध गराउने समेतको व्यवस्था गरिएको पाईन्छ । यस्तो अनुदान बाहेक खानी, बन, विद्युत, पर्यटन, रजिष्ट्रेशन जस्ता क्षेत्रबाट संकलित राजश्वको निश्चित % स्थानीय नियकायलाई दिने समेतको व्यवस्था भएको देखिन्छ ।

ङ. लोकतान्त्रिक गणतन्त्रात्मक काल (बि.सं. २०६२ पछी बिद्यमान अवस्था सम्म)

नेपालको ऐतिहासिक जनआन्दोल बाट प्राप्त लोकतान्त्रिक गणतन्त्रको स्थापना भए पस्चात सम्बिधान सभाको निर्वाचन भई जनताको तह बाट सर्वप्रथम नेपालको संबिधान निर्माणको प्रकृया सुरुभयो । जनताको तहबाट संबिधान निर्माण गर्ने र तदअनुरुपका ऐन कानून निर्माणमा समय लागेका कारण बि.सं. २०६२ देखि २०७२ साल मात्र हैन उक्त अवधि पस्चात स्थानीय सरकार सञ्चालन ऐन निर्माण तथा कार्यान्वयन नहुँदाका बखत सम्म स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा भएको व्यवस्था बमोजिमनै स्थानीय तहहरूले आन्तरिक कर तथा गैर कर राजश्व सङ्कलन तथा व्यवस्थापनको कार्य गर्दै आउनु पर्ने बाध्यात्मक अवस्था रहन गयो । जव वर्तमान संबिधान २०७२ को कार्यान्वनयले संघीय संरचनालाई स्थापित गरी संघ, प्रदेश र स्थानीय गरी ३ तहको सरकारको व्यवस्था गर्न नेपाली जनता सफल भए तव स्थानीय तहलाई स्थानीय सरकारको भुमिका निर्वाह गर्न पाउने गरी संबिधानमानै संघीय, प्रदेश तथा स्थानीय सरकारका अधिकारका क्षेत्रहरूको स्पष्ट व्यवस्था हुन पुग्यो । यो नै नेपालको इतिहसमा स्थानीय तहमा अधिकारको स्पष्ट प्रक्षेपणको पहिलो आधार निर्माण हुन सकेको पाईन्छ । संबिधानत स्थानीय तह अधिकार सम्पन्न भएता पनि समयमानै ऐन को

व्यवस्था हुन नसकेका कारण स्थानीय राजश्व परिचालनमा केहि अलमल र कठिनईहरू उत्पन्न भईरहेको देखिन्छ । बर्तमान अबस्थामा स्थानीय स्वायत्त शासन ऐन समेतका अङ्गहरूमा रहेका बिगतका स्थानीय निकायका अधिकारहरूलाई बर्तमान संबिधान बमोजिम थप परिमार्जन गरी स्थानीय बिकास र सेवा प्रवाहका महत्वपूर्ण अधिकार समेत स्थानीय तहमा नै हस्तान्तरण गरिनु मात्र हैन नेपालमा पहिलो पटक स्थानीय तहलाई स्थानीय सकारको रुपमा स्थापित गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएको अवस्था छ । बर्तमान स्थनीय सरकार सञ्चालन ऐनले स्थानीय तहले कर तथा गैरकर राजश्वका क्षेत्रमा गर्न सक्ने र पाउने स्पष्ट ब्यवस्था गरेको पाईन्छ । तसर्थ बर्तमान अवस्थामा संबिधान प्रदत्त अधिकारको यथार्थपरक प्रयोग र ब्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को माध्यम बाट स्थानीय तहले स्थानीय ऐन र नियमको समेत ब्यवस्था गरी कर तथा गैरकर राजश्वका क्षेत्रको पहिचान र दर रेट समेत जनताको सहभागितामा तर्जुमा गरी आफैले संकलन तथा ब्यवस्थापन गर्न पाउने कर तथा राजश्वका क्षेत्रलाई थप फराकिलो, बैज्ञानीक र ब्यवहारिक तथा प्रगतिशिल बनाउदै जनबिश्वासमा आधारित क्षमतावान स्थानीय सरकारको रुपमा स्थापित र विकासित गर्न अझ प्रयास गर्नु पर्ने आबश्यकता देखिन्छ । यति मात्र हैन वर्तमान अवस्थामा देखिएका नीतिगत एवं व्यवहारिक कठिनाई तथा समस्याहरूको क्रमिक रुपमा निराकरण गर्दै स्थानीय तहको आन्तरिक श्रोत परिचालनको अवस्थालाई अझ बढी व्यवहारिक, न्यायोचित र पूर्वानूमानयोग्य बनाउन यसका प्रमुख आधारहरूलाई सहभागितामुलक प्रकृया बाट अध्ययन तथा विश्लेषण गरी नतिजाको आधारमा आवश्यक कार्यान्वयन योग्य नीति तर्जुमा र संस्थागत गर्न थप प्रयसको आवश्यकता छ ।

नेपालको संबिधान २०७२ कार्यान्वयन संगै भएको राज्यको पुन संरचनाका आधारमा बदलिएको बर्तमान परिवेशमा स्थानीय तहले पालना गर्नु पर्ने न्युनतम शर्तहरू तथा उनीहरूको कार्य सम्पादन क्षमताको आधारमा उपलब्ध गराउने अनुदान समेतलाई नियमित गर्न संघीय सरकारले अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन २०७४ समेत तयार गरी पहिलो पटक राजश्व बॉडफॉड र वित्तीय समानिकारण अनुदानको स्पष्ट मार्ग चित्र सहितको बजेट निक्षेपणको दिगो वातावरणको थप विकास गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयन संगै स्थानीय तहले आन्तरिक आय आर्जनका स्रोतहरूको पहिचान, क्षेत्र विस्तार र सवै करदाताहरूको सार्थक र सहज सहभागिताको सुनिस्चिततावाट बार्षिक रुपमा आय बृद्धि र बाह्य अनुदान तथा कानून बमोजिम ऋण तथा सापटी समेतको माध्यम बाट स्थनीय तहको समृद्धिको मार्ग ब्यवस्थित गर्ने बाटो प्रशस्त भएको छ । यस नगरपालिकाका जनप्रतिनिधि, समय समयमा समाजिक संघ संगठनका प्रतिनिधि, राजश्व परामर्श समिति लगायतका सरोकारवाला सँग ब्यक्तिगत तथा सामुहिक रुपमा गरिएका परामर्श तथा छलफल बाट प्राप्त सुझावका आधारमा यस प्रतिवेदनमा प्रस्ताव गरीए बमोजिमका कर तथा गैरकर राजश्वका दर रेटहरू कायम गर्न एवम् सुझावहरू कार्यान्वयन गर्न सके फुङ्लिङ नगरपालिकालाई एउटा व्यवस्थित र समृद्ध नगरपालिकाको रुपमा स्थापित गर्न सकिने कुरामा दुई मत हुन सक्दैन ।

१.३ फुङ्लिङ नगरपालिकाको भौगोलिक अवस्थिति, र भू-उपयोगको अवस्था

नेपालको संबिधान २०७२ ले स्थानीय तहलाई अधिकार सम्पन्न बनाईसकेपछि स्थानीय तहको पुनसंरचना बाट स्थापित भएको फुङ्लिङ नगरपालिका प्रदेश नं. १ को ताप्लेजुङ जिल्लामा अवस्थित छ । तप्लेजुङ जिल्लाका साविकमा स्थापित रहेका ताप्लेजुङ नगरपालिका र हाँडदेवा, फूरुम्बु र फावाखोला गरी ३ वटा गाविसलाई एकै ठाउमा मिलाएर २०७३ सालमा स्थानीय तह (स्थानीय सरकार) को रुपमा स्थापित यो नगरपालिका पूर्वमा सिरीजङ्गा र याङबरक गाउँपालिका, पस्चिममा मिक्वाखोला र मेरिङदेन गाउँपालिका, उत्तरमा फक्ताङलुङ गाउँपालिका तथा दक्षिणमा आठराई त्रीवेणी र याङ्बरक गाउँपालिका सँग सिमाना जोडिएको साथै बिश्वको तेश्रो अग्लो हिमाल कञ्चनङ्घा र कुम्भकर्ण हिमालको काखमा रहेर ऐतिहासिक पाथीभरा देवी मन्दिरको अवसर र आशिर्वाद प्राप्त नगरपालिका हो । यस नगरको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा ५१४० घरपरिवारमा २५९५८ जनसङ्ख्याको बसोबास रहेको र भौगोलिक अवस्थितिको हिसावले कुल १२५.५७ बर्ग किलो मिटरमा फैलिएको यस नगरपालिकालाई बर्तमान संबिधानले परिकल्पना गरेको संघीय

शासन पद्धतिका सबै खाले अवसरहरूलाई स्थानीयबासीका घरदैलो सम्म सहज रुपले प्रवाह गर्नकालागि तथा आन्तरिक प्रशासनिक कार्य र सेवा प्रवाहलाई सुगम र सहज बनाउन ११ वटा वडामा बिभाजन गरिएको छ । वर्तमान वडा विभाजनको विवरणा तालिका नं. १.१ मा दिईएको छ ।

तालिका नं. १.१: पुनसंरचना बमोजिमको फुङ्लिङ नगरपालिकाको वडा विभाजन

बर्तमान वडा नं	समावेश भएका साविकका नगरपालिका/गाविसहरू	साविक वडा नं.	कैफियत
१	ताप्लेजुङ नगरपालिका	३	
२	ताप्लेजुङ नगरपालिका	१	
३	ताप्लेजुङ नगरपालिका	२	
४	ताप्लेजुङ नगरपालिका	४	
५	ताप्लेजुङ नगरपालिका	५	
६	ताप्लेजुङ नगरपालिका	६	
७	ताप्लेजुङ नगरपालिका	७	
८	ताप्लेजुङ नगरपालिका	८, ९	
९	हाँडदेवा गा.बि.स.	१-९	
१०	फूरुम्बु गा.बि.स	१-९	
११	फावाखोला गा.बि.स.	१-९	

श्रोत: स्थानीय तह पुनसंरचना आयोगको प्रतिवेदन २०७४ तथा नगर प्रोफाइल्/बस्तुगत बिबरण २०७७

चित्र नं. १.१: नेपालको नक्सामा फुङ्लिङ नगरपालिकाको अवस्थिति र वडा बिभाजन



भौगोलिक अवस्थितिको हिसावले फुङ्लिङ नगरपालिका समग्र रुपमा पहाडी भू-भागमा पर्दछ । समुद्रि सतह बाट ४७३० फिटको उचाईमा अवस्थित रहेको छ । फुङ्लिङ नगरपालिकाले तयार गरेको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा यस नगरपालिकाको समग्र भू-भाग मध्ये २५.९४ % भू-भाग कृषि उत्पादनमा प्रयोग भएको देखिन्छ भने ६३.६१% भू-भाग वनजङ्गल ले ओगटेको छ । यसै गरी कुल क्षेत्रफलको ४.६७% बुट्यान तथा घाँसे क्षेत्र, ०.०९% झाडी क्षेत्र पर्दछ भने पानीले (खोला, तलाउ र पोखरी) ओगटेको १.५२% ओगटेको छ । यस नगरपालिकाको कुल भूभाग मध्ये हवाई मैदान, व्यापारिक क्षेत्र, उत्पादन मुलक क्षेत्र, धार्मीक तथा सास्कृतिक क्षेत्र, शैक्षिक क्षेत्र, वित्तीय क्षेत्र, सरकारी क्षेत्र, स्वास्थ्य, उद्योग, बिद्यालय क्षेत्र, बसोवास क्षेत्र लगायत मिश्रीत क्षेत्र समेत भौतिक संरचना निर्माण भएको २.३८ %, रहेको छ भने १.१४% सडक पूर्वाधारले ओगटेको अवस्था छ । भौतिक पूर्वाधार निर्माण भएको क्षेत्र मध्ये सवै भन्दा बढी ८०.२०% आवास क्षेत्रले ओगटेको छ । यस नगरपालिकाको वस्तुगत विवरणका आधारमा औद्योगिक क्षेत्रको रुपमा रहेको जग्गा समेत न्यून रहेको छ भने खाली क्षेत्र, बँगैचा तथा पार्क, स्पष्ट रुपले प्रयोगको अवस्था नछुटिएको वा नखुलेको क्षेत्र न्यून रहेको अवस्था छ । भु-उपयोग सम्बन्धी संक्षिप्त तथा विस्त्रित विवरण क्रमस तालिका नं. १.२ र १.३ मा उल्लेख गरिएको छ ।

चित्र नं.१.२: फुङ्लिङ नगरपालिकाको भू-उपयोगको बर्तमान अवस्था



तालिका नं १.२: भू-उपयोग सम्बन्धी संक्षिप्त विवरण

क.सं.	भू-उपयोगको क्षेत्र	बर्ग मिटर	बर्ग कि.मि.	%
१	निर्माण भएको क्षेत्र	२९८५२४८.८३	२.९९	२.३८
२	बुट्यान तथा घाँसे क्षेत्र	५८५९०६८.४०	५.८६	४.६७
३	खेतीपाती भएको क्षेत्र	३२५६७८२५.३५	३२.५७	२५.९४

४	पहिरो ले ओगटेको क्षेत्र	६६५७२.०३	०.०७	०.०५
५	वनजङ्गल	७९८६६७०२.४८	७९.८७	६३.६१
६	खाली क्षेत्र	१०७९०.७७	०.०१	०.०१
७	बगैंचा तथा पार्क	३५४९२८.३३	०.३५	०.२८
८	सडकले ओगटेको क्षेत्र	१४३५५०९.३५	१.४४	१.१४
९	झाडी	११२९७३.६७	०.११	०.०९
१०	पानीले (खोला, तलाउ र पोखरी) ओगटेको	१९०३६८२.६२	१.९०	१.५२
११	नछुटिएको	३९६७००.००	०.४०	०.३२
जम्मा		**१२५५६०००१.८३**	**१२५.५६**	१००.०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं १.३: भू-उपयोग सम्बन्धी विस्त्रित विवरण

क.सं.	भू-उपयोगको बर्ग	भू-उपयोगको उप बर्ग	बर्ग.मि.	%	जम्मा%
१	निर्माण भएको क्षेत्र	हवाई मैदान	१११०२३.००	३.७२	
		व्यापारिक क्षेत्र	९३४५.६८	०.३१	
		उत्पादन मुलक क्षेत्र	१२०२.४२	०.०४	
		धार्मीक तथा सास्कृतिक क्षेत्र	४११७७.०९	१.३८	
		शैक्षिक क्षेत्र	६४०८१.७४	२.१५	
		वित्तीय क्षेत्र	७६९.१८	०.०३	
		सरकारी क्षेत्र	३०४४५.२७	१.०२	
		स्वास्थ्य	५९९६.१४	०.२०	
		उद्योग	२३२१.७७	०.०८	
		मिश्रीत	३२१२४९.३३	१०.७६	
		बसोवास क्षेत्र	२३९४०६०.१३	८०.२०	
		बिद्यालय क्षेत्र	३५७७.०७	०.१२	
जम्मा			**२९८५२४८.८३**	**१००.०**	२.३८
२	खेती भएको क्षेत्र	खेती भएको क्षेत्र	३२५६७८२५.३५	१००.०	२५.९४
३	वनजङ्गल	वनजङ्गल	७९८६६७०२.४८	१००.०	६३.६१
४	पहिरोले ओगटेको	पहिरोले ओगटेको क्षेत्र	६६५७२.०३	१००.०	०.०५
५	सडकले ओगटेको क्षेत्र	कालो पत्रे	१६६३९२.९०	११.५९	
		माटो	१२२८२०७.३५	८५.५६	
		ग्राभेल	४०४७८.७१	२.८२	
		पुल पुलेसा	४३०.३९	०.०३	
जम्मा			**१४३५५०९.३५**	१००.०	१.१४
६	खाली क्षेत्र	खाली ठाउँ	२१२.१२	१.९७	
		खेल मैदान	१०५७८.६५	९८.०३	

जम्मा			**१०७९०.७७**	१०.१००	०.०१
७	झाडी	झाडी	५८५९०६८.४०	१००.०	४.६७
८	बगैंचा तथा पार्क	बगैंचा तथा पार्क	**३५४९२८.३३**	१००.०	०.२८
९	Shrubs	Shrubs	११२९७३.६७	१००.०	०.०९
१०	पानीले ओगटेको	पोखरी	२३५३.३२	०.१२	
		नदी तथा खोला	१७४२४५९.९१	९१.५३	
		बालुवा	१५८८६९.३९	८.३५	
जम्मा			**१९०३६८२.६२**	१००.०	१.५२
११	नछुटिएको	नछुटिएको	**३९६७००.००**		०.३२
कुल जम्मा			**१२५५६०००१.८३**		**१००.०**

श्रोत:फुङ्लिङ नगर प्रोफाइल् निर्माण सर्वेक्षण, २०७७

१.४ जनसाङ्ख्यिंक तथा घरपरिवार बितरणः

आन्तरिक आयका बिषयमा सम्बन्धित स्थानमा बसोबास गर्ने जनसङ्ख्या र तीनको जीवन स्तर एक महत्वपूर्ण आधार सूचक मानिन्छ । फुङ्लिङ नगरपालिकाले आगामि दिनमा अवलम्बन गर्ने नीतिगत निर्णय, कार्यक्रमिक योजना र विकास तथा सेवा प्रवाहको लक्ष तथा आन्तरिक आयको आकार निर्धारण गर्न जनसङ्ख्याको उपस्थितिको अवस्था एक महत्वपूर्ण पक्ष रहेको छ । नगरपालिकाले घरपरिवार सर्वेक्षण मार्फत तयार गरेको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ अनुसार यस नगरका कुल ५१४० घरपरिवारमा पुरुष १३३४५ (५१.४० %) र महिला १२६१२ (४८.५८ %) तथा तस्रो लिङ्गी १ (०.००३८%) समेत गरी कुल २५९५८ जना मानिसहरूको बसोबास रहेको देखिन्छ । यो सङ्ख्या राष्ट्रिय नजगणना २०६८ लाई आधार मानि राष्ट्रिय पुनसंरचना आयोगले तयार पारेको विवरणका आधारमा ४४८ जना (१.६९ %) ले कमि रहेको छ । वडागत विवरणका आधारमा हेर्दा सबै भन्दा वडा नं. ९ मा ४१९० (कुल जनसङ्ख्याको १६.१४ %) रहेको छ भने सबै भन्दा कम वडा नं. ७ मा १२१२ (कुल जनसङ्ख्याको ४.५७ %) रहेको छ । घरपरिवारको उपस्थिति लाई हेर्दा सबै भन्दा बढी र घटी पनि क्रमस वडा नं. ९ र ७ मा नै रहेको छ । औषत घरपरिवार सङ्ख्या ५.०५ रहेको यस नगरपालिकामा महिला र पुरुषको उपस्थिति वा लैङ्गिक अनुपात ०.९४५ रहेको पाईएको छ भने जनघनत्व २०६.७३ प्रति वर्ग कि.मि. रहेको अवस्था छ । लैङ्गिकताको आधारमा समेत उपरोक्त उल्लेखित तथ्याङ्कको विस्त्रित विवरण तालिका नं. १.४ र १.५ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.४: नगरपालिकाको घरपरिवार तथा जनसङ्ख्या सम्बन्धी विवरण

घरपरिवार र जनसङ्ख्या सम्बन्धी विवरण, २०७७						फुङ्लिङ नगरपालिकाको जनसङ्ख्या, २०६८ को आधारमा	
वडा नं	**घरपरिवार**	**पुरुष**	**महिला**	**तेस्रो लिङ्गी**	**जम्मा जनसङ्ख्या**	**घर परिवार**	**जनसङ्ख्या**
१	२८३	७६१	७४६		१५०७		
२	४८१	१२१४	१०९७		२३११		
३	६४१	१६४८	१६२६		३२७४		
४	४८८	१२१३	११८६		२३९९		

५	४१९	१००६	९९३		१९९९		
६	४००	९८२	९५४		१९३६		
७	२३५	६२७	५८५		१२१२		
८	५०५	१३८१	१२९१		२६७२		
९	८०२	२१९९	१९९१		४१९०		
१०	५७७	१४१८	१२८२	१	२७०१		
११	३०९	८९६	८६१		१७५७		
जम्मा	५१४०	१३३४५	१२६१२	१	२५९५८	५६४०	२६४०६
%		५१.४०	४८.५८	०.००३८	१००.०	२०६८ को आधारमा घटेको सङ्ख्या	
जनघनत्व (प्रति बर्ग कि.मि.)					२०६.७३	५००	४४८
लैङ्गिक अनुपात (महिला/पुरुष)					०.९४५		१.६९
औषत परिवार सङ्ख्या					५.०५		

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं. १.५: लैङ्गिक अनुपात तथा औषत घरपरिवार सङ्ख्या सम्बन्धी वडागत विवरण

वडागत लैङ्गिक अनुपात तथा औषत घरपरिवार सङ्ख्या सम्बन्धी विवरण							
वडा नं	**कुल जनसङ्ख्या**	**पुरुष**	**महिला**	**तेस्रो लिङ्गी**	**घरपरिवार सङ्ख्या**	**लैङ्गिक अनुपात**	**औषत घरपरिवार**
१	१५०७	७६१	७४६		२८३	०.९८	५.३३
२	२३११	१२१४	१०९७		४८१	०.९०	४.८०
३	३२७४	१६४८	१६२६		६४१	०.९९	५.११
४	२३९९	१२१३	११८६		४८८	०.९८	४.९२
५	१९९९	१००६	९९३		४१९	०.९९	४.७७
६	१९३६	९८२	९५४		४००	०.९७	४.८४
७	१२१२	६२७	५८५		२३५	०.९३	५.१६
८	२६७२	१३८१	१२९१		५०५	०.९३	५.२९
९	४१९०	२१९९	१९९१		८०२	०.९१	५.२२
१०	२७०१	१४१८	१२८२	१	५७७	०.९०	४.६८
११	१७५७	८९६	८६१		३०९	०.९६	५.६९
जम्मा	**२५९५८**	**१३३४५**	**१२६१२**	**१**	**५१४०**	०.९४५	५.०५

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.५ उमेर समुह तथा लैङ्गिकताका आधारमा जनसङ्ख्या बितरणः

कुनै पनि क्षेत्र, स्थान र परिवारको आर्थिक उपार्जनकालागि सकृय उमेर समुहको उपस्थिति महत्वपूर्ण पक्ष हो । फुङ्लिङ नगरपालिकाको समग्र जनसङ्ख्यालाई अध्ययन गर्दा १९ वर्ष देखि ५९ वर्ष सम्मको सकृय उमेर समुह भित्र पुरुष ७६१८ तथा महिला ७०४१ गरी कुल १४६५९ (कुल जनसङ्ख्याको ५६.४७ %) रहेको पाईएको छ भने अर्ध सकृया उमेर भन्नाले ६० देखि ७४ वर्ष सम्मका पुरुष ९७५ र महिला ९५७ गरी १९३२ (कुल जनसङ्ख्याको ७.४४%) रहेको छ । घरपरिवार सर्वेक्षण बाट प्राप्त नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा यस नगर भित्र सकृय उमेर समुहको उपस्थिति उल्लेख्य रहनु साथै अर्ध सकृय उमेर समुह संग उपलब्ध ज्ञान र सिपलाई यस संग ऐक्यवद्धता गर्न सकेमा विकास निर्माण र सेवा प्रवाहमा यस नगरपालिकाले छोटो समयमानै गणनायोग्य साथै दिगो विकास लक्ष बमोजिमको प्रतिफल प्राप्त गर्न सक्ने अवस्था रहेको कारण आन्तरिक आयमा राम्रो योगदान पुग्न सक्ने देखिन्छ । उल्लेखित तथ्याङ्कहरूको विस्त्रित विवरण तालिका नं. १.६ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.६: उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण

उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण				
उमेर	**पुरुष**	**महिला**	**तेस्रो लिङ्गी**	**जम्मा**
० देखि ४	९२५	८२७		१७५२
५ देखि ९	११९०	११५८		२३४८
१० देखि१४	११८१	१२१४		२३९५
१५ देखि १९	१३४५	१२७७	१	२६२३
२० देखि २४	१३०६	१२९३		२५९९
२५ देखि २९	१३५०	११६२		२५१२
३० देखि ३४	१११०	१००३		२११३
३५ देखि ३९	९४६	९१३		१८५९
४० देखि ४४	७८८	७०५		१४९३
४५ देखि ४९	६७६	६१९		१२९५
५० देखि ५४	६१९	५८७		१२०६
५५ देखि ५९	५५४	५०४		१०५८
६० देखि ६४	४४१	४०३		८४४
६५ देखि ६९	३२९	३१९		६४८
७० देखि ७४	२०५	२३५		४४०
७५ देखि माथि	३१९	३१८		६३७
नखुलेको	६१	७५		१३६
जम्मा	१३३४५	१२६१२	१	२५९५८

श्रोतः नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

चित्र नं. १.३: उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण



१.६ जातजातीका आधारमा घरपरिवार तथा जनसङ्ख्या बितरण:

आर्थिक समृद्धिको प्रमुख मार्ग जातीय एकता र सद्भाव सहितका कर्ममा निर्भर रहन्छ। यस नगरपालिका भित्र २८ भन्दा बढी जातजातीको बसोबास रहेको पाईएको छ। यस नगर भित्र बसोबास गर्ने जातजाती मध्ये सबै भन्दा बढी १६४४ घरपरिवारमा ८०४९ (कुल जनसङ्ख्याको ३१.०१ %) लिम्बु, ६१० घरपरिवारका ३४१४ (कुल जनसङ्ख्याको १३.१५ %) ब्राम्हण, ६३२ घरपरिवारका ३४०४ (कुल जनसङ्ख्याको १३.११ %) क्षेत्री तथा ५२० घरपरिवारका २७५४ (कुल जनसङ्ख्याको १०.६१ %) गुरुङ जातीहरूको बसोबास रहेको पाईएको छ। यसरी यस नगरपालिका क्षेत्र भित्र मुख्य गरी लिम्बु, क्षेत्री, ब्राम्हण तथा गुरुङ जातीको बाहुल्यता देखिएको छ भने ठकुरी, थारु, कुर्मी, टोप्केगोला, तेली, यक्खा, यादव, राजबंसी, बलुङ, हिमाली ब्राम्हण गरी १० जाती लोपोन्मुख अवस्थामा रहेको पाईएको छ। जातजातीका आधारमा नगरपालिका भित्र बसोबास गर्ने घरपरिवार र जनसङ्ख्याको विस्त्रित विवरण तालिका नं. १.७ मा उल्लेख गरिएको छ।

तालिका नं. १.७: जातजाती अनुसार घरपरिवार तथा जनसङ्ख्या सम्बन्धी विवरण

जातजाती अनुसार जनसङ्ख्या सम्बन्धी विवरण				
क्र.सं.	**जात/जाति**	**घरपरिवार**	**जनसङ्ख्या**	**%**
१	तामाङ्ग	२३६	११७१	४.५१
२	क्षेत्री	६३२	३४०४	१३.११
३	ब्राम्हण	६१०	३४१४	१३.१५
४	नेवार	९२	४९४	१.९०
५	दमाई/ढोली	८९	४६१	१.७८
६	कामी	२९२	१४५१	५.५९
७	सुनवार	११६	६२९	२.४२

८	घर्ती/भुजेल	२४	१२६	०.४९
९	सार्की	६६	३१२	१.२०
१०	ठकुरी	१	३	०.०१
११	मगर	७४	३६५	१.४१
१२	लिम्बु	१६४४	८०४९	३१.०१
१३	गुरुङ्ग	५२०	२७५४	१०.६१
१४	थारु	४	२०	०.०८
१५	शेर्पा	३०९	१५९५	६.१४
१६	राई	१६०	७८८	३.०४
१७	कुर्मि	१	१	०.००
१८	खवास	७	४१	०.१६
१९	टोप्केगोला	२	१५	०.०६
२०	तेली	१	६	०.०२
२१	भोटे	९	३४	०.१३
२२	मारवाडी	१०	५०	०.१९
२३	याक्खा	१	५	०.०२
२४	यादव	३	१६	०.०६
२५	राजबंसी	१	३	०.०१
२६	बलुङ्	१	३	०.०१
२७	सन्यासी/दस्नामी	८५	४०७	१.५७
२८	ब्राम्हण (हिमाली)	३	१२	०.०५
२९	अन्य (योगी/गिरी/सन्यासी/भारती/बन)	१४	१५५	०.६०
३०	दलित	९	४४	०.१७
३१	नखुलेको	१२४	१३०	०.५०
जम्मा		५१४०	२५९५८	१००.०

श्रोतः नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.७ धर्मका आधारमा घरपरिवार तथा जनसङ्ख्या बितरणः

बर्तमान विश्वमा धार्मिक पर्यटन आर्थिक समृद्धि निर्माणको एक महत्वपूर्ण अङ्गको रुपमा स्थापित हुँदै गएको छ । यसै नगरको सिरमा अवस्थित पाथीभरा मन्दिर लगायतका बिभिन्न मठ मन्दिर, गुम्वा समेतका कारणले यो नगरपालिका समेत धार्मिक आस्थाका केन्द्रहरूको प्रमुख गन्तब्यको रुपमा परापूर्वकालदेखिनै स्थापित भई प्रख्यातिको रुपमा स्थापित भएको छ । यीनै केन्द्रहरूको आधारमा धार्मिक आस्था रहनु स्वभाविक हुन आउछ । यस नगरपालिकाको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ बमोजिम २१०१ घरपरिवारमा ११२११ (कुल जनसङ्ख्याको ४३.१९ %) हिन्दु, १६६८ घरपरिवारमा ८२१६ (कुल जनसङ्ख्याको ३२.६५ %) किराती, १०९८ घरपरिवारमा ५७११ (कुल जनसङ्ख्याको २२.० %) बौद्ध, १२८ घरपरिवारमा ६१७ (कुल जनसङ्ख्याको २.३८%) कृष्चियन र ३ घरपरिवारमा १४ (कुल जनसङ्ख्याको ०.०५ %) मुस्लिम धर्मका अनुयायीहरूको बसोबास रहेको पाईएको छ । यस विवरणलाई अध्ययन गर्दा यस नगर क्षेत्र भित्र हिन्दु,

किरात र बौद्ध धर्म मान्ने धर्मावलम्बिहरू (कुल जनसङ्ख्याको ९६.८४ %) को बाहुल्यता रहेको पाईएको छ । धार्मिक आस्थाका आधारमा यस नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नगरबासिहरूको घरपरिवार र जनसङ्ख्याको विस्त्रित विवरण तालिका नं. १.८ मा उल्लेख गरिएको छ ।

चित्र नं. १.४: धार्मिक आस्थाका आधारमा जनसङ्ख्या विवरण



तालिका नं १.८: धार्मिक आस्थाका आधारमा घरपरिवार तथा जनसङ्ख्या विवरण

धर्म अनुसार घरपरिवार तथा जनसङ्ख्या विवरण					
क्र.सं.	धर्म	घरपरिवार	जनसङ्ख्या	प्रतिशत	
				घरपरिवार	जनसङ्ख्या
१	हिन्दु	२१०१	११२११	४०.८८	४३.१९
२	बौद्ध	१०९८	५७११	२१.३६	२२.००
३	किस्चियन	१२८	६१७	२.४९	२.३८
४	कीराती	१६६८	८२१६	३२.४५	३१.६५
५	मुस्लीम	३	१४	०.०६	०.०५
६	अन्य	९	५०	०.१८	०.१९
७	नखुलेको	१३३	१३९	२.५९	०.५४
जम्मा		**५१४०**	**२५९५८**	**१००**	**१००**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.८ परिवारको स्वामित्वमा रहेको जग्गा जमिन घरको स्वामित्व तथा घरको बनोट र प्रकृति साथै सेवा सुविधा उपभोगका आधारमा घरपरिवार बिबरण

१.८.१ जग्गाको स्वामित्व (लालपुर्जा) र जम्मा जग्गा को आधारमा घरपरिवार

स्थानीय सरकार सञ्चालन ऐन तथा बर्तमान संबिधानले प्रक्षेपण गरेका एकल तथा साझा अधिकारका सूचीका आधारमा स्थानीय तहले सर्वसाधारण नागरिक बाट सम्पति कर तथा भूमिकर लिन सक्ने व्यवस्था गरेको छ । यस बिषयलाई केन्द्रबिन्दुमा राखेर अध्ययन गर्दा यस नगरपालिकाको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा कुल ५१४० घरपरिवार मध्ये ४०९० (कुल घरपरिवारको ७९.५७ %) घरपरिवारको आफ्नै परिवारका सदस्यको नाममा स्वामित्व (लालपुर्जा) रहेको पाईएको छ भने १०५० (कुल घरपरिवारको २०.४३ %) परिवारको नाममा स्वामित्व (लालपुर्जा) नरहेको अवस्था देखिएको छ । वडागत रुपमा हेर्ने हो भने जग्गा जमिनको स्वामित्व नभएका घरपरिवार सबै भन्दा बढी वडा नं. ९ मा रहेको र सबै भन्दा कम वडा नं. ७ मा रहेको पाईएको छ । यस नगर भित्र बसोबास गर्ने घरपरिवार मध्ये ५ रोपनी भन्दा कम जग्गा जमिन हुने घरपरिवार सङ्ख्या ३०.०६ % रहेको पाईएको छ भने ५ देखि १० रोपनी सम्म हुने १६.८३ %, ११ देखि २० रोपनी हुने १३.७७ % तथा २० रोपनी भन्दा माथि हुनेको सङ्ख्या १६.१३ % रहेको देखिन्छ भने २३.२१ % को केहि पनि खुलेको छैन । जग्गा जमिनको मात्रा नखुलेका ११९३ घरपरिवार मध्ये १०५० घरपरिवारको जग्गाको लालपुर्जा नभएको पाईएको छ भने ४३ घरपरिवारको कुनै पनि विवरण प्राप्त हुन सकेको छैन । जग्गा जमिनमा परिवारको स्वामित्व रहे नरहेको तथा जग्गा जमिनको मात्रा सम्बन्धी विवरण तालिका नं. १.९, १.१० र १.११ मा उल्लेख गरिएको छ ।

चित्र नं. १.५: जग्गाको स्वामित्व (लालपुर्जा) भए र नभएको आधारमा घरपरिवार



तालिका नं. १.९: जग्गा जमिनको पारिवारिक स्वामित्व (लालपुर्जा) सम्बन्धी घरपरिवार विवरण

क.सं.	जग्गाको लालपुर्जा	जम्मा सङ्ख्या	%
१	भएको	४०९०	७९.५७
२	नभएको	१०५०	२०.४३
जम्मा सङ्ख्या		५१४०	१००.०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं. १.१०: जग्गा जमिनको पारिवारिक स्वामित्व (लालपुर्जा) सम्बन्धी वडागत घरपरिवार विवरण

क.सं.	जग्गाको लालपुर्जा	वडा											जम्मा सङ्ख्या
		१	२	३	४	५	६	७	८	९	१०	११	
१	भएको	२०८	३८६	५२१	४१६	२६३	३६६	२२६	३७३	५९५	४४३	२९३	४०९०
२	नभएको	७५	९५	१२०	७२	१५६	३४	९	१३२	२०७	१३४	१६	१०५०
जम्मा सङ्ख्या		२८३	४८१	६४१	४८८	४१९	४००	२३५	५०५	८०२	५७७	३०९	५१४०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं १.११: घरपरिवारका नाममा रहेको जग्गा जमिनको क्षेत्रफलका आधारमा घरपरिवार विवरण

वडा नं	५ रोपनी भन्दा कम	५ देखि १० रोपनी	११ देखि २० रोपनी	२० रोपनी भन्दा बढी	नखुलेको	जम्मा परिवार सङ्ख्या
१	६२	५२	४६	४०	८३	२८३
२	१४६	९३	८१	५०	१११	४८१
३	२१२	१३४	८०	७३	१४२	६४१
४	२६३	५२	४०	५८	७५	४८८
५	१९९	१७	२५	२०	१५८	४१९
६	२३१	४९	२८	२७	६५	४००
७	११९	५१	३१	३३	१	२३५
८	५३	१०६	९७	११३	१३६	५०५
९	१२९	१४३	१२८	१४६	२५६	८०२
१०	८१	९९	९१	१६५	१४१	५७७
११	५०	६९	६१	१०४	२५	३०९
जम्मा	**१५४५**	**८६५**	**७०८**	**८२९**	**११९३**	**५१४०**
%	**३०.०६**	**१६.८३**	**१३.७७**	**१६.१३**	**२३.२१**	**१००.०**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.८.२ आफु बसेको घरको स्वमित्को साथै परिवार सँग रहेको घर सङ्ख्याका आधारमा घरपरिवार:

फुङ्लिङ नगरपालिका भित्र बसोबास गर्नेहरूको आफु बसोबास गरिरहेको घरको स्वामित्वको अध्ययन गर्दा घरपरिवार सर्वेक्षण बाट प्राप्त विवरणका आधारमा कुल ५१४० घर परिवार मध्ये ४२७४ (८३.१५ %) परिवारको आफ्नै निजी घर रहेको अवस्था रहेको छ भने ५७६ (११.२१ %) अरुको घरमा भाडामा बसिरहेको पाईएको छ । यस नगर भित्र बसोबास गर्ने घरपरिवार मध्ये ५९ घरपरिवार सुकुम्बासी रहेको पाईएको छ भने १४४ घरपरिवार अरुको घरमा मिलेर बसेको अवस्था देखिन्छ । यती मात्र हैन अरुको जग्गा कुतमा, बन्दगी तथा अधियामा कमाएर उनिहरूकै घरमा बस्ने हरूको सङ्ख्या समेत कमस १, २१ र २३ रहेको छ । उपरोक्त विवरणका आधारमा यस नगर भित्र बसोबास गर्ने घरपरिवारहरू मध्ये ८६६ परिवारको आफ्नो घर नभएको पाईएको छ । आफु बसिरहेको घरको स्वामित्व तथा घर सङ्ख्या सम्बन्धी विवरण तालिका नं. १.१२ र १.१३ मा उल्लेख गरिएको छ ।

चित्र नं. १.६: घरको स्वामित्वको आधारमा घरपरिवार सङ्ख्या



तालिका नं. १.१२: घरको स्वामित्वको आधारमा घरपरिवार सङ्ख्या

वडा	घर तथा भवनको स्वामित्व								जम्मा घरपरिवार सङ्ख्या
	निजी (आफ्नै घर)	बहालमा	सुकुम्बासी	अरुसंग मिलेर बसेको	अन्य	कुतमा बसेको	बन्दगी	अधिया	
१	२०९	४२	२९	१	२	०	०	०	२८३
२	४२३	४७	४	७	०	०	०	०	४८१
३	५२९	५८	८	६	१५	१	१३	११	६४१
४	३७८	९२	०	१८	०	०	०	०	४८८
५	२५१	१४०	०	२६	२	०	०	०	४१९

६	३६९	२	०	९	१	०	८	११	४००
७	२३०	०	०	०	५	०	०	०	२३५
८	४०४	७४	१	२४	१	०	०	१	५०५
९	६८८	९४	४	९	७	०	०	०	८०२
१०	५०३	२७	६	३२	९	०	०	०	५७७
११	२९०	०	७	१२	०	०	०	०	३०९
जम्मा	**४२७४**	**५७६**	**५९**	**१४४**	**४२**	**१**	**२१**	**२३**	**५१४०**
%	८३.१५	११.२१	१.१५	२.८०	०.८२	०.०२	०.४१	०.४५	१००.०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं. १.१३: पारिवार सँग रहेको घर सङ्ख्याका आधारमा घरपरिवार विवरण

वडा नं	घर भएको सङ्ख्या	घर नभएको सङ्ख्या	जम्मा घर परिवार सङ्ख्या
१	२०९	७४	२८३
२	४२३	५८	४८१
३	५३३	१०८	६४१
४	३७६	११२	४८८
५	२५१	१६८	४१९
६	३६९	३१	४००
७	२२८	७	२३५
८	४०४	१०१	५०५
९	६९७	१०५	८०२
१०	५०३	७४	५७७
११	२९१	१८	३०९
जम्मा	**४२८४**	**८५६**	**५१४०**
%	**८३.३**	**१६.७**	**१००.०**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.८.३ नगरपालिका क्षेत्र भित्र निर्माण भएका घरको बनोटको आधारमा घरपरिवार:

कुनै पनि घरको मूल्याङ्कन उक्त घर निर्माणमा उपयोग भएका निर्माण सामाग्रि र निर्माण प्रकृतिका आधारमा हुने गर्दछ । सुरक्षित आवासको प्रत्याभुति यसको बनोटमा निर्भर रहने गर्दछ । तसर्थ फुङ्लिङ नगरपालिका भित्र बसोबास गर्ने नगरबासीहरूले निर्माण गरेका घरको बनोट र त्यसको अवस्थस्थाका बारेमा नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा अध्ययन गर्दा कुल ५१४० घरपरिवार मध्ये ४५० (कुल घरपरिवारको ८.७५ %) घरपरिवारको घर कच्ची र झूप्रो (खरको, परालको वा बांसको टाटी र खर वा टिनाको छाना) ले बनेको, ४३१ (कुल घरपरिवारको ८.३९ %) घरपरिवारको ढुंगा र माटोको जोडाई र खरको छाना भएको, ३४६१ (कुल घरपरिवारको ६७.३३ %) ढुंगा र माटोको जोडाई र टिनाको वा ढुंगाको छाना भएको, २९९ (कुल घरपरिवारको ५.८२ %) ईटा वा ढुंगा र माटोको जोडाई सिमेण्टको प्लष्टर गरिएको र टिनाको छाना भएको, ३२४ (कुल घरपरिवारको ६.३० %) ईटा वा ढुंगा र सिमेण्टको जोडाई आर.सि.सि.ढलानको छाना

भएको पाईएको छ भने ४४ (कुल घरपरिवारको ०.८६ %) फ्रेम स्ट्सक्चर, ईटा वा ढुंगा र सिमेण्टको जोडाई आर.सि.सि.ढलानको छाना भएको देखिन्छ । समग्र घरको बनोटको अवस्था अध्ययन गर्दा यस नगर भित्र भुकम्प प्रतिरोधी क्षमता भएका मानिएका फ्रेम स्ट्रक्चरका घरहरू निर्माण गर्ने कार्यले पछिल्लो समयमा आएर गति लिन थालेको पाईन्छ भने वडागत अवस्था हेर्दा कुल ७२ वटा फ्रेम स्ट्रक्चरका घरहरू मध्ये वडा नं. ५ मा मात्र ६२ वटा (कुल फ्रेम स्ट्रक्चरका घर मध्ये ९०.२७%) रहेका छन भने १, ६, ७, ८ र ११ मा गरी जम्मा ५ वटा वडामा फ्रेम स्ट्रक्चरका कुनै पनि घर नबनेको तथा नरहेको अवस्था देखिएको छ । घरको प्रकार र बनोटको अवस्थाको विस्त्रित विवरण तालिका नं. १.१४ देखि १.१५ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.१४: घरको प्रकार तथा किसिमका आधारमा घरपरिवार विवरण

क.सं.	घरको प्रकार तथा किसिम	जम्मा घर	%
१	कच्ची र झूप्रो (खरको, परालको वा बांसको टाटी र खर वा टिनाको छाना)	४५०	८।७५
२	ढुंगा र माटोको जोडाई र खरको छाना	४३१	८।३९
३	ढुंगा र माटोको जोडाई र टिनाको वा ढुंगाको छाना	३४६१	६७।३३
४	ईटा वा ढुंगा र माटोको जोडाई सिमेण्टको प्लष्टर गरिएको र टिनाको छाना	२९९	५।८२
५	ईटा वा ढुंगा र सिमेण्टको जोडाई आर.सि.सि.ढलानको छाना	३२४	६।३०
६	फ्रेम स्ट्सक्चर, ईटा वा ढुंगा र सिमेण्टको जोडाई आर.सि.सि.ढलानको छाना	४४	०।८६
७	अन्य	१३१	२।५५
जम्मा सङ्ख्या		५१४०	१००.०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

चित्र नं. १.७: घरको बनोटको आधारमा घरपरिवार विवरण



तालिका नं. १.१५: आफु बसेको घरको बनोटको आधारमा वडागत घरपरिवार विवरण

क.सं.	घरको प्रकार तथा किसिम	वडा १	२	३	४	५	६	७	८	९	१०	११	जम्मा घर
१	कच्ची र झूप्रो (खरको, परालको वा बांसको टाटी र खर वा टिनाको छाना)	४२	२३	९४	२५	१३	९	६	१०६	७३	४८	११	४५०
२	ढुंगा र माटोको जोडाई र खरको छाना	३१	६८	९४	१	३	७	१२	१००	१०२	८	५	४३१
३	ढुंगा र माटोको जोडाई र टिनाको वा ढुंगाको छाना	१७७	३४१	३७८	२२४	१९२	३१५	१८५	२७०	६१५	४९३	२७१	३४६१
४	ईटा वा ढुंगा र माटोको जोडाई सिमेण्टको प्लष्टर गरिएको र टिनाको छाना	३	१७	६७	९४	३६	३९	३	२८	५	७	०	२९९
५	ईटा वा ढुंगा र सिमेण्टको जोडाई आर.सि.सि.ढलानको छाना	०	२२	६	१३७	९५	३०	२५	०	३	६	०	३२४
६	फ्रेम स्ट्सक्चर, ईटा वा ढुंगा र सिमेण्टको जोडाई आर.सि.सि.ढलानको छाना	०	२	१	५	३२	०	१	०	३	०		४४
७	अन्य	३०	८	१	२	४८	०	३	१	१	१५	२२	१३१
जम्मा सङ्ख्या		२८३	४८१	६४१	४८८	४१९	४००	२३५	५०५	८०२	५७७	३०९	५१४०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.९ आफ्नो जग्गा जमिन तथा तथा घर भाडामा दिए नदिएको आधारमा घरपरिवार:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम कुनै पनि व्यक्ति वा संघ संस्थाले आफ्नो जग्गा तथा घर अन्य कुनै व्यक्ति वा संघ संस्था वा कार्यालयलाई बहालमा लगाएको अवस्था स्थानीय तहले निर्धारण गरे बमोजिमको प्रतिसतले जग्गा तथा घर बहाल कर तिर्नु पर्ने व्यवस्था गरेको छ । आफ्नो स्वामित्वमा रहेको जग्ग जमिन तथा घर आफ्नो प्रयोगकालागि आवश्यक नरहेको अवस्थामा भाडामा लगाउने वा दिने प्रचलन परम्परा देखिनै चल्दै आएको छ । अझ भन्ने हो भने यस प्रकारको प्रचलन शहर बजारमा अत्याधिक हुन्छ । बिशेष गरी शहर बजारको जग्गा जमिन महँगो हुने र सवैको जग्गा किन्ने र घर बनाउने क्षमताको कमि हुने वा केहिलाई अस्थाई रुपमा केहि कार्य गर्नकालागि आवश्यक रहने भए बाट उद्योग, व्यापार तथा व्यवसाय सञ्चालनकालागि होस वा सरकारी साथै विभिन्न संघ संस्थाको कार्यालय सञ्चालन तथा अध्ययन अध्यापनकालागि टाढा बाट आउनेहरूकालागि यो प्रचलन र प्रथाले ठूलो राहत

पुऱ्याएको छ । नगरबासी जनसमुदायले आफ्नो स्वामित्वमा रहेको जग्गा जमिन तथा घर बहालमा लगाएको छ या छैन भन्ने बिषयमा यसै नगरको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा अध्ययन गर्दा कुल ५१४० मध्ये ७७ (कुल घरपरिवारको १.५०%) घरपरिवारले आफ्नो स्वामित्वमा रहेको जग्गा जमिन भाडामा दिएको अवस्था रहेको पाईएको छ भने ६५७ (कुल घरपरिवारको १२.७८ %) घरपरिवारले आफ्नो स्वामित्वमा रहेको घर तथा गोदामा भाडामा लगाएको वा दिएको देखिन्छ । यस विवरणले के संकेत गरेको छ भने जग्गा भाडामा लिने भन्दा घर तथा गोदाम भाडामा लिने तथा दिनेको सङ्ख्या बढी रहेको पाईएको छ । घर तथा जग्ग भाडामा दिने घरपरिवारको विस्त्रित विवरण तालिका नं. १.१६ देखि १.१९ सम्ममा उल्लेख गरिएको छ ।

तालिका नं. १.१६: आफ्नो स्वामित्वमा रहेको जग्गा जमिन भाडामा दिए नदिएको आधारमा घरपरिवार विवरण

क.सं.	भाडामा दिएको	घर सङ्ख्या	प्रतिसत
१	भाडामा दिएको छ	७७	१.५०
२	भाडामा दिएको छैन	५०६३	९८.५०
जम्मा		५१४०	१००.०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

चित्र नं. १.८: जग्गा जमिन भाडामा दिए नदिएको आधारमा घरपरिवार



तालिका नं. १.१७: आफ्नो स्वामित्वमा रहेको जग्गा जमिन भाडामा दिए नदिएको आधारमा वडागत घरपरिवार विवरण

क.सं.	**वाड नं.**	१	२	३	४	५	६	७	८	९	१०	११	**जम्मा**
१	भाडामा दिएको छ	१०	६	१	१६	६	०	८	१८	७	५	०	**७७**
२	भाडामा दिएको छैन	२७३	४७५	६४०	४७२	४१३	४००	२२७	४८७	७९५	५७२	३०९	**५०६३**
जम्मा		**२८३**	**४८१**	**६४१**	**४८८**	**४१९**	**४००**	**२३५**	**५०५**	**८०२**	**५७७**	**३०९**	**५१४०**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तलिका नं. १.१८: आफ्नो स्वामित्वको घर भाडामा दिए नदिएको आधारमा घरपरिवार विवरण

क.सं.	भाडामा दिएको	घर सङ्ख्या	प्रतिसत
१	भाडामा दिएको छ	६५७	१२।७८
२	भाडामा दिएको छैन	४४८३	८७।२२
जम्मा		५१४०	१००।०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

चित्र नं.१.९: घर भाडामा दिए नदिएको आधारमा घरपरिवार



तलिका नं.१.१९ आफ्नो स्वामित्वको घर भाडामा दिए नदिएको आधारमा वडागत घरपरिवार विवरण

घर भाडामा दिए नदिएको आधारमा घर परिवार सङ्ख्या													
क.सं.	**वाड नं.**	**१**	**२**	**३**	**४**	**५**	**६**	**७**	**८**	**९**	**१०**	**११**	**जम्मा**
१	भाडामा दिएको छ	४	३२	१५	१७७	१०८	२५३	३१	७	१६	१०	४	**६५७**
२	भाडामा दिएको छैन	२७९	४४९	६२६	३११	३११	१४७	२०४	४९८	७८६	५६७	३०५	**४४८३**
जम्मा		**२८३**	**४८१**	**६४१**	**४८८**	**४१९**	**४००**	**२३५**	**५०५**	**८०२**	**५७७**	**३०९**	**५१४०**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.१० साधन र सुविधाको प्रयोगको आधारमा घरपरिवार बिबरण

आधुनिक युगमा यातायात र संचारको द्रुत गतिमा विकास हुँदै गएको कारण मानिसहरूले दिनहुँजसो नयाँनयाँ प्रकारका साधनको प्रयोग गर्ने कम बढ्दा् कममा छ । मानिसहरूले ज्यादा उपयोग गर्ने साधन र सुविधामा संचार, यातायात र मनोरन्जनका साधन प्रमुख रहेको पाईन थालेको छ । सेवा सुबिधाको उपभोग मानिसको आर्थिक अवस्थाको एक मापक पनि हो । यस नगरपालिका भित्र बसोबास गर्ने घरपरिवारले आफ्नै स्वामित्वमा आफ्नो सुविधाकालागि वा आर्थि उपार्जनकालागि प्रयोग गरिरहेका यातायात तथा ढुवानी र निर्माण व्यवसाय साथै कृषि व्यवसाय सँग सम्बन्धित साधनको प्रयोगको अवस्था अध्ययन गर्दा यसै नगरको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा ४६२ घरपरिवार सँग मोटरसाईकल र ३५ घरपरिवार सँग ट्याक्सी, ६ घरपरिवार सँग कार रहेको पाईएको छ भने कृषि बाली तथा ढुवानीमा प्रयोग गर्ने गरी ४६ घरपरिवार सँग ट्र्याक्टर साथै ढुवानीकालागि मात्र प्रयोग गर्ने गरी २ घरपरिवार सँग ट्रक रहेको अवस्था देखिएको छ । समग्रमा हेर्दा यस नगरपालिका भित्रका कुल ५१४० घर परिवार मध्ये ५७० (११.०८ %)

घरपरिवार कुनै न कुनै प्रकारका सवारी वा कृषि र ढुवानीमा प्रयोग हुने साधनको प्रयोग वा उपयोग गरिरहेको अवस्था पाईएको छ ।

यसका अतिरिक्त यस नगर भित्र बसोबास गर्ने घरपरिवारले प्रयोग गरिरहेका अन्य सेवा सुविधाको हकमा ६१.९२ % ले रेडियोको सुविधा उपभोग गरिरहेको देखिन्छ भने ५३.६२ % को घरमा टि.भि., १०.२१ % को घरमा कम्प्यूटर तथा १०.७२ % ले नेट इन्टरनेट र ७३.५५ % ले मोवाई टेलिफोनको उपभोग गरिरहेको पाईएको छ । उल्लेखित विवरणका आधारमा यस नगर भित्र बसोबास गर्ने घरपरिवारमा प्रत्येक दिन नयाँ नयाँ सेवा सुविधा उपभोग गर्ने क्रम क्रमस बृद्धि हुँदै गईरहेको पाईएको छ । उल्लेखित सेव सुविधा उपभोग समेतका विस्त्रित विवरण तालिका नं. १.२० र १.२१ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.२०: यातायात तथा ढुवानीका साधन भए नभएको आधारमा घरपरिवार विवरण

यातायात तथा ढुवानी का साधन भए नभएको आधारमा घरपरिवार विवरण											
वार्ड नं.	**साईकल**	**मोटरसाईकल**	**ट्याक्सी**	**बस**	**ट्र्याक्टर**	**अन्य**	**कार**	**माइको बस**	**ट्रक**	**ट्रिपर**	**जम्मा**
१	०	२०	१	०	४	०	०	०	०	०	**२५**
२	०	३०	१	०	५	०	०	०	०	०	**३६**
३	०	७८	३	०	५	०	१	०	०	०	**८७**
४	०	९०	६	०	११	१२	४	०	१	०	**१२४**
५	०	७२	१२	०	११	०	१	०	०	०	**९६**
६	०	४	१	०	०	०	०	०	०	०	**५**
७	०	४४	२	०	३	३	०	०	०	०	**५२**
८	०	५५	०	०	१	२	०	१	१	०	**६०**
९	१	४०	१	०	०	०	०	०	०	०	**४२**
१०	०	२३	७	०	२	०	०	०	०	०	**३२**
११	०	६	१	०	४	०	०	०	०	०	**११**
जम्मा	**१**	**४६२**	**३५**	**०**	**४६**	**१७**	**६**	**१**	**२**	**०**	**५७०**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं. १.२१: घर परिवारले प्रयोग गरिरहेको सञ्चार सेवा सुविधाको प्रकार

घर परिवारले प्रयोग गरिरहेको सेवा सुविधाको प्रकार					
वडा नं	**रेडियो**	**टि.भि**	**कम्पयुटर**	**ईन्टरनेट**	**मोवाईल-टेलिफोन**
१	११८	१११	१४	४	२६१
२	३९३	३२९	२३	९	४७७
३	३५३	२८०	६५	१८	४९०
४	२७७	३७०	१४८	१८०	४६६
५	१८२	३०५	१२८	१३४	४१२
६	४१	१२३	११	२१	१७७
७	२३८	१८२	४८	८९	२३८
८	३५३	२४१	२६	४	३६७

९	६६६	३९६	५०	३	३७३
१०	३९१	२५४	८	८९	५२१
११	१७२	१६६	४	०	०
जम्मा	**३१८४**	**२७५७**	**५२५**	**५५१**	**३७८२**
%	**६१.९२**	**५३.६२**	**१०.२१**	**१०.७२**	**७३.५५**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.११ खाना पकाउने इन्धनको स्रोतको प्रयोगको आधारमा घरपरिवार

स्थानीय नगरबासीको जीवनस्तरको मापनको अर्को एक पक्ष भनेको उनीहरू खाना पकाउन प्रयोग गरिरहेको इन्धनको प्रकृति र त्यसमा आधारित चुल्होको प्रयोग हो । खाना पकाउने इन्धनको प्रभाव मानव स्वास्थ्य (बिशेष गरी भान्सामा खाना पकाउन सम्लग्न रहने) मा समेत पर्ने गर्दछ । परम्परागत रुपमा प्रयोगमा रहेका चुलो तथा खाना पकाउन प्रयोग हुने दाउरा बाट निस्कने धुँवा बाट मानव फोक्सोमा गम्भिर असर पर्नगई कालान्तरमा दमको रोग लगायतका अन्य बिबिध रोग ब्याधिको असर समेत देखा पर्न भए बाट सम्बन्धित परिवार तथा सरकारले सम्बन्धित व्यक्तिको स्वास्थ्य रक्षाकालागि ठूलो धनरासीको प्रयोग गर्नु पर्ने हुन्छ । यस नगरपालिका भित्रका कुल घरपरिवार मध्ये खाना पकाउने इन्धनको रुपमा परम्परागत रुपमा दाउराको प्रयोग गर्ने घरपरिवार को सङ्ख्या सबै भन्दा बढी ४५२१ (८८.० %) रहेका पाईएको छ भने त्यसपछी एलपि ग्याँसको प्रयोग गर्ने २४८१ (४८.३ %) देखिन्छ । यस विवरणका आधारमा उल्लेखित घरपरिवार मध्ये खाना पकाउनकालागि दुई वा दुई भन्दा बढी प्रकारको ईन्धन (बिशेषत दाउरा र एल.पि.ग्याँस, एल.पि.ग्याँस र विद्युत, दाउरा र गोवर ग्याँस एस्तै एस्तै) को प्रयोग गर्ने घरपरिवार को सङ्ख्या २५७४ (५०.०६ %) रहेको देखिन्छ । खाना पकाउन प्रयोग भई रहेका चल्होको प्रकारका अध्ययन गर्दा ४८.६६ % ले ग्याँस चुल्हो, ३३.५८ % ले धुँवा रहित चल्हो, ५८.४८ % ले अगेनो वा माटोको चुल्हो, ०.८० % ले स्टोभ र ०.१२ % ले भुसे चुल्होको प्रयोग गरिरहेको पाईन्छ । यस विवरणका आधारमा एक वा एक भन्दा बढी प्रकारको चुल्हो प्रयोग गर्नेको सङ्ख्या समेत पर्याप्त रहेको देखिन्छ । जे होस हामिले परम्परागत रुपमा प्रयोग गर्दै आईरहेको दाउराको प्रयोग क्रमस घट्दो अवस्थामा रहेको अनुमान गर्न सकिन्छ भने एल.पि.ग्याँस, गोवर ग्याँस वा विद्युत को प्रयोग गर्ने घरपरिवारको सङ्ख्या क्रमस बृद्धि हुँदै गईरहेको पाईनु भने सुखद पक्ष रहेको अवस्था देख्न सकिन्छ । इन्धनको प्रयोगको अवस्था बारेमा नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ मा उल्लेखित विस्त्रित विवरण तालिका नं. १.२२ र १.२३ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.२२: खाना पकाउने ईन्धनको श्रोतको प्रयोगको प्रकारका आधारमा घरपरिवार विवरण

क्र.सं.	इन्धनको श्रोत	घरपरिवार सङ्ख्या	%
१	एल.पि.ग्याँस	२४८१	४८.३
२	दाउरा	४५२१	८८.०
३	मट्टीतेल	७	०.१४
४	बिद्युत्	१६३	३.१७
५	गोवरग्याँस	३८	०.७४
६	गुईठा	०	०.०
७	अन्य	१	०.०२
जम्मा		७२११	१४०

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

चित्र नं. १.१०: खाना पकाउने इन्धनको प्रयोगको आधारमा घरपरिवार



तालिका नं. १.२३ : खाना पकाउने ईन्धनको श्रोतको प्रयोगको प्रकारका आधारमा घरपरिवार विवरण

वाड	इन्धनको श्रोतको प्रयोगको आधारमा घरपरिवारको विवरण							जम्मा	दुइ वा सो भन्दा बढी इन्धन प्रयोग गर्ने
	एल.पि.ग्याँस	दाउरा	मट्टीतेल	बिद्युत्	गोबरग्याँस	गुईठा	अन्य		
१	६४	२७९	०	०	६	०	०	३४९	६६
२	१७७	४०९	०	१	४	०	०	५९१	११०
३	२८०	५८२	०	६	१४	०	०	८८२	२४१
४	४४४	२७४	०	२	१	०	०	७२१	२३३
५	४००	२६२	०	१	०	०	०	६६३	२४४
६	३०७	३७०	२	३	२	०	०	६८४	२८४
७	२००	२३४	०	०	०	०	०	४३४	१९९
८	२६७	४९७	०	७	६	०	०	७७७	२७२
९	२६५	७३८	०	१४३	५	०	०	११५१	३४९
१०	७६	५७०	४	०	०	०	१	६५१	५७७
११	१	३०६	१	०	०	०	०	३०८	(१
जम्मा	**२४८१**	**४५२१**	**७**	**१६३**	**३८**	**०**	**१**	७२११	२५७४
%	४८.२७	८७.९६	०.१४	३.१७	०.७४	०.००	०.०२	१४०.२९	५०.०६

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.१२ विद्युत सेवामा पहुँचको आधारमा घरपरिवार

वर्तमान आधुनिक दुनियामा उर्जाको प्रमुख श्रोतको रुपमा रहेको विद्युत मानव जीवनको एक प्रमुख र अभिन्न अङ्गको रुपमा स्थापित भएको छ । उज्यालो व्यवस्थापनकालागि होस वा उद्योग कलकारखाना सञ्चालनका लागि होस, सवारी साधन सञ्चालन व्यवस्थापनका लागि होस वा सञ्चार वा सन्देश प्रवाहकालागि होस प्रत्येक पल पलमा मानव जीवनकालागि विद्युत अपरिहार्य सुविधाको रुपमा देखा परेको छ । फुङ्लिङ नगरपालिकाको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा यस नगरका कुल ५१४० घरपरिवार मध्ये ४६२१ (८९.९० %) घरपरिवारले विद्युत सेवा उपभोग गरिरहेको अवस्था देखिएको छ भने अहिले पनि यस नगरपालिकाका ३८९ (कुल घरपरिवार सङ्ख्याको ७.५७ %) विद्युत सेवको पहुँच पुग्न नसकेको तथा १३० घरपरिवारको बिबरण खुल्न नसकेको अवस्था छ । वडागत विवरण अध्ययन गर्दा विद्युत सेवा नपुगेका सबै भन्दा बढी घरपरिवार सङ्ख्या वडा नं. ३ मा १०६ रहेको छ भने सबै भन्दा कम वडा नं. ११ मा २ मात्र रहेको पाईएको छ । विद्युत सेवाको पहुँच पुगे नपुगेको विस्त्रित विवरण तालिका नं. १.२४ मा उल्लेख गरिएको छ ।

चित्र नं. १.११: विद्युत सेवा उपलब्धताको आधारमा घरपरिवार



तालिका नं. १.२४: विद्युत सेवा उपलब्धताको आधारमा वडागत घरपरिवार विवरण

वडा नं	बिजुली बत्ती जडान गरेका	बिजुली बत्ती जडान नगरेका	नखुलेको	जम्मा घरपरिवार सङ्ख्या	जडान गर्नेको प्रतिसत
१	२४९	३१	३	२८३	८८
२	३८७	१८	७६	४८१	८०।५
३	५३३	१०६	२	६४१	८३।२
४	४८०	७	१	४८८	९८।४
५	४०२	१६	१	४१९	९५।९
६	३७७	२२	१	४००	९४।३

७	२१८	१०	७	२३५	९२।८
८	४३८	६७	०	५०५	८६।७
९	७१८	८४	०	८०२	८९।५
१०	५४८	२६	३	५७७	९५
११	२७१	२	३६	३०९	८७।७
जम्मा	**४६२१**	**३८९**	**१३०**	**५१४०**	**८९।९**
%	८९.९०	७.५७	२.५३	१००.०	९०.२

श्रोत: नगर प्रोफाइल/बस्तुगत विबरण, २०७७

१.१३ मूख्य पेशा अवलम्बन गरेका आधारमा घरपरिवार तथा उद्योग तथा व्यापार सम्बन्धी विवरण

पेशा व्यवसाय आर्थिक समृद्धि निर्माणको एक प्रमुख मार्ग हो । यस नगरपालिका भित्र बसोबास गर्ने कुल जनसङ्ख्या मध्ये बालबालिका र विद्यार्थीलाई छाडेर सवै भन्दा बढी ८३२४ (कुल जनसङ्ख्याको ३२.०७ %) कृषि तथा पशुपालनमा सम्लग्न रहेको पाईएको छ भने नोकरीमा ११३१ (कुल जनसङ्ख्याको ४.३६ %) सम्लग्न रहेको अवस्था छ । यस नगरका १०८६ जना (कुल जनसङ्ख्याको ४.१८ %) वैदेशिक रोजगारीमा गएको पाईएको छ भने १०८० (कुल जनसङ्ख्याको ४.१६ %) व्यापार व्यवसाय (सिलाई बुनाई समेत) मा रहेका छन् । समग्रमा ज्यामी, सिकर्मी, डकर्मी, आरन चलाउने तथा ज्याला मजदुरी गर्नेको सङ्ख्या ८२८ (कुल जनसङ्ख्याको ३.१९ %) रहेको छ भने बिशुद्ध गृहिणीहरूको सङ्ख्या १९९५ (कुल जनसङ्ख्याको ७.६९ %) रहेको पाईएको छ । जे होस यस नगरका सकृय उमेर समुहका नगरबासीहरू कुनै न कुनै रुपमा काममा सम्लग्न रहेको पाउनु आफैमा सकारात्मक पक्ष रहेको छ । विभिन्न पेशा व्यवसायमा सम्लग्न नगरबासीहरूको जनसांखिक विवरण तालिका नं. १.२५ र १.२६ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.२५: पेश व्यवसायमा सम्लग्नताका आधारमा जनसङ्ख्या बितरण

क..सं.	पेसा व्यवसाय	जनसङ्ख्या	%
१	आरन चलाउने	२९	०.११
२	आश्रित	१२७९	४.९३
३	कृषि तथा पशुपालन दुवै	८३२४	३२.०७
४	गृहिणी	१९९५	७.६९
५	ज्याला मजदुरी	५४९	२.११
६	डकर्मी	९१	०.३५
७	नोकरी	११३१	४.३६
८	बैदेशिक रोजगार	१०८६	४.१८
९	बिद्यार्थी	८०५८	३१.०४
१०	ब्यापार	९६८	३.७३
११	सिलाई बुनाई	११२	०.४३
१२	ज्यामी	९९	०.३८
१३	सिकर्मी	६०	०.२३
१४	अन्य	२१७७	८.३९
जम्मा		२५९५८	१००.०

श्रोत: नगर प्रोफाइल/बस्तुगत विबरण, २०७७

चित्र नं. १.१२: पेशा व्यवसायमा सम्लग्न जनसङ्ख्या बितरण



तालिका नं. १.२६: पेशामा सम्लग्नताको आधारमा जनसङ्ख्याको वितरण

क.सं.	पेशामा सम्लग्नता	वडा											जम्मा जनसङ्ख्या
		१	२	३	४	५	६	७	८	९	१०	११	
१	आरन चलाउने	३	३	६	०	०	३	०	१	७	४	२	**२९**
२	आश्रित	८०	५८	२००	१९८	१२	११९	२९	१३२	१९७	१४८	१०६	**१२७९**
३	कृषि तथा पशुपालन दुवै	४३४	१४५२	९०५	१३७	७४	२४६	३६७	८३३	१९८५	१०२३	८६८	**८३२४**
४	गृहिणी	२४२	६२	२७८	३९०	२२५	३१८	९४	२६४	९८	२४	०	**१९९५**
५	ज्याला मजदुरी	३९	४२	३९	३०	५	१२८	१८	५८	४९	१३८	३	**५४९**
६	डकर्मी	६	८	६	२३	१२	१२	२	५	७	१०	०	**९१**
७	नोकरी	४७	१४२	१७७	१७१	१२७	८५	१२२	९०	८९	२८	५३	**११३१**
८	बैदेशिक रोजगार	९०	८३	१४९	११९	११०	६४	६७	१५३	९६	९१	६४	**१०८६**
९	बिद्यार्थी	४६०	३५९	११४५	८९०	७३८	६२६	३६१	८५४	१२५५	८१६	५५४	**८०५८**
१०	ब्यापार	२४	६४	९४	२५६	२०८	८६	६६	२४	३१	८२	३३	**९६८**
११	सिलाई बुनाई	२	५	२५	२९	११	७	९	०	१३	९	२	**११२**
१२	ज्यामी	०	७	४०	०	३	१	१६	१५	१	९	७	**९९**
१३	सिकर्मी	०	१	४	१३	१	२४	४	५	२	६	०	**६०**
१४	अन्य	८०	२५	२०६	१४३	४७३	२१७	५७	२३८	३६०	३१३	६५	**२१७७**
जम्मा		**१५०७**	**२३११**	**३२७४**	**२३९९**	**१९९९**	**१९३६**	**१२१२**	**२६७२**	**४१९०**	**२७०१**	**१७५७**	**२५९५८**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.१३.१ व्यापार व्यवसायको प्रकारका आधारमा सम्लग्न घरपरिवार

फुङ्लिङ नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय गर्नेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै गई रहेको अवस्था देखिन्छ । यस नगरका नगरबासीको मुख्या रोजाई पर्यटन क्षेत्र सँग सम्बन्धित होटल व्यवसाय रहेको देखिएको छ । यस नगर भित्र होटल व्यवसाय गर्ने घरपरिवारको सङ्ख्या सवै भन्दा बढी ३५९ रहेको पाईएको छ भने दाश्रो रोजाईमा किराना पसल व्यवसाय २८७ तथा तरकारी फलफूल तथा दुग्ध व्यवसाय व्यवसाय गर्ने घरपरिवारको सङ्ख्या क्रमस १६७ र १४१ रहेको अवस्था छ । अन्य पेशा, ब्यपार ब्यवसायको हकमा ठेक्का पट्टा, माछामासु पसल, फेन्सि पसल, सुनचाँदी पसल, मलबिउ समेतका पसल व्यवसाय समेत गणनायोग्य रहेको अवस्था छ । प्राप्त विवरणलाई केलाएर अध्ययन गर्दा वर्तमानमा कृषि तथा पशुपालन साथै पर्यटन व्यवसायले यस नगरपालिकाको आर्थिक आधार निर्माण गर्न सहायेग पुगिरहेको देखिन्छ भने ४१ वटा सुनचाँदी पसल रहनुले गहना प्रतिको स्थानीयबासीको मोह उल्लेख्य रहेको प्रमाणित गरेको छ । बिशेष गरी फुङ्लिङ बजार यस नगरपालिकाको मात्र नभएर जिल्लाकै मुख्य बजारको रुपमा स्थापित रहेका कारण समेत यसको महत्व र प्रभाव बढी रहेको साथै ऐतिहासिक पाथिभरा देवीको मन्दिर समेतका कारणले पर्यटन व्यवसायले सार्थकाता लिन सकेको अवस्था पाईएको छ । यस सम्बन्धी विस्त्रित विवरण तालिका नं १.१७ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.२७: व्यापार व्यवसायको प्रकारमा सम्लग्नताका आधारमा घरपरिवारको विवरण

व्यापार व्यवसायको प्रकारमा सम्लग्नताका आधारमा घरपरिवार सङ्ख्या													
क्र.सं.	व्यवसाय का प्रकार	वडा											जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	११	
१	सुनचांदी पसल	०	१	४	४	२१	०	१	२	५	२	१	**४१**
२	फेन्सी पसल तथा व्यवसाय	०	०	१	२३	१९	३	४	१	३	८	०	**६२**
३	क्लिनिक तथा औषधी पसल तथा व्यवसाय	१	०	०	२	२	२	०	०	०	०	०	**७**
४	होटल व्यवसाय	३	६	६	४४	२९	१६	९	१	१६५	७३	७	**३५९**
५	भांडा पसल तथा व्यवसाय	०	०	०	५	३	०	०	१	१	१	०	**११**
६	हार्डवयर पसल तथा व्यवसाय	०	०	१	२	४	१	१	०	०	२	०	**११**
७	किराना पसल तथा व्यवसाय	८	०	१२	५३	३५	२३	२३	७	७	११७	२	**२८७**
८	टेलर्स	०	०	०	९	४	०	१	०	४	५	१	**२४**
९	दुग्ध व्यवसाय	०	०	०	०	१	३	०	५२	३९	४६	०	**१४१**
१०	तरकारी तथा फलफूल व्यवसाय	१	०	२	१३	३	४	१३	३९	५१	४१	०	**१६७**
११	ईलेक्ट्रोनिक पसल तथा व्यवसाय	१	०	१	७	१०	२	०	१	२	१	०	**२५**
१२	माछा मासु	२	०	०	६	२	४	२	६	७	२६	०	**५५**

	पसल तथा व्यवसाय												
१३	हेयर कटिङ सैलुन तथा सौन्दर्यकला व्यवसाय	०	०	१	२	१	०	१	०	१	१	०	७
१४	उद्योग व्यवसाय	२	०	०	४	१	१	०	०	२	१	०	११
१५	आर्ट व्यवसाय	०	१	०	२	१	०	०	०	०	१	०	५
१६	बेकरी तथा मिष्ठान्न व्यवसाय	०	०	०	१	०	०	०	०	०	२	०	३
१७	ठेक्का पट्टा	१	१	०	२२	३	३	३	४	१३	३१	०	८१
१८	मोवाईल पसल व्यवसाय	०	०	०	०	०	०	०	२	०	०	०	२
१९	घडि, रेडियो, टि.भि. मर्मत सम्भार व्यवसाय	०	१	०	४	०	०	०	०	१	१	०	७
२०	फोटो स्टुडियो	०	०	१	१	०	०	०	०	०	०	०	२
२१	फर्निचर पसल तथा व्यवसाय	०	३	१	३	४	०	२	०	०	७	०	२०
२२	जुत्ता पसल	०	०	०	८	०	१	१	०	०	०	०	१०
२३	चस्मा पसल	०	०	०	४	०	०	०	०	१	०	०	५
२४	खाजाघर तथा चिया पसल	०	४	०	९	५	६	९	०	२८	७	०	६८
२५	पुल हाउस	०	०	०	०	०	०	०	०	१	१	०	२
२६	अटो वर्कसप	०	०	१	०	०	०	०	०	०	०	०	१
२७	पेट्रोल पम्प	०	१	१	०	०	०	०	०	०	०	०	२
२८	ग्याँस पसल तथा डिलर	०	०	०	०	१	०	०	०	०	०	०	१
२९	पुष्तक पसल तथा फोटोकपी	०	०	०	१	७	१	०	०	०	१	०	१०
३०	कम्प्यूटर ट्रेनिङ सेन्टर तथा साइबर व्यवसाय	०	०	०	०	०	०	१	०	१	०	०	२
३१	हाउजिंग	०	०	०	०	०	०	०	०	०	१	०	१
३२	ढुवानी सेवा	०	०	०	१	०	०	०	१	०	९	०	११
३३	नर्सरी फूल व्यवसाय	०	०	०	०	०	०	०	०	०	९	०	९
३४	कानुन व्यवसायी	०	०	०	०	०	१	०	०	०	२	०	३

	र परामर्श सेवा												
३५	निर्माण व्यवसायी तथा सप्लायर्स	०	०	३	०	०	०	०	०	०	०	०	**३**
३६	मल बिउ उत्पादन	०	०	०	०	०	०	०	०	१	३२	०	**३३**
३७	बोर्डिङ स्कुल सञ्चालन	०	०	०	२	०	०	०	१	०	१	०	**४**
३८	सरसफाई तथा फोहोरमैला संकलन	०	०	०	०	०	०	०	०	०	१	०	**१**
३९	मनी ट्रान्सफर	०	०	०	०	१	०	०	०	०	०	०	**१**
४०	सहकारी	०	०	०	१	०	१	०	०	०	३	०	**५**
४१	बैंक	०	०	०	१	०	०	०	०	१	०	०	**२**
४२	पानी फिल्टर	०	०	०	०	०	०	०	०	०	१	०	**१**
४३	भेटनरी पसल तथा सेवा प्रदान	०	०	०	१	०	०	१	०	०	१	०	**३**
४४	फूल खेती	०	०	०	०	०	०	१	०	१	२	०	**४**
४५	आयात निर्यात	०	०	०	०	०	०	१	०	०	११	०	**१२**
४६	अन्य	१८९	४६१	१	२७०	१२६	२६१	१७३	१६३	७	२७४	३३२	**२२५७**
जम्मा		**२०८**	**४७९**	**३६**	**५०५**	**२८३**	**३३३**	**२४७**	**२८१**	**३४२**	**७२२**	**३४३**	**३७७९**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.१३.२ सीपयुक्त जनशक्तिका आधारमा जनसङ्ख्या विवरण:

सीप मानव जीवनको क्रियात्मक आधार हो । सवै प्रकारका पेशा व्यवसायलाई सफल कार्यान्वयन लैजना सीपको आवश्यकता पहिलो सर्त हो र रहन्छ पनि । यस नगर भित्र बसोबास गर्ने कुल जनसङ्ख्या मध्ये कुनै न कुनै प्रकारको शिप भएका जनशक्तिको सङ्ख्या १६३७४ (कुल जनसङ्ख्याको ६२.७३%) रहेको पाईएता पनि तालिम प्राप्त जनशक्ति भने १५४५ (कुल जनसङ्ख्याको ५.९२%) मात्र रहेको अवस्था देखिएको छ । यसको अर्थ यस नगरमा आफ्ना परिवारका जेष्ठ वा अग्रज सदस्यले विगत देखिनै अपनाउदै आएका परम्परागत पेशा सँग सम्बन्धित शिप भएका मानिसहरूको बाहुल्यता रहेको छ । यसरी कृयाशिल रहेका जनशक्तिलाई आधुनिक प्रविधि सहितको शिप दिएर आर्थिक समृद्धिको मार्गमा अघि बढाउन सके यस नगरको आन्तरिक आयमा समेत गणनायोग्य बढोत्तरी हुने प्रसस्त सम्भावना रहेको देखिएको छ ।

एकातर्फ उपयुक्त प्रविधि सहितको सीप मुलक तालिम प्रदान गरी नगरबासीलाई पेशा व्यवसायमा दक्ष बनाउने सकिने सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विभिन्न शिप भएका २९७१ पुरुष र २२४७ महिला गरी कुल ५२१८ (कुल जनसङ्ख्याको १९.९७%) जना मानिसहरू बेरोजगार रहेको देखिएको छ । यस विवरणका आधारमा बिश्लेषण गर्दा अन्यत्र कतै नगएका उल्लेखित ५२१८ जना जनशक्तिलाई रोजगार उपलब्ध गराउन वा स्वारोजगार बनाउन अनिवार्य छ भने अत्यन्त उर्वर उमेरका वैदेशिक रोजगारीमा गएका कृयाशिल उमेरका युवा युवतीलाई नगरपालिका भित्रै रोजगारीको श्रृजना गरी काममा सम्लग्न गराउनु पर्नेछ । यसका निम्ति नगरपालिकाले पर्याप्त रोजगारी श्रृजना गर्ने वा स्वरोजगरा बनाउने प्रविधियुक्त क्षेत्र वा परियोजनाहरूको खोजी गरी कार्यान्वयनमा ल्याउन अनिवार्य रहेको पाईएको छ । शिपयुक्त

जनशक्ति र बेरोजगारीको अवस्थाका बिषयमा घरपरिवार सर्वेक्षण बाट प्रप्त विवरण तालिका नं. १.२८, १.२९ र १.३० मा उल्लेख गरिएको छ ।

तालिका नं. १.२८: सीपयुक्त जनशक्तिका आधारमा जनसाङ्खिक विवरण

सीपयुक्त जनशक्तिका आधारमा जनसाङ्खिक विवरण													
क..सं.	सीपयुक्त जनशक्ति	वडा											जम्मा जनसङ्ख्या
		१	२	३	४	५	६	७	८	९	१०	११	
१	आरन चलाउने	५	६	१०	१	२	४	०	४	७	६	०	४५
२	ईन्जिनियर	१	२	२	६	२	६	२	०	६	२	१	३०
३	इलेक्ट्रिसियन	२	२	२	९	६	५	७	१	२८	६	०	६८
४	टेक्निसियन	१	१	२	५	१४	३	८	१	१०	१६	०	६१
५	ब्युटिसियन	२	०	३	१८	६	२	८	१	२	३	०	४५
६	मेकानिक्स	०	२	६	८	०	१५	१	०	०	०	०	३२
७	कम्प्यूटर ईन्जिनियर	३	०	१	१	३	१	२	०	१२	४	०	२७
८	डाक्टर	२	२	२	१८	९	१५	०	२	५	६	१	६२
९	वकिल	०	०	०	२	४	०	०	०	१	५	१	१३
१०	ड्राईभर	२२	६	३८	२०	२०	१५	१२	४२	३०	४२	७	२५४
११	डकर्मी	३२	२१	२३	५०	९	८२	२	१५	११३	७४	०	४२१
१२	सिलाई बुनाई	१९	७	२६	५५	१७	१२	१६	६	४३	२८	३	२३२
१३	सिकर्मी	७	०	१९	२०	१	३४	१	१६	४५	११२	०	२५५
१४	अन्य	५७३	२३१६	२१५०	७५७	१०१५	६७०	१०८४	१५७७	१८९९	१३९१	१३९७	१४८२९
जम्मा		६६९	२३६५	२२८४	९७०	११०८	८६४	११४३	१६६५	२२०१	१६९५	१४१०	१६३७४

श्रोत: फुङ्लिङ नगरपालिका घरपरिवार सर्वेक्षण, २०७७

तालिका नं.१.२९: व्यापार व्यवसायको प्रकारमा सम्लग्नताका आधारमा वडागत घरपरिवार विवरण

क.सं.	व्यवसाय का प्रकार	वडा											जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	११	
१	सुनचांदी पसल	०	१	४	४	२१	०	१	२	५	२	१	४१
२	फेन्सी पसल तथा व्यवसाय	०	०	१	२३	१९	३	४	१	३	८	०	६२
३	क्लिनिक तथा औषधी पसल तथा व्यवसाय	१	०	०	२	२	२	०	०	०	०	०	७
४	होटल व्यवसाय	३	६	६	४४	२९	१६	९	१	१६५	७३	७	३५९
५	भांडा पसल तथा व्यवसाय	०	०	०	५	३	०	०	१	१	१	०	११
६	हार्डवयर पसल	०	०	१	२	४	१	१	०	०	२	०	११

	तथा व्यवसाय												
७	किराना पसल तथा व्यवसाय	८	०	१२	५३	३५	२३	२३	७	७	११७	२	**२८७**
८	टेलर्स	०	०	०	९	४	०	१	०	४	५	१	**२४**
९	दुग्ध व्यवसाय	०	०	०	०	१	३	०	५२	३९	४६	०	**१४१**
१०	तरकारी तथा फलफूल व्यवसाय	१	०	२	१३	३	४	१३	३९	५१	४१	०	**१६७**
११	ईलेक्ट्रोनिक पसल तथा व्यवसाय	१	०	१	७	१०	२	०	१	२	१	०	**२५**
१२	माछा मासु पसल तथा व्यवसाय	२	०	०	६	२	४	२	६	७	२६	०	**५५**
१३	हेयर कटिङ सैलुन तथा सौन्दर्यकला व्यवसाय	०	०	१	२	१	०	१	०	१	१	०	**७**
१४	उद्योग व्यवसाय	२	०	०	४	१	१	०	०	२	१	०	**११**
१५	आर्ट व्यवसाय	०	१	०	२	१	०	०	०	०	१	०	**५**
१६	बेकरी तथा मिष्ठान्न व्यवसाय	०	०	०	१	०	०	०	०	०	२	०	**३**
१७	ठेक्का पट्टा	१	१	०	२२	३	३	३	४	१३	३१	०	**८१**
१८	मोवाईल पसल व्यवसाय	०	०	०	०	०	०	०	२	०	०	०	**२**
१९	घडि, रेडियो, टि.भि. मर्मत सम्भार व्यवसाय	०	१	०	४	०	०	०	०	१	१	०	**७**
२०	फोटो स्टुडियो	०	०	१	१	०	०	०	०	०	०	०	**२**
२१	फर्निचर पसल तथा व्यवसाय	०	३	१	३	४	०	२	०	०	७	०	**२०**
२२	जुत्ता पसल	०	०	०	८	०	१	१	०	०	०	०	**१०**
२३	चस्मा पसल	०	०	०	४	०	०	०	०	१	०	०	**५**
२४	खाजाघर तथा चिया पसल	०	४	०	९	५	६	९	०	२८	७	०	**६८**
२५	पुल हाउस	०	०	०	०	०	०	०	०	१	१	०	**२**

२६	अटो वर्कसप	०	०	१	०	०	०	०	०	०	०	०	१
२७	पेट्रोल पम्प	०	१	१	०	०	०	०	०	०	०	०	२
२८	ग्याँस पसल तथा डिलर	०	०	०	०	१	०	०	०	०	०	०	१
२९	पुष्तक पसल तथा फोटोकपी	०	०	०	१	७	१	०	०	०	१	०	१०
३०	कम्प्यूटर ट्रेनिङ सेन्टर तथा साइबर व्यवसाय	०	०	०	०	०	०	१	०	१	०	०	२
३१	हाउजिंग	०	०	०	०	०	०	०	०	०	१	०	१
३२	ढुवानी सेवा	०	०	०	१	०	०	०	१	०	९	०	११
३३	नर्सरी फूल व्यवसाय	०	०	०	०	०	०	०	०	०	९	०	९
३४	कानुन व्यवसायी र परामर्श सेवा	०	०	०	०	०	१	०	०	०	२	०	३
३५	निर्माण व्यवसायी तथा सप्लायर्स	०	०	३	०	०	०	०	०	०	०	०	३
३६	मल बिउ उत्पादन	०	०	०	०	०	०	०	०	१	३२	०	३३
३७	बोर्डिङ स्कुल सञ्चालन	०	०	०	२	०	०	०	१	०	१	०	४
३८	सरसफाई तथा फोहोरमैला संकलन	०	०	०	०	०	०	०	०	०	१	०	१
३९	मनी ट्रान्सफर	०	०	०	०	१	०	०	०	०	०	०	१
४०	सहकारी	०	०	०	१	०	१	०	०	०	३	०	५
४१	बैंक	०	०	०	१	०	०	०	०	१	०	०	२
४२	पानी फिल्टर	०	०	०	०	०	०	०	०	०	१	०	१
४३	भेटनरी पसल तथा सेवा प्रदान	०	०	०	१	०	०	१	०	०	१	०	३
४४	फूल खेती	०	०	०	०	०	०	१	०	१	२	०	४
४५	आयात निर्यात	०	०	०	०	०	०	१	०	०	११	०	१२
४६	अन्य	१८९	४६१	१	२७०	१२६	२६१	१७३	१६३	७	२७४	३३२	२२५७
जम्मा		२०८	४७९	३६	५०५	२८३	३३३	२४७	२८१	३४२	७२२	३४३	३७७९

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं.१.३०: सिपयुक्त जनशक्ति बेरोजगार रहेको संख्या

सिपयुक्त जनशक्ति बेरोजगार रहेको संख्या			
वाड नं.	**पुरुष**	**महिला**	**जम्मा**
१	५२	१३	**६५**
२	५०५	३५४	**८५९**
३	४०	१४	**५४**
४	१४२	१०२	**२४४**
५	२७९	३५५	**६३४**
६	१५८	६२	**२२०**
७	१०८	९८	**२०६**
८	३७२	२६०	**६३२**
९	८७४	७२५	**१५९९**
१०	४४१	२६४	**७०५**
११	०	०	**०**
जम्मा	**२९७१**	**२२४७**	**५२१८**

नगर प्रोफाइल/वस्तुगत बिवरण, २०७७

१.१४ कृषि तथा पशुपन्छी व्यवसाय संग सम्बन्धितन संघ संस्था साथै लैङ्गिक आवद्धता

फुङ्लिङ नगरपालिकाको आर्थिक विकासको एक प्रमुख आधार कृषि तथा पशुपन्छी व्यवसायनै देखिएको कारण यसको व्यवसायिकता र बिस्तार अनिवार्य देखिन्छ । व्यवसायिक कृषि प्रणाली र पशुपन्छी पालनकालागि सामुहिक पहल र सामुहिकतामा सहभागिता एक मात्र बिकल्प हो । नेपाल सरकारको समृद्ध नेपाल सुखि नेपालीको आकाङ्क्षा समेतलाई आधार मान्ने हो भने पनि कृषि तथा पशुपालनलाई यसको प्रमुख कडिको रुपमा स्वीकारिएको अवस्था छ । यस नगरपालिका भित्र उल्लेखित अवस्था कुन धरातलीय अवस्था बाट अघि बढीरहेको छ भनि अध्ययन गर्दा बिद्यमान अवस्थामा कृषक समुह ७७ वटा, पशुपन्छी पालन समुह ५५ वटा, व्यवसायिक कृषि फर्म ३९ वटा र कृषि सहकारी २३ वटा समेत गरी कुल १९४ वटा संघ संस्था यसमा कृयाशिल रहेको अवस्था रहेको पाईएको छ जुन आफैमा एक सकारात्मक पक्ष रहेको छ । उल्लेखित संघ संस्थामा जनशक्ति तथा लैङ्गिक आवद्धताको संख्यात्मक अवस्थाको अध्ययन गर्दा महिला ११८३ र पुरुष ६९७ गरी १८८० जना कृषि समुहमा, महिला ८५४ र पुरुष ५०७ गरी १३६१ ज्ना पशुपन्छी पालन समुहमा, ३९ जना पुरुष व्यवसायिक कृषि फर्ममा र महिला २९३ र पुरुष गरी जम्मा ४७२ जना कृषि सहकारीमा गरी कुल ३७५२ जना कृषि तथा पशुपन्छी व्यवसायमा आवद्ध भई यसको विकास र बिस्तारमा सहभागि भएको अवस्था छ । यस विवरणले वर्तमान नगरपालिकाको कृषि तथा पशुपन्छी पालनको माध्यम बाट आर्थिक समृद्धि निर्माण गर्ने प्रमुख गन्तब्य सुनिस्चित देखिएको कारण आगामि दिनमा यस बिषयमा दिगो विकास लक्षमा आधारित आर्थिक विकासको मुल आधार बन्ने बनाउने गरी नगरपालिकाका योजना समेट्नु पर्ने मात्र हैन कार्यान्वयनमा बिशेष प्राथमिकता दिन अनिवार्य छ । यस सम्बन्धी विवरण तालिका नं. १.३१ र १.३२ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.३१: कृषि तथा पशुपन्छी व्यवसाय संग सम्बन्धित संघ संस्थाको विवरण

वडा नं.	कृषि तथा पशुपन्छी व्यवसाय संग सम्बन्धित संघ संस्था				
	कृषक समुह	पशुपन्छी पालन समुह	व्यवसायिक कृषि फर्म	कृषि सहकारी	जम्मा
१	५	५	६	१	१७
२	११	१०	११	२	३४
३	४	३	३	२	१२
४	२	३	३	४	१२
५	४	४	२	३	१३
६	७	६	२	१	१६
७	४	४	२	३	१३
८	४	५	४	१	१४
९	२४	९	२	३	३८
१०	४	२	१	१	८
११	८	४	३	२	१७
जम्मा	७७	५५	३९	२३	१९४

नगर प्रोफाइल/वस्तुगत बिबरण, २०७७

चित्र नं.१.१३: कृषि तथा पशुपन्छी व्यवसाय संग सम्बन्धित संघ संस्थाको संख्या



तालिका नं.१.३२: कृषि तथा पशुपन्छी व्यवसाय संग सम्बन्धित संघ संस्थामा लैंगिक अवद्धता सहितको जनसङ्ख्या

कृषि तथा पशुपन्छी व्यवसाय संग सम्बन्धित संघ संस्था तथा तीनमा लैंगिक अवद्धता													
वडा नं.	कृषक समुह			पशुपन्छी पालन समुह			व्यवसायिक कृषि फर्म			कृषि सहकारी			जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
१	७५	५६	१३१	६०	४५	१०५	०	६	६	१५	११	२६	२६८
२	१६५	७७	२४२	१५०	९०	२४०	०	११	११	१७	७	२४	५१७
३	६०	४४	१०४	५१	२१	७२	०	३	३	३४	२२	५६	२३५
४	३४	२२	५६	४५	२७	७२	०	३	३	३०	२४	५४	१८५
५	६८	४४	११२	६८	४४	११२	०	२	२	०	०	०	२२६
६	१०५	४९	१५४	९०	४२	१३२	०	२	२	१७	११	२८	३१६
७	६०	४५	१०५	६८	३६	१०४	०	२	२	१५	९	२४	२३५
८	६८	४४	११२	७५	५५	१३०	०	४	४	५०	२२	७२	३१८
९	३६०	२१६	५७६	१५३	८१	२३४	०	२	२	५१	३३	८४	८९६
१०	६८	४४	११२	३४	२२	५६	०	१	१	३०	१८	४८	२१७
११	१२०	५६	१७६	६०	४४	१०४	०	३	३	३४	२२	५६	३३९
जम्मा	११८३	६९७	१८८०	८५४	५०७	१३६१	०	३९	३९	२९३	१७९	४७२	३७५२

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.१५ बजार केन्द्र तथा नगरबाट बाहिर निकासी हुने वस्तुहरू

फुङ्लिङ नगरपालिका बिगत देखिनै एक प्रमुख बजार केन्द्रको रुपमा समेत परिचित छ । यस क्षेत्रमा उत्पादिन बस्तुहरूको बिक्रि बितरणकालागि होस वा बाहिर बाट आयात गरिएका बस्तुहरूको बिक्रिबितरणकालागि होस नगर भित्र रहेको जिल्लाकै महत्वपूर्ण बजार केन्द्रको रुपमा स्थापित बजार बाहेक बिभिन्न वडामा अवस्थित र सञ्चालित ग्रामिण बजार केन्द्रहरूको भूमिका महत्वपूर्ण रहि आएको छ । मा बर्तमान अवस्थामा नगर भित्रको मूख्य बजार क्षेत्र छाडेर १४ वटा हाट बजार केन्द्रहरू सञ्चालनमा रहेको पाईएको छ । यी बजार केन्द्रहरू मध्ये वडा नं. ११ मा सञ्चालित काफ्लेपाटि पाथीभरा बजार केन्द्रको मात्र आफ्नै ७ रोपनी जग्गा रहेका पाईएको छ भने अन्य १३ वटा हाटबजार केन्द्रहरूको आफ्नै जग्गा भए नभएको बिबरण खुल्न सकेको छैन तथापी यी बजारहरू सार्वजनिक जग्गा जमिनको प्रयोग गरेर भए पनि सञ्चालन भई रहेको अवस्था छ । बर्तमान बजार व्यवस्थापनकालागि जग्गाको उचित प्रबन्ध, बजार सेडहरूको निर्माण, फोहोरमैलाको उचित प्रवन्ध, खानेपानी तथा शौचालयको पूर्ण व्यवस्थापन, घराबारा, सूचना केन्द्र लगायतका भौतिक पूर्वाधारको दिगो प्रवन्ध गर्न सके यहाँबाट खरिद वा निकासी भईजाने बस्तुहरूको समेत बढोत्तरी भई आर्थिक बृद्धि र रोजगारी श्रृजनामा यथेष्ठ योगदान पुग्न जाने साथै नगरपालिकाले समेत राम्रै आय आर्जन गर्न सक्ने सम्भावना प्रसस्त रहेको छ ।

यस नगरपालिका क्षेत्र भित्र निकासी योग्य बस्तुहरूको बर्तमान अवस्था अन्ययन गर्दा बार्षिक रुपमा दुध तथा दुग्ध पदार्थको हकमा ६९०००.० लिटर दुध, ३१२०० लिटर दही, २६४० के.जी. घ्यू बिक्रि बितरण हुने गरेको देखिन्छ भने अन्न तथा अन्न बालीको हकमा ८६८ मे.टन. धान, ६४८ मे.टन मकै, करिव ६१ मे.टन गहुँ तथा अलैची १४ मे.टन बिक्रि बितरण हुने गरेको स्थानीयबासीको अनुमान रहेको छ । यसै गरी यस नगर क्षेत्र बाट दालहन, तेलहन, फलफूल, मसला जन्य वस्तु, जडिबुटी (तितेपाती, तुलसी, निम, टिम्वुर, सतुवा, हर्रो, गुर्जो, चिराइतो, वुद्धि वुढो ओखती, हडचुड, पाखनवेद, खोकीम, सुनथाङने), मौरीको मह साथै ढाका, अल्लो, खॉडी का कपडा र राडिपाखी समेत बिक्रि बितरण हुने गरेको भएता पनि यस्को यकिन बिबरण प्राप्त हुन भने सकेको छैन । तसर्थ अन्न, तेलहन बालि समेत बिक्रि बितरण हुने गरेको भनिएता

पनि यस बिषयमा थप अध्ययनको आवश्यकता रहेको छ भने मसला तथा जडिबुटी, कपडा, राडिपाखीको बिक्रि बितरणको यथार्थ बिबरण सङ्कलन गरी सोहि बमोजिम आन्तरिक आयको सुनिस्चित गर्न सकिने अवस्था रहेको छ । बर्तमान अवस्थामा यस नगर भित्र रहेको बजार केन्द्रहरूको यथार्थ अवस्था सम्बन्धी बिबरण र निकासी योग्य बस्तुहरूको अनुमानित बिबरण तालिका नं.१.३३ र १.३४ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.३३: बजार कन्द्रहरूको वडागत बिबरण

क.सं.	नाम	ठेगाना (स्थान)	बर्तमान अवस्था
१	देउलिङ्गे लहरेगाउँ हान्द्रुङ बजार	वडा नं. २, देउलिङ्गे	सामान्य रुपमा सञ्चालनमा रहेको
२	पालुङ्वा चौक सिम्ले	वडा नं. ३, सिम्ले	हप्तामा एक पटक हाट लाग्ने
३	तोक्मेडाँडा (वडा नं. ४ र ७ को सिमाना)	वडा नं. ४, तोक्मेडाँडा	हप्तामा २ पटक
४	सुकेटार बजार केन्द्र	वड नं. ६, सुकेटार	सञ्चालनमा रहेको
५	शेर्पाटोल बजार केन्द्र	वडा नं. ६, शेर्पाटोल	सञ्चालनमा रहेको
६	किरात चौक बजार	वडा नं. ८, नाम्लेपाटी	सामान्य
७	आसाङ्पाटी बजार	वडा नं. ९, आसाङ्पाटी	सामान्य पूर्वाधार अवस्था
८	चण्डेश्वर सिछिङ बजार	वडा नं. ९, चण्डेश्वर	सामान्य पूर्वाधारको अवस्था
९	गुप्ते सुकेटार बजार	वडा नं. ९, सुकेटार	सामान्य पूर्वाधार अवस्था
१०	गडीडाडा गोल्फे मयाम मित्लुङ काफले पाटी	वडा नं. १०, काफ्लेपाटी	सामान्य वजार भएको
११	गडीडाँडा	वडा नं. १०, गडीडाँडा	सामान्य वजार भएको
१२	मित्लुङ/सिस्ने बजार	वडा नं. १०, मित्लुङ/सिस्ने	सामानय पूर्वाधार
१३	तेम्वेवा/सिम्वु बजार	वडा नं. ११, तेम्वेवा/सिम्वु	सामान्य
१४	काफ्लेपाटि पाथीभरा बजार	वडा नं. ११, काफ्लेपाटी	७ रोपनी जग्गा सहित सामान्य पूर्वाधार

श्रोतः नगरपालिकाको अभिलेख, २०७७

तालिका नं. १.३४: निर्यातयोग्य वस्तुको बर्तमान अवस्था

क.सं.	बस्तुको नाम	बार्षिक निकासीको मात्रा	मापन इकाई
१	**दुध तथा दुग्ध पदार्थ**		
१.१	दुध तथा दुग्ध पदार्थ	६९०००.०	लिटर
१.१	दही	३१२००.०	लिटर
१.१	घ्यू	२६४०.०	के.जी
२	अन्न बाली		
२.१	धान	८६८	मे.टन.
२.२	मकै	६४८	मे.टन.
२.३	गहु	६१.१	मे.टन.
३	दालहन, तेलहन, फलफूल, मसला जन्य वस्तु	०.०	बिबरण प्राप्त नभएको

४	जडिबुटी (तितेपाती, तुलसी, निम, टिम्वुर, सतुवा, हर्रो, गुर्जो, चिराइतो, वुद्धि वुढो ओखती, हडचुड, पाखनवेद, खोकीम, सुनथाङने,	०.०	बिवरण प्राप्त नभएको
५	मौरीको मह	०.०	बिवरण प्राप्त नभएको
६	अलैची	१४.०	मे.टन.
७	ढाका, अल्लो, खॉडी, राडिपाखी	०.०	बिवरण प्राप्त नभएको

श्रोत: नगरपालिकाकोम वडागत सर्वेक्षण, २०७७

१.१६ औसत माशिक पारिवारिक आम्दानी र बचत

आर्थिक अवस्था र गरिवी मापनको अर्को एक महत्वपूर्ण पक्ष भनेको नगरबासी जनसमुदायको मासिक वा बार्षिक आय र उक्त आयका आधारमा दैनिक, मासिक वा बार्षिक खर्च व्यवस्थापन हुन सकिरहेको छ या छैन भन्नेनैहो । स्थानीय सरकारको हैसियतमा फुङ्लिङ नगरपालिकाले आन्तरिक राजश्वको प्रक्षेपण गरिरहँदा नगरबासीको आर्थिक जीवनस्तरको समेत अध्ययन गर्न आवश्यक छ । यस नगर भित्र बसोबास गर्ने ५१४० घरपरिवारले आफ्ना दैनिक पारिवारिक आवश्यकता पुरा गर्नकालागि कुनै न कुनै पेशा व्यवसायमा सम्लग्न रहेको कुरा माथिनै उल्लेख गरिएको छ । उल्लेखित ५१४० घरपरिवारहरू मध्ये २०९५ (कुल घरपरिवारको ४०.७४ %) घरपरिवारको मासिक आम्दानी रु ५ हजार वा सो भन्दा कम रहेको पाईएको छ भने ८०३ (कुल घरपरिवारको १५.६२ %) घरपरिवारको रु ५ हजार देखि १० हजार सम्म रहेको देखिएको छ । यसै गरी १० हजार भन्दा माथि १५ हजार सम्म मासिक आम्दानी हुने परिवार ४४१ (कुल घरपरिवारको ८.५८ %) मात्र रहेको तथा सो भन्दा माथि रु १ लाख सम्म मासिक आम्दानी गर्ने घरपरिवार १५८८ (कुल घरपरिवारको ३०.८८ %) रहेको देखिन्छ । यस नगर भित्र मासिक १ लाख भन्दा बढी आम्दानी भएका घरपरिवार मात्र ७८ (कुल घरपरिवारको १.५२ %) रहेको अवस्था छ भने १३५ घरपरिवारको मासिक आम्दानी खुल्न सकेके छैन । प्रायस मानिसहरूले आफ्नो वास्तविक आम्दानी अरूलाई नबताउने प्रचलन रहि आएको कारण यसो हुन गएको अनुमान गरिएको छ । यस नगरपालिका भित्र उपलब्ध श्रोत र साधनको प्रयोगको अवस्था, कृषि व्यवसायमा देखिएको प्रचुरताका आधारमा प्राप्त विवरण अझै पनि यथार्थ भन्दा कहि कतै भिन्नपो छ की भन्ने लाग्दछ तथापि यस विवरणलाई एक महत्वपूर्ण आधारको रुपमा मानेर आन्तरिक आयको प्रक्षेपण गर्न अनिवार्य देखिन्छ ।

यसै गरी पारिवारिक बचतको अवस्थाको अध्ययन गर्दा यस नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने कुल घरपरिवार मध्ये कुल २१९४ (कुल घरपरिवारको ४२.७० %) को मासिक बचत सुन्य रहेको देखिएको छ भने २०८६ (कुल घरपरिवारको ४०.५८ %) घरपरिवारले अधिकतम मासिक रु ५ हजार सम्म बचत गर्न सकेको अवस्था देखिएको तथा सो भन्दा माथि मासिक रुपमा बचत गर्ने घरपरिवार ७३९ (कुल घरपरिवारको १४.३८ %) मात्र रहेको अवस्था छ भने १२१ घरपरिवारको बिबरण प्राप्त हुन सकेन । स्थानीय स्तरमा गरिएको प्रस्नावलीका आधारमा मासिक ५ हजार सम्म बचत गर्ने परिवरहरूले आफ्नै खेतबारीमा उत्पादन गरेको अन्न, तरकारी तथा दालहन बालीको उपभोग गर्ने भएका कारण केहि मात्रमा बचाउन सकिएको कुरा उल्लेख गरेका छन् । समग्रमा यस नगरपालिका भित्र बसोबास गर्ने सम्पूर्ण घरपरिवारको पारिवारिक मासिक आम्दानी र बचतको विस्त्रित विवरण तालिका नं. १.३५ देखि १.३८ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.३५: औसत मासिक पारिवारिक आम्दानीका आधारमा घरपरिवार विवरण

क्र.सं.	औषत मासिक पारिवारिक आम्दानी	घरपरिवार सङ्ख्या	छ
१	१००० देखि २००० सम्म	९६०	१८.६७
२	२००१ देखि ३००० सम्म	२७६	५.३७

३	३००१ देखि ५००० सम्म	८५९	१६.७१
४	५००१ देखि १०००० सम्म	८०३	१५.६२
५	१००००१ देखि १५००० सम्म	४४१	८.५८
६	१५००१ देखि २५००० सम्म	६९३	१३.४८
७	२५००१ देखि ५०००० सम्म	७०८	१३.७७
८	५००००१ देखि १००००० सम्म	१८७	३.६४
९	१००००० देखि माथि	७८	१.५२
१०	नखुलेको	१३५	२.६३
	जम्मा	**५१४०**	**१००.०**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

चित्र नं.१.१४: औषत मासिक पारिवारिक आम्दानीका आधारमा घरपरिवार सङ्ख्या



तालिका नं.१.३६: औसत मासिक पारिवारिक आम्दानीका आधारमा वडागत घरपरिवार विवरण

क्र.सं.	औषत मासिक पारिवारिक आम्दानी	वडा नं.										
		१	२	३	४	५	६	७	८	९	१०	११
१	१००० देखि २००० सम्म	११६	६६	९४	११	३	१४१	३	५६	२६६	१२४	५७
२	२००१ देखि ३००० सम्म	४१	२४	१३	५	६	१९	५	२०	७९	३७	२५
३	३००१ देखि ५००० सम्म	२१	१३१	१८९	२७	५३	३८	१६	१२२	१२४	८९	५१

४	५००२ देखि १०००० सम्म	३८	५८	८९	६७	७५	१०१	१४	१३२	१५६	७६	४०
५	१०००१ देखि १५००० सम्म	१८	२७	८१	५४	४६	५९	१५	५०	३४	४६	१०
६	१५००१ देखि २५००० सम्म	३०	५२	६८	११८	११६	३१	३८	६९	६६	७१	२७
७	२५००१ देखि ५०००० सम्म	१४	४२	७७	१५७	८१	१०	८०	५१	६९	८०	४१
८	५०००१ देखि १००००० सम्म	२	५	२३	३५	२७	०	२६	५	७	४०	११
९	१००००० देखि माथि	०	२	५	१३	१०	०	२२	०	१	१४	११
१०	नखुलेको	३	७४	२	१	२	१	१६	०	०	०	३६
घरपरिवार सङ्ख्या		**२८३**	**४८१**	**६४१**	**४८८**	**४१९**	**४००**	**२३५**	**५०५**	**८०२**	**५७७**	**३०९**

श्रोत: फुङ्लिङ नगरपालिका घरपरिवार सर्वेक्षण, २०७७

चित्र नं.१.१५: औसत मासिक पारिवारिक बचतका आधारमा घरपरिवार



तालिका नं.१.३७: औसत मासिक पारिवारिक बचतका आधारमा घरपरिवार विवरण

क्र.सं.	औषत मासिक बचत	सङ्ख्या	%
१	शुन्य (बचत नहुने)	२१९४	४२.७
२	५०० देखि १००० सम्म	९४४	१८.४
३	१००१ देखि २००० सम्म	५५१	१०.७

४	२००१ देखि ३००० सम्म	८८	१.७१
५	३००१ देखि ५००० सम्म	५०३	९.७९
६	५००१ देखि १०००० सम्म	३२९	६.४
७	१०००० देखि माथि	४१०	७.९८
८	नखूलेको	१२१	२.३५
	जम्मा	**५१४०**	**१००.०**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं.१.३८: औसत मासिक पारिवारिक बचतका आधारमा वडागत घरपरिवार विवरण

क्र.सं.	औषत मासिक पारिवारिक बचत	वडा नं.										
		१	२	३	४	५	६	७	८	९	१०	११
१	शुन्य (बचत नहुने)	२२५	७६	४२३	१९५	१४२	१	२	३८०	२९१	३७७	९३
२	५०० देखि १००० सम्म	१३	१४६	५२	३५	८७	१३१	१४	१	३६९	२७	७७
३	१००१ देखि २००० सम्म	५	७१	३१	४४	५०	१४६	४१	५२	४२	३२	३६
४	२००१ देखि ३००० सम्म	४	६	७	२६	१३	१५	१	३	७	५	२
५	३००१ देखि ५००० सम्म	१६	८५	५३	५५	५१	७६	४२	१९	२८	४०	२८
६	५००१ देखि १०००० सम्म	१६	१२	३१	५२	३५	२८	४३	१८	२७	३९	५४
७	१००० देखि माथि	४	२०	४२	८०	३९	२	७८	३२	३८	५७	१३
८	नखूलेको	०	६५	२	१	२	१	१४	०	०	०	६
घरपरिवार सङ्ख्या		**२८३**	**४८१**	**६४१**	**४८८**	**४१९**	**४००**	**२३५**	**५०५**	**८०२**	**५७७**	**३०९**

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.१७ सामुदायिक भवन, सार्वजनिक पाटीपौवा र चौताराः

स्थानीय स्तरमा सञ्चालन तथा व्यवस्थापन गरिनु पर्ने आर्थिक, सामाजिक, सांस्कृतिक तथा सामुदायिक कृयाकलापहरूको व्यवस्थित सञ्चालन व्यवस्थापनकालागि सामुदायिक भवनको सहज उपलब्धता एक अनिवर्या सर्त भित्र पर्न गएको पाईन्छ छ । यति मात्र हैन दिनभर काम गरेर घर फर्कदा होस वा भारी बोकेर जाँदा आउदा थकाई मार्ने र सितल ताप्ने स्थानको रुपमा परम्परादेखिनै परिचित तथा स्थापित पाटी पौवा वा चौताराहरूको महत्व समेत बिशेष गरी पहाडी क्षेत्रमा अहिले पनि उत्तिकै रहेको छ । उल्लेखित बिषय बस्तुको बारेमा अध्ययन गर्दा नगरपालिका क्षेत्र भित्रवर्तमानमा विभिन्न वडामा सामान्य स्वरुप र पूर्वाधार सहितका २० वटा सामुदायिक भवन र २१ वटा पाटी पौवा तथा चौतारा रहेको अवस्था देखिन्छ । यस नगरपालिका भित्र मानिसहरूको मृत्यू पछि दाहसंस्कार सम्पन्न गरी चौतार वा पाटी पौवामा मलामिहरूलाई खाजा खुवाउने र आराम गर्ने प्रवन्धकालागि सञ्चालनमा रहेका केहि पाटी, पौवा र मलामि टहराहरू र चौतारा मर्मत सम्भार र जिर्णोद्धारका पखाईमा रहेको समेत देखिन्छ । नगर भित्र रहेका सामुदायिक भवन साथै पाटी पौवा तथा चौतारा सम्बन्धी विवरण तालिका नं.१.३९ र १.४० मा उल्लेख गरिएको छ ।

तालिका नं.१.३९: सामुदायिक भवनहरूको विवरण

वडा नं.	क.सं.	नाम	ठेगाना (स्थान)	कैफियत
३	३.१	नवोदित युवा परिवार समुदायिक भवन माथिल्लो डाडाँगाउ	ढाडाँगाउँ	१ रोपनी जग्गा मध्ये २ कोठे ढुङ्गा, माटो, काठ र टिनको छाना भएको
	३.२	पृथीवेलास सामुदायिक पार्टी भवन मेदिवुङ पाटी डाडाँ	फुङलिङ-३ मेदिवुङ लामोघर	१ रोपनी जग्गाको केही भागमा सामुदायिक भवन पाटी जिर्ण रहेको
४	४.१	संस्कार भवन	गणेश थान	निर्माणधिन
	४.२	तमोर महिला भवन	हुलाक टोल	निर्माणाधिन
५	५.१	पाथिभरा सामुदायिक भवन (सिटी हल)		जिर्ण अवस्थामा रहेको
६	६.१	पाथिभरा क्षेत्र विकासको भवन	सानो पाथिभरा छेउ	ठिकै
	६.२	हिमाली ग्रामिण विकासको भवन	सानो पाथिभरा छेउ	ठिकै
७	७.१	किरातचौक सामुदायिक भवन		निर्माणाधिन अवस्थामा
	७.२	केलाङ भवन		निर्माधिन अवस्थामा
	७.३	नमुना महिलाको भवन	बुढौलीगाउं	
८	८.१	देउराली सास्कृतिक यूवा क्लव भवन	वेजम्बु	दर्ता,भवन, जग्गा
	८.२	देउराली आमा समुह	नाम्ले	राम्रो
	८.३	लालिगुरास जनसाँस्कृतिक परिवार	रमिते	दर्ता,भवन, जग्गा
९	९.१	रामेटार सामुदायिक भवन	रामेटार	जग्गा, कच्चि भवन, शौचालय
	९.२	हिले आमा समुह सा. भ.	सुकेटार	जग्गा, शौचालय
	९.३	भण्डारी सामुदायिक भवन	भण्डारी गाँउ	जग्गा, कच्चि भवन
	९.४	सिस्ने सामुदायिक भवन	कुङकुलुङ टोल	जग्गा, भवन
	९.५	ओखे चौर सा. भ.	ओखे चौर	जग्गा, कच्चि भवन
	९.६	जनजाती सा. भ.	लाम्पोखरी	जग्गा, कच्चि भवन
१०	१०.१	याफे सामुदायिक भवन	याफे	दर्ता, भवन, जग्गा
जम्मा		**२०**		

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं.१.४०: पाटी पौवा तथा चौतराहरूको विवरण

वार्ड नं.	क.सं.	नाम	ठेगाना (स्थान)	कैफियत
१	१.१	मलामी पाटी	हाङद्रुङ	भएको
	१.२	मलामी पाटी	सेगुवा	जग्ग भएको
२	२.१	सार्की चौतारा	सार्की टोल	भएको
	२.२	बिरबले चौतारा	तारीबुङ	भएको
	२.३	लहरे गाउँ चौतार	लहरे	भएको
३	३.१	भाटेघाट बिश्राम स्थल पाटी	गुहेंलि	२ रोपनी जग्गा भएको मलामी बिश्राम गर्ने र

		भवन भाटे		फर्कदा खाजा खाने ब्लक पार्टी भवन रहेको ।
	३.२	बराल गाँउ पाटीडाडाँ पार्टी	मेदिवुङ	पुरानो पार्टी जिर्ण भै सकेको ३ रोपानी जग्गा रहेको वराल वंश प्रतिस्थानले धार्मीक कार्य गर्ने स्थान
	३.३	मसाने घाट पाटी	सिकारी डाँडा मुनी	दोभान वारी समाने घाट विभिन्न जात जातिको समाधि स्थल भएको खोला हिउडमा समुदायले चन्दाबाट वनाएको पार्टी जिर्ण साथै खोलाले लानआटेको
	३.४	वृद्धचौतारी तथा वृद्ध पुस्तकालय	घिमीरे गाँउ	मेदिवुङघिमीरृ गाँउ गिरी गाँउ समिप १ रोपनी जग्गा रहेको
	३.५	मदन स्मृती पार्क तथा प्रतिक्षालय	मेदिवुङ	वा.सु.स.मा.वि. मेदिवुङ जननेता मदन भण्डारी ले आधारभुत तह देखि कक्षा ९ सम्म अध्ययन गरेको अभिलेख गरेको हुदाँ उक्त बिद्यालयको ४२ रोपनी जग्गा मध्ये २ रोपनी जग्गा भित्र मदान सुवोधिनी प्रतिक्षालय निमार्ण गर्ने ।
	३.६	भीमसेन थान चौतारी तथा प्रतिक्षालय	सिम्ले	फुङलिङ -३ को पालुवा चोक को भिमसेन थान मन्दिर समिप वृद्ध चौतारी रहेको
	३.७	मसाने घाट मलामी विश्राम पार्टी भवन	सिकारी डाडाँ मुनी	२ रोपनी जग्गा मध्ये पहिरो गई ढुङगा माटो काठ, टिनको छाना भएको भवन पार्टी धराप अवस्थाममा छ ।
	५.१	सरस्वती कुण्डमा प्रतिक्षालय	बिरेन्द्र चोक	हाल भएको
५	५.२	नाम्दु खोला चौतारा	ठुलो गाउँ	हाल भएको
	६.१	मलामी खाजा घर	झयाल खानडाँडा	करीब ५०० घरधुरी हालमा प्रयोगमा
६	६.२	रमिते चौतारा	बाँझोगरा	हाल २०० घरधुरि
७	७.१	बृद्ध चौतारी	तोक्मेडाँडा	निर्माणाधिन अवस्थामा रहेको
८	८.१	सेति चौतारा	चारपाटे	करीब ५०० घरधुरिले प्रयोग गरिरहेको
	९.१	बृद्ध चौतारी	आसाङपाटी	जग्गा नभएको
९	९.२	मलामी पाटी	मसाने घाट,भुटाने चौक	२ वटा रहेको
जम्मा		२१		

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.१८ यातायात तथा ढुवानीका साधन पार्क तथा स्टेसनहरू:

यातायात तथा ढुवानीका साधन पार्क तथा स्टेसनहरूका बारेमा अध्ययन गर्दा यस नगरपालिकाको वडा नं. ४ मा निर्माणधिन बसपार्क बाहेक अन्य कुनै स्थानमा व्यवस्थित यातायात (बस, मिनिबस, ट्याक्सि, टेम्पो, कार, जिप लगायत) का साधनकालागि व्यवस्थित र सुरक्षित पार्किङ स्थलको व्यवस्था हुन सकेको देखिदैन । वर्तमान विकास क्रम सँगै दिन प्रतिदिन बिस्तार हुँदै गरेका सडक सञ्जाल तथा व्यक्तिगत साथै सार्वजनिक सवारी तथा ढुवानीका साधनको बढ्दो प्रयोग र कृषि उपकरणको माग समेतलाई केन्द्रविन्दुमा राखेर वडागत हिसावले वर्तमान अवस्थामानै नगरपालिका क्षेत्र भित्र ढुवानीका

साधन सहितका अन्य साधनको समेत पार्किङ स्थाल क्रमिक रुपले निर्माण व्यवस्थापन गर्न एका तर्फ अनिवार्य देखिएको छ भने यसरी निर्माण गरेका पार्किङ स्थालहरूबाट नगरपालिकाले आन्तरिक आय समेत गर्न सक्ने भएकाले यस बिषयमा नगरपालिकाले तत्काल कार्ययोजनाका साथ अघि बढ्न अनिवार्य रहेको पाईएको छ । वर्तमानमा नगर क्षेत्र भित्र रहेका यातायात तथा ढुवानीका साधनको पार्किङकालागि निर्माणाधिन अवस्थामा रहेको फुङलिङ वसपार्क बाहेक साउने पानी हेलिप्याड र सुकेटार समेत गरी जम्मा ३ स्थानलाई यातायात (बसपार्कको) तथा ढुवानीका साधनको पार्किङ स्थलनको रुपमा प्रयोग हुँदै आएको पाईएको छ जसको विवरण तालिका नं.१.४१ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.४१: वर्तमान यातायात र ढुवानीका साधनकालागि पार्किङ स्थलको अवस्थाको विवरण

क.सं.	वार्ड नं.	नाम	ठेगाना (स्थान)	कैफियत
१	४	फुङलिङ बसपार्क		नगर स्तरीय बस पार्क हाल निमार्णाधिन
२	६	बसपार्क तथा स्टेसन	सुकेटार	जग्गा भएको
३		साउनेपानी	हेलिप्याड	
जम्मा		**३**		

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.१९ सडक, ढल, नाला तथा पुल पुलेसाहरू

यस नगरपालिकाको आर्थिक समृद्धिको प्रमुख आधार कृषि तथा पर्यटनको विकास भएकाले सडक सञ्जाल नपुगेका टोल तथा बस्तिमा यातायात पूर्वाधारको रुपमा सडक विस्तार गर्ने साथै ग्रामिण स्तरमा रहेका कृषि सडकहरूको स्तरउन्नती गर्दै सवै खाले मौषममा यातायात तथा ढुवानीका साधन सञ्चालन हुन सक्ने बनाउने र वर्तमान माटोका सतह भएका कच्ची सडकलाई न्यूनतम रुपमा ग्रभेल गर्ने साथै ग्राभेल गरिएका सडकलाई क्रमस प्राथमिकताका आधारमा कालो पत्रे गर्ने गरी अघि बढ्न सके एक तर्फ आर्थिक उपार्जनका अवसरहरूको श्रृजना गरी स्थानीय नगरबासीको जीनवस्तर माथि उठाउन सकिन्छ भने नगरपालिका आफैले निर्माण गरेको सडकरूमा स्थानीय सरकार सञ्चालन ऐन लगायतका बिद्यमान ऐन कानूनमा भएको व्यवस्था बमोजिम स्थानीय पूर्वाधार सेवा शुल्कको व्यवस्था गरी नगरपालिकाको आन्तरिक आम्दानी समेत बढोत्तरी गर्न सकिने अवस्था रहन्छ । यस नगरपालिकाले तयार पारेको नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७ का आधारमा यस नगर भित्र सवै वडामा गरी मेची राजमार्ग अन्तरतग पर्ने कालोपत्रे सडक १९.९ कि.मि., ढलान भएको सडक ३.१ कि.मि., ग्रावेल सडक १८.१ कि.मि., सोलिङ गरिएको सडक ०.७ कि.मि., माटोको सतह भएको कच्ची सडक ४५५.६ कि.मि. तथा पदमार्ग २८.२ कि.मि. गरी आ.व. २०७६/७७ को अन्त सम्ममा (चालु आ.व.मा निर्माण गर्न प्रस्ताव गरिए बाहेक) कुल ५२५.५ कि.मि.सडक सञ्जाल रहेको अवस्था देखिएको छ । यस नगर भित्र कुल सडक मध्ये पदमार्ग बाहेक ८६.६९ % कच्ची वा माटोको सतह भएका कारण बर्सातको समयमा आवागमनमा अत्यन्त कठिनई उत्पन्न हुने गरेको अवस्था देखिन्छ । नगर क्षेत्र भित्र वर्तमानमा रहेको सडक सञ्जालको स्तरगत लम्बाई तालिका नं. १.४२ र १.४३ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.४२: सतह बनोटका आधारमा सडकको लम्बाई

क.सं.	सडक सतह	आ.व. २०७६/७७ सम्म	चालु आ.व. २०७७/७८ (निर्माणका लागि प्रस्ताव गरिएका)	जम्मा	कैफियत
१	कालो पत्रे	**१९.९**	०.०	१९.९	कालोपत्रे सडकको अधिकांस भाग मेची राजमार्ग अन्तरगत बनेको सडकमा पर्दछ
२	ढलान	**३.१**	०.८	३.९	
३	ग्रावेल	**१८.१**	३.१	२१.२	
४	सोलिङ	**०.७**	०.०	०.७	
५	माटो	**४५५.६**	२८.२	४८३.८	
६	पदमार्ग	**२८.२**	४.७	३२.९	
जम्मा		५२५.५	३६.८	५६२.३	

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

चित्र नं.१.१६: सडकको सतह बनोटको आधारमा लम्बाई बिबरण (कि.मि.)



तालिका नं.१.४३: सडक सतहका आधारमा लम्बाई (कि.मि.) आ.व. २०७६/७७ सम्म

वडा नं.	सडक सतहका आधारमा लम्बाई (कि.मि.) आ.व. २०७६/७७ सम्म						
	कालो पत्रे	ढलान	ग्रावेल	सोलिङ	माटो	पदमार्ग	जम्मा
१	०.०	०.०	०.७	०.०	२८.७	०.०	२९.४
२	०.९	०.१	०.६	०.०	६.२	१.२	८.९
३	०.५	०.०	७.०	०.०	८३.०	०.०	९०.५
४	१.५	०.६	०.८	०.२	५.०	२५.०	३३.१
५	२.०	१.२	१.५	०.०	०.५	०.५	५.७
६	५.०	०.९	०.०	०.३	३८.०	०.९	४५.१
७	०.०	०.३	०.०	०.०	२१.२	०.०	२१.५
८	१०.०	०.०	०.०	०.०	४०.०	०.०	५०.०
९	०.०	०.०	७.५	०.०	१४३.०	०.६	१५१.१
१०	०.०	०.०	०.०	०.२	३०.०	०.०	३०.२
११	०.०	०.०	०.०	०.०	६०.०	०.०	६०.०
जम्मा	१९.९	३.१	१८.१	०.७	४५५.६	२८.२	५२५.५

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.२० खेल मैदानहरूको विवरण

आज विश्वमा खेलको माध्यम बाट विभिन्न मुलुकहरूले आफ्नो पहिचानमा ब्यापकता ल्याउन र विश्वा सामु आर्थिक गतिविधिको बाटो निर्माण गर्न सकेका कयौं उद्धारण हाम्रो सामु छन् । बिद्यालय स्तरीय खेलमैदानको विकास र व्यवस्थापन बाट बालबालिकाको क्षमताको खाजी गर्न होस वा बिद्यालय उमेरबाट बाहिरिए पछि खेलक्षेत्र बाट मुलुकको छवी उच्च राख्न र आर्थिक समृद्धिमा योगदान गर्न खेलकुदको महत्वपूर्ण योगदान रहन्छ । वर्तमान अवस्थामा यस नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका केहि सामुदायिक र अधिकाङ्स संस्थागत बिद्यालयमा पर्याप्त खेल मैदानको व्यवस्था हुन सकेको देखिदैन भने नगरपालिका तथा जिल्ला स्तरको निर्माणाधिन अवस्थामा रहेको फुङ्लिङ रङ्गशाला साथै वडा स्तरमा सामान्य रुपमा रहेका समेत गरी जम्मा ११ वट खेलमैदानहरू र ३ वटा कभर्डहल रहेको अवस्था देखिएको छ । यस नगरको दिगो विकास योजना अन्तरगत खेलमैदानहरूको स्तरोन्नती र विकास बाट ब्यवसायिक खेलाडिको उत्पादनका साथमा खेलकुद कार्यक्रमको दिगो र प्रतिस्पर्धि ब्यवस्थापन बाट नगरपालिकाको आन्तरिक आयमा समेत मात्रात्मक र गुणात्मक बृद्धि गर्न सकिने भए बाट यस नगरपालिकाले खेलमैदानको स्तरोन्नतीकालागि कृयाशिल हुनु पर्ने अवस्था रहेको छ । नगर भित्र रहेका खेलमैदान तथा कभर्डहलको वर्तमान अवस्था सहितको विवरण तालिका नं.१.४४ मा उल्लेख गरिएको

तालिका नं.१.४४: नगर क्षेत्र भित्र रहेका खेलमैदान र तीनको अवस्था सम्बन्धी विवरण

वार्ड नं.	क.सं.	नाम	ठेगाना (स्थान)	वर्तमान अवस्था
२	२.१	फुङ्लिङ रङ्गशाला	तारीबुङ	हाल निर्माणाधिन
३	३.१	वडा स्तरीय खेल मैदान	सिम्ले, ढाँडागाउँ	१६ रोपनी जग्गा फुङ्लिङ न.पा-३ का नाममा जग्गा धनी प्रमाण पुर्जा भएको र हाल ७० मी. लम्बाई ३० मी. चौडाई मात्र सम्याई सामान्य काम चलाउ
	३.२	सिंटेनी , सिकारीडाडाँ, भलिवल खेलमैदान सिटेनी	सिटेनी	२ रोपनी जग्गा गो भलिवल कोट वनाई खेल खेल्दै गरेको
	३.३	सुवर्ण भुमी आँगेदिम साजेवारी खेल मैदान	आँगेदिम	३ रोपनी जग्गा
	३.४	फुङ्लिङ खेलमैदान पिपलडाडाँ गैरी गाँउ	गैरीगाँउ	२ रोपनी जग्गा क्लवका नाममा रहेको
	३.५	माथिल्लो मेदिवुङ खेल मैदान	मेदिवुङ	३ रोपनी जग्गा भएको
४	४.१	कभर्ड हल	माछा पोखरी	भएको
	४.२	कभर्ड हल	थेवे टोल	भएको
	४.३	कभर्ड हल	वाल मन्दिर टोल	भएको
९	९.१	लाम्पोखरी खेल मैदान	लाम्पोखरी	९ साइज प्याराफिट
	९.२	नन्दमाया खेल मैदान	सैसेल	७ साइज प्याराफिट
१०	१०.१	मिनी स्पोर्टीङ खेलमैदान	गडीडाँडा	हाल सञ्चालनमा
११	११.१	फावाखोलाखेल मैदान	तेम्बेवा	निर्माणधिन
	११.२	सरस्वति आ.वि.खेल मैदान	कात्तिके	हाल सँचालनमा रहेको
जम्मा		खेलमैदान ११, कभर्डहल ३ गरी १४		

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.२१ पर्यटन पूर्वाधारः

पर्यटन बिकास आर्थिक समृद्धि निर्माणको एक महत्वपूर्ण पक्ष रहन गएको छ। पर्यटन पूर्वाधार र सेवाहरूको निर्माण बिकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागमनलाई प्रभावकारी सम्योजन यस नगरपालिकाको आर्थिक समृद्धि निर्माणको एक बलियो आधार बन्ने सम्भावना प्रसस्त देखिएको कारण यस नगर भित्र वा आसपासमा रहेका ऐतिहासिक महत्वका पर्यटक क्षेत्रहरूको एकल वा सम्युक्त साझेदारीमा बिकास गर्ने तर्फ बिशेष पहल गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ।

१.२१.१ सांस्कृतिक तथा धार्मीक स्थलहरूः

फुङ्लिङनगरपालिकामा परापूर्वकालदेखिनै विभिन्न जातजाती तथा धार्मीक समुदायको बसोवास रहेको नगरपालिका हो। यस नगरपालिका भित्र बसोवास गर्ने विभिन्न समुदायले परम्परादेखिने मानाउँदै आएका चाडबर्प लगायत विभिन्न जातजाती सँग सम्बन्धित मठ मन्दिर, गुम्बा लगायतका धार्मीक स्थलहरूले समेत यस क्षेत्रको पहिचानलाई जोगाईराख्न सफल भएको अवस्था छ। फुङ्लिङ नगरपालिका क्षेत्र भित्र वडा नं. १ देखि ११ सम्मको अध्ययन गर्दा मन्दिर ४० वटा देविथान १२ वटा, गुम्बा ४, किरात महिम ३, स्तुपा १ र मण्डली १ गरी कुल ६१ वटा रहेको अवस्था देखिएको छ। उल्लेखित विवरणमा विगत देखिनै ख्याति प्राप्त चण्डेश्वर धाम, मुक्तेश्वर मन्दिर लगायत पर्यटकीय स्थलनको रुपमा प्राचिन कालदेखिनै परिचित पाथीभरा देबीको मन्दिर समेत रहेका कारण एकीकृत गुरुयोजना तर्जुमा र आवश्यक पर्यटन पूर्वाधारहरू निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटककालागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको पर्यटन क्षेत्रको रुपमा निर्माण विकासका साथ रोजगारी श्रृजना र आर्थिक समृघि निर्माणको बलियो आधार निर्माण गर्न सके यस नगरपालिकाको आन्तरिक आयमा उल्लेख्य बृद्धि हुन सक्ने सम्भावना बलियो रहेको अवस्था छ। यस नगर भित्र र आसपासमा रहेको पर्यटन बिकास र प्रवर्द्धनमा बलियो आधारको रुपमा बिकास गर्न सकिने मन्दिर, देवीथान, गुम्बा लगायतको विस्त्रित विवरण तालिका नं १.४५ मा उल्लेख गरिएको छ।

तालिका नं.१.४५: नगर क्षेत्र भित्र रहेका धार्मीक स्थलहरूको विवरण

वार्ड नं.	क.सं.	नाम	ठेगाना (स्थान)	वर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)
१	१.१	शिवालय मन्दिर	सेगुम्बा	मन्दिर हाल निजि
	१.२	शिहँदेवी मन्दिर	लप्सी बोटे टोल	मन्दिर
	१.३	धानपुराहाङ मन्दिर	नाङगे	मन्दिर जग्गा
२	२.१	गुम्बा	देउलिङगे	भवन जग्गा
३	३.१	मुक्तेश्वर नाँग मन्दिर	मेदिवुङ, सिटौला गाउँ	६ रापनी जग्गा भएको मुहानमा पानी ट्याङ्की वनाएको फलाम च्यादरको १ वटा ट्रस्ट व्लक भएको नाँग को पुजा स्तम्भ रुवरुप निमार्ण गरिएको
	३.२	पृथीवेलास पाटी डाँडा शिव शंकर मन्दिर	फुङलिङ-३ मेदिवुङ, पाटी डाँडा	१ रोपनी जग्गा भित्र १८३६ मा स्थापना भएका ईटा ढुङ्गाको मन्दिर भित्र शिव शंकर भोलेबाबाको मुर्ति रहेको र पुरानो पार्टी समेत भएको
	३.३	गेहेश्वर शिव मन्दिर मेदिवुङ	वा.सु.सं मा.वि छेउ	१९१६ मा गेहनाथ वराल ले स्थापना गरेको शिव परिवारका मुर्तिहरू भएको पुरानो त्यही स्थानमा इटा वनाई निमार्ण भएको मन्दिर छ पुरानो र जिर्ण
	३.४	शिव मन्दिर	ससस्त्र क्याम्प छेउ	१ रापनी जग्गा दाता वाट निःशुल्क प्राप्त छ (दशनामी समाज बाट निर्मित)
	३.५	विश्व ब्रम्ह रुपी शिला महादेव मन्दिर	भाटे घाट	भाटेघाट जाने मोटर बाटो खुल्ने काममा फेला परका शिला हो। उक्त शिला भेटिएको स्थानमा महादेव शिव मन्दिर निमार्ण तथा भौतिक पुर्वाधार तथा आवश्यक ५ रोपनी जग्गा छ
	३.६	राम वशिस्ट मन्दिर	फुङलिङ -३ क्यानिम्र	श्री राम भगवानको मन्दिर भएको १ वटा ट्रसको व्लक रहेको सार्वजनिक ट्वाईलेट सामान्य रहेको अस्थाई खानेपानी छ

				कम्पाउन्ड सामान्य रहेको
	४.१	हर्कजङ्ग गुठी मन्दिर	जिमिपोखरी कोप्चे	मन्दिर, जग्गा, घेराबारा, पोखरी
	४.२	शिवालय मन्दिर	शिवालय चोक	मन्दिर, जग्गा
	४.३	भिन्तुना मन्दिर	भिन्तुना जौबारी	मन्दिर, जग्गा
	४.४	जलकन्या मन्दिर	कोप्चे सानो धारा	खानेपानी जग्गा मन्दिर, जग्गा नभएको
	४.५	गणेशथान मन्दिर	कोप्चे ठूलो धारा	हर्कजघ गुठीको मन्दिर, जग्गा नभएको
	४.६	शिव मन्दिर	कोप्चे ठूलो धारा	हर्कजघ गुठीको जग्गामा मन्दिर, जग्गा नभएको
	४.७	सरस्वती मन्दिर	भानु जन स्कूल	भानु जन माविको जग्गामा
	४.८	सिंहदेवी मन्दिर	कोठेबारी	सामुदायिक वनको जग्गामा
	४.९	कोठेवारी देवीथान	कोठेबारी	जग्गा भएको
	४.१०	फुङ्लिङ देबीथान	थेवे टोल	जग्गा भएको
	४.११	थेवे चौकी देवीथान	थेवे टोल	जग्गा भएको
	४.१२	बरबोटे देवीथान	एङ्देन टोल	जग्गा भएको
	४.१३	माछा पोखरी देवीथान	माछापोखरी टोल	जग्गा भएको
४	४.१४	ओजाहाङ देवीथान	थेवे टोल	जग्गा भएको
	५.१	हनुमान शिव कृष्ण रामजानकी मन्दिर	बिरेन्द्र चोक	जग्गा, मन्दिर सामान्य
	५.२	सिहँ देबि मन्दिर	उकाली पानी	जग्गा, मन्दिर सामान्य
	५.३	दुर्गा मन्दिर	सिर्जना टोल	जग्गा, मन्दिर सामान्य
	५.४	शिवालय मन्दिर	उकाली पानी	जग्गा, मन्दिर सामान्य
	५.५	भिम्सेन मन्दिर	बिरेन्द्र चोक	जग्गा, मन्दिर सामान्य
	५.६	कृष्टीथ बत्तिस मण्डली	सिर्जना टोल	भवन
५	५.७	किरात मांहिम		
	६.१	पाथिभरा मन्दिर	पैयाँबोटे	मन्दिर, जग्गा
	६.२	शिवालय मन्दिर गुरुङ गुम्बा भोटे गुम्बा	एयरपोर्ट	मन्दिर, जग्गा, गुम्बा
	६.३	डिमाछोलिङ गुम्बा	गुम्बा डाँडा	भवन निर्माण जग्गा, गुम्बा
	६.४	भोटे गुम्बा	डाँडाबारी	गुम्बा, जग्गा
	६.५	माङहिम किरात	बिहीबारे	जग्गा, भवन
	६.६	महादेब थान	ओखरे	जग्गा
६	६.७	पाथिभरा मन्दिर	बाँझोगरा	जग्गा तथा मन्दिर
	७.१	किरातेश्वर महादेब बौद्ध स्तुपा	तोक्मेडाँडा	मन्दिर, जग्गा, घेराबारा, खानेपानी
	७.२	मुर्ति ढुङ्गा मन्दिर	मुर्ति ढुङ्गा	जग्गा
७	७.३	मुधिम कोक्मा माङ्हिम	सामुदायिक वन	जग्गा उपलब्ध रहेको
	८.१	शिवालय मन्दिर	मानेढुङ्गा	जग्गा, मन्दिर
८	८.२	चारपाटे ढुङ्गा मुर्ती	चारपाटे	मन्दिर, जग्गा

		निर्माण मन्दिर		
	८.३	सानो पाथिभरा मन्दिर	पैंयुबोटे	जग्गा
	८.४	किरात कोइच सुनुवार मन्दिर	ल्याङवा	जग्गा
	८.५	सनसरी माई मन्दिर	सल्लेरी	सामान्य अवस्था
	८.६	महाँदेवस्थान	पैंयुबोटे सुकेटार	जग्गा उपलब्ध रहेको
	९.१	सिद्धि डाँडा मन्दिर	सिद्धि डाँडा	जग्गा, मन्दिर
	९.२	जगदम्वा कालिका मन्दिर	काकौगाऊँ	मन्दिर, जग्गा
९	९.३	पाथिभरा मन्दिर	पाथिभरा डाँडा	मन्दिर, जग्गा
	१०.१	पाथिभरा मन्दिर	पाथिभरा डाँडा	जग्गा मन्दिर
	१०.२	महादेव थान	महादेव थान	हाल भएको
१०	१०.३	सानो पाथिभरा मन्दिर	भ्याकुरे	जग्गा सानो कुटी
	११.१	महादेव थान	सिस्ने	जग्गा मन्दिर
	११.२	पाथिभरा मन्दिर (ठूलो)	फुङ्लिङ नगरपालिका, फक्ताङलुङ र सिरजिंगा गाउँपालिकाको संगम स्थल मा अवस्थित	ऐतिहासिक देवीको मन्दिर (संघीय तथा प्रादेशिक महत्वको धार्मीक स्थलको रुपमा परिचित र स्थापित)
	११.३	थामडाँडा सानो पाथिभरा मन्दिर	थामडाँडा	जग्गा नभएको
	११.४	गुप्तेश्वरी मन्दिर	निकास	जग्गा नभएको
	११.५	भन्ज्याङ पाथिभरा मन्दिर		जग्गा नभएको
	११.६	सिंहदेवी मन्दिर		जग्गा नभएको
	११.७	गुरासे डाँडा सानो पाथिभरा मन्दिर		जग्गा नभएको
११	११.८	चिचिनतेम्बेवा देविथान		जग्गा नभएको
जम्मा		६१		

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.२१.२ पार्क, पोखरी, तालतलैया तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण

फुङ्लिङ नगरपालिका भित्र नगरको नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७, का आधारमा यस नगरपालिका क्षेत्र भित्र रहेका धार्मीक स्थल बाहेक विभिन्न पार्क तथा मनोरञ्जन स्थलहरू रहेको पाईएको छ । यस नगर भित्र रहेका यस्ता पार्कहरूमा शहीद स्मृति पार्क, रविन्द्र स्मृति पार्क, चारपाटे ढुँगा पर्यटन स्थल, ओखेचौर पार्क, शिवालय र देउराली भित्री सामुदायिक वनको गुप्ते क्षेत्रमा बिश्व शान्ति पार्क लगायतका पार्कहरू रहेको पाईएको छ भने ऐतिहासिक महत्वका पोखरी, सिमसार, गुफा, थुम्का, ढुङ्गा, वनभोज स्थल लगायतका विभिन्न पर्यटकीय स्थलहरू समेत रहेका छन् । नगरपालिकाले दिगो विकासमा आधारित योजना तर्जुमा गरी एकीकृत पर्यटन विकास गुरुयोजना तयार पारी नीतिगत, योजनागत र बजेट व्यवस्थापन सहितका पर्यटकीय स्थलका रुपमा व्यवस्थित गर्न सके नगरपालिकाको आर्थिक समृद्धि निर्माणमा यथेष्ठ योगदान पुग्ने सम्भावना रहेको छ । यस सम्बन्धी विवरणहरू तालिका नं. १.४६ देखि १.४९ सम्ममा उल्लेख गरिएको छ ।

तालिका नं.१.४६: नगरपालिका क्षेत्र भित्र रहेको मूख्य पार्कहरूको विवरण

क.सं.	पार्कको नाम	ठेगाना	कैफियत
१	शहीद स्मृति पार्क		
२	रविन्द्र स्मृति पार्क		
३	चारपाटे ढुँगा पर्यटन पार्क		
४	ओखेचौर पार्क		
५	विश्व शान्ति पार्क	शिवालय र देउराली भित्री सामुदायिक वनको गुप्ते क्षेत्रमा	

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं.१.४७: पोखरी तथा ताल तलैया

वार्ड नं.	क.सं.	नाम	ठेगाना (स्थान)	वर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)
३	३.१	वोभ्कोघारी नागथान पोखरी	फुङलिङ-३, पोखरी गौरी गाँउ	४ रोपनी जग्गामा १४० मीटर वरीपरी ५ फूट गहिरो पोखरी रहेको, ढुङ्गा को पर्खाल लगाएको नागथान पुरानो वाल को मन्दिर स्थापना गरेको
५	५.१	सरस्वती पोखरी	बिरेन्द्र चोक	फुङलिङ न.पा.को मुख्य बाजर भित्र अवस्थित पोखरी, सामान्य रुपमाा रहेको
७	७.१	किरात चोक पोखरी	मेलडाँडा	पोखरी
८	८.१	बेजम्बु पोखरी	बेजम्बु	जग्गा उपलब्ध रहेको तथा पोखरी जिर्ण रहेको
९	९.१	ओखे चौर ताल	ओखे	निर्माणाधिन
	९.२	सिद्धि डाँडा पोखरी	सिद्धि डाँडा	पोखरी छ
१०	१०.१	छायाँ पोखरी	मयाम	ताल, जग्गा छ
११	११.१	सिस्ने पोखरी	सिस्ने युमाखाम,	ताल, हाल सञ्चालनमा
जम्मा		**८**		

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं.१.४८: झर्ना, थुम्का, डाँडा

वार्ड नं.	क.सं.	नाम	ठेगाना (स्थान)	वर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)
१	१.१	चुलि ढुङ्गा	निकिजुङ टोल	हाल नभएको
२	२.१	गैरीडाँडा	देउलिङ्गे	हाल नभएको
	२.२	पाथिभरा डाँडा	पाथिभरा डाँडा	डाँडा मात्र हाल
३	३.१	च्यानीपाखा छेउको थुम्का डाँडा	च्यानीपाखा छेउ	हाल हावासाल पार्टी भएको र उक्त ठाँउबाट वडा नं. ३ को ७० % भाग देख्न सकिने
४	४.१	भिन्तुना डाँडा		रमणीय स्थलको रुपमा रहेको
५	५.१	नाँग झर्ना	फुनपा ५	व्यवस्थित नभएको
	५.२	थुम्का तथा डाँडा	फुनपा ५	पहिचान गर्न बाँकी रहेको

६	६.१	छरछरे झर्ना	योवाजोङ	हाल सामान्य
	६.२	छाङखोला झर्ना	बतासे	हाल सामान्य
७	७.१	चिलढुङ्गा भ्यू टावर		जग्गा उपलब्ध रहेको
	७.२	लभडाँडा भ्यू टावर		जग्गा उपलब्ध रहेको
८	८.१	कालिडाँडा	कालिडाँडा	जग्गा उपलब्ध रहेको
	८.२	संसारी डाँडा	सालिम्बे	सार्वजनिक जग्गा उपलब्ध रहेको
९	९.१	चारपाटे भ्यूटावर	चारपाटे	निर्माणाधिन
	९.२	गुप्ते डाँडा, थुम्का	गुप्ते	निर्माणाधिन
	९.३	संखर्ने बुङकुलुङ गुरुङ सबदाहा गृह	बुङकुलुङ	पैदल यात्री मार्ग
	९.४	कटहरे कामी डाडा	साबिक ४,५	पैदल यात्री मार्ग
	९.५	थुम्मा आसाङपाटी लामपोखरि	साबिक ६,३	पैदल यात्री मार्ग
	९.६	बैदारे गाईगाडे,लामपोखरी सैसले देउराली	साबिक७,८,३,२,१	पैदल यात्री मार्ग
१०	१०.१	चुच्चे ढुङगा	लामाथान चोक	ढुङगा
	१०.२	थवाङ झरना		छालुङ छाँगा
	१०.३	सिस्ने झरना	मयाम	सिस्ने
११	११.१	सोली डाँडा	सोली डाँडा	हाल डाँडामात्र
	११.२	सिकारीस डाँडा	साविक वडा नं. ४	हाल डाँडामात्र रहेको
जम्मा		२४		

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

तालिका नं.१.४९: पार्क, पिक्निक स्पट, मनोरञ्जन स्थल

वार्ड नं.	क.सं.	नाम	ठेगाना (स्थान)	वर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)
३	३.१	पाटीघर संङग्रालय		१९१८ मा निर्मित भएको साथै जिर्ण अवस्थामा
	३.२	वा.सु.मा.वि मुनी च्याने पाखा रमिते डाँडा भ्यु टावर		२ रापनी जग्गा सरकारी रहेको र सार्वजनीक रुपमा प्रयोग भईरहेको
४	४.१	सहिद पार्क		सामान्य अवस्थामा रहेको
६	६.१	गुरुङ सँङग्रहालय	गैरी गाउँ	भवन जग्गा
	६.२	किरात याक्थुङ कलाकार मँञ्च	फुलपाती डाँडा	हाल भाडाँमा
७	७.१	शहीद स्मृति पार्क	तोक्मेडाँडा	निमार्णाधिन अवस्थामा रहेको
८	८.१	चारपाटे काली डाँडा पिकनिक स्पट,	काली डाँडा	जग्गा खानेपानी
	८.२	पैयुबोटे थुम्की सादु डाँडा	पैयुबोटे	सार्वजनिक जग्ग उपलब्ध रहेको

	८.३	हिटी केदार टोल होमस्टे	हिटी	जग्गा जमिन उपलब्ध रहेको
१०	१०.१	सात मुले	डढेले टोल	पानी उम्लिने
जम्मा		**३१**		

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.२२ बैंक, वित्तीय संस्था, लघुवित्त साथै सहकारीहरूको बिबरण

आर्थिक समृद्धि निर्माणमा उत्पादनमुलक उद्योग, व्यापार तथा व्यवसाय साथै मानवको दैनिकी सँग प्रत्यक्ष जोडिएको तथा सरोकार राख्ने बैंक वित्तीय संस्था साथै सहकारीहरूको उपस्थिति एक अनिवार्य सर्त हो । यस नगरपालिका भित्र स्थापित भई सञ्चालनमा रहेका यस प्रकारका सस्थाको उपस्थितिका बारेमा अध्ययन गर्दा बाणिज्य बैंक १० वटा विकास बैंक १ वटा, लघुवित्त संस्था ३ वटा, इन्स्योरेन्स कम्पनी ३ वटा, बचत तथा ऋण सहकारी संस्था १२ वटा, कृषि सहकारी संस्था २३ वटा, बहुद्देशीय सहकारी संस्था २ वटा, दुध उत्पादक सहकारी संस्था २ वटा, महिला सहकारी संस्था १ वटा, पयर्टन सहकारी संस्था १ वटा, सामुदायिक बहुमुखि सहकारी संस्था १ वटा, जलविद्युत सहकारी संस्था ३ वटा गरी कुल सहकारी संख्या ४५ सहेत बैंक वित्तीय संस्था र सहकारीहरूको उपस्थिति ६२ रहेको छ भने सहकारी सस्था सँग आवद्ध रहेको २ वटा जिल्ला सहकारी संघ समेत यसै नगरपालिका भित्र अवस्थित रहि कृयाशिल रहेका छन् । उल्लेखित विवरणका आधारमा भन्ने हो भने बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति सन्तोस जनक रहेको भएता पनि अधिक संख्यामा यी संस्थाहरू वडा नं. ३, ४, ५ र ७ मा रहेको पाईएको छ भने वडा नं. १ मा एक वटा पनि नरहेको अवस्था रहेको छ । नेपाल सरकारका घोसित नीति तथा आर्थिक विकास र समृद्धिको मुल कडिको रुपमा सवै व्यक्ति र घरपरिवारले बैंकिङ पहुँचमा आवद्ध हुन अनिवार्य छ । यस बिषयका आधारमा अध्ययन गर्दा यस नगरका कुल घरपरिवार मध्ये १७६८ (३४.३८ %) को कुनै पनि बैंक वित्तीय संस्था (सहकारी संस्था बाहेक) मा खाता नभएको अवस्था देखिएको छ । यस अध्ययनका आधारमा नगरपालिकाले सवै नगरबासीलाई बैंकिङ पहुँच भित्र ल्याउन उपस्थित बैंक वित्तीय संस्था समेतको साझेदारीमा न्यूनतम एक परिवार एक बैंक खाता हुनै पर्ने व्यवस्थापनकालागि रणनीतिक रुपमा अभियान गर्त कार्य गर्न आवश्यक देखिएको छ । उपरोक्त तथ्याङ्कको विस्त्रित विवरण तालिका नं.१.५० मा उल्लेख गरिएको छ ।

तालिका नं.१.५०: नगरभित्र सञ्चालनमा रहेको बैंक तथा बत्तीय संस्था साथै सहकारीहरूको विवरण

क.सं.	बैंक तथा बित्तीय संस्था र सहकारीहरुको नाम	वडा नं.	बार्षिक कारोवार रु (हजारमा)	लगानी रु (हजारमा)	लगानीको मुख्य क्षेत्र
क. बैंक तथा बित्तीय संस्था					
१	एन.आई.सि.एसिया बैंक लिमिटेड	४			
२	सेन्चुरी बैंक लिमिटेड	४			
३	एस.वि.आइ बैंक लिमिटेड	४			
४	एन.एम.वि. बैंक लिमिटेट	५			
५	ग्लोवल आइ.एम.ई. बैंक लिमिटेट	५			
६	गण्डकी विकास बैंक लिमिटेट	५			
७	सिद्धार्थ बैंक लिमिटेट	५			
८	माछापुच्छे बैंक लिमिटेट	५			
९	लक्ष्मी बैंक लिमिटेड	५			

१०	नेपाल बैंक लिमिटेड	५			
११	सानिमा बैंक लिमिटेड	५			
ख. लघू बित्त संस्था					
१	स्वदेशी लघुबित्त बित्तीय संस्था				
२	नेरुडे लघुबित्त बित्तीय संस्था	५			
३	निर्धन उत्थान लघुबित्त बित्तीय संस्था	५			
ग. इन्स्योरेन्स कम्पनी					
१	आइ एम इ लाईफ इन्स्योरेन्स				
२	शिखर इन्स्योरेन्स	४			१७
घ. सहकारी संस्था					
घ.१ बचत तथा ऋण सहकारी संस्था					
१.१	राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.	४	४४१५४५१.०		
१.२	नागरिक बचत तथा ऋण सहकारी संस्था लि.	४			
१.३	चेलिमाईती बचत तथा ऋण सहकारी संस्था लि.	४			
१.४	पञ्चकन्या बचत तथा ऋण सहकारी संस्था लि.	४			
१.५	शुभलाभ बचत तथा ऋण सहकारी संस्था लि.	५			
१.६	शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लि.	५	५५११७३५.०		
१.७	लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.	५			
१.८	सल्लेरी बचत तथा ऋण सहकारी संस्था लि.	५			
१.९	सहयात्री बचत तथा ऋण सहकारी संस्था लि.	५			
१.१०	शिलाजित बचत तथा ऋण सहकारी संस्था लि.	७			
१.११	आसाङपाटी महिला बचत तथा ऋण सहकारी संस्था लि.	९			
१.१२	चुच्चे ढुङ्गा बचत तथा ऋण सहकारी संस्था लि.	१०			१२
घ.२: कृषि सहकारी संस्था					
२.१	सूर्योदय कृषि सहकारी संस्था लि.	२			
२.२	याङलिजुङ कृषि सहकारी संस्था लि.	२	१०६५४८५.०		
२.३	कञ्चनजङ्घा कृषि सहकारी संस्था लि.	३	३८२१४८२.०		
२.४	फुङ्लिङ कृषि सहकारी संस्था लि.	३			
२.५	मेदिबुङ उन्नत पशुपालन र कृषि सहकारी संस्था लि.	३			
२.६	जनमुखि सरोकार कृषि सहकारी संस्था लि.	४			

२.७	तमोर महिला कृषि सहकारी संस्था लि.	४			
२.८	युवा कल्याणकारी कृषि सहकारी संस्था लि.	४			
२.९	पहाडी अलैची कृषि सहकारी संस्था लि.	४	२८२६०००.०		
२.१०	न्यू कञ्चनजङ्घा कृषि सहकारी संस्था लि.	५	२५५४७२.०		
२.११	फक्ताङलुङ कृषि सहकारी संस्थ लि.	५			
२.१२	श्रमिक कृषि सहकारी संस्था लि.	५			
२.१३	हिमाली ग्रामिण कृषि सहकारी संस्था लि.	६			
२.१४	नमुना महिला कृषि सहकारी संस्था लि.	७			
२.१५	मेवा ल्याङ्वा कृषि सहकारी संस्था लि.	७	१३७४८७२.०		
२.१६	उज्यालो सामुदायिक कृषि सहकारी संस्था लि.	७			
२.१७	पाथिभरा कृषि सहकारी संस्था लि.	८	५१५०००.०		
२.१८	पाथिभरा चिया उत्पादन सहकारी संस्था लि.	९			
२.१९	हाङ्देवा कृषि सहकारी संस्था लि.	९			
२.२०	मध्य पहाडी अलैची कृषि सहकारी संस्था लि.	९			
२.२१	पाथिभरा महिला कृषि सहकारी संस्था लि.	१०			
२.२२	फावाखोला महिला कृषि सहकारी संस्था लि.	११			
२.२३	नोवेल कृषि सहकारी संस्था लि.	११			२३
घ.३ बहूद्देशीय सहित अन्य सहकारी संस्था					
३.१	आधारशिला बहुद्देशीय सहकारी संस्था लि.	४	६७६०००.०		
३.२	सदाबहार दुध उत्पादक सहकारी संस्था लि.	४			
३.३	कञ्चनजङ्घा सामुदायिक बहुमुखी सहकारी संस्था लि.	४	११४३७२२७४.०		
३.४	पूर्वेली पर्यटन सहकारी संस्था लि.	५			
३.५	कामुधेनु दुध उत्पादन सहकारी संस्था लि.	५	९१११९००.०		
३.६	ताप्लेजुङ बहुद्देशीय सहकारी संस्था लि.	५	१६८७४९९२०.०		
३.७	हिमाली महिला सहकारी संस्था लि.	९			७
घ.४ जलविद्युत सहकारी संस्था					
४.१	चिमाल जलविद्युत सहकारी संस्था लि.	४			
४.२	मध्य फावाखोला जलविद्युत सहकारी संस्था लि.	५	१७०००००		
४.३	याफ्ले मैवाखोला विद्युत सहकारी संस्था लि.	९			३
घ.५ जिल्ला सहकारी संघ					

५.१	बचत तथा ऋण जिल्ला सहकारी संघ लि.	५			
५.२	जिल्ला सहकारी संघ लि.	५	२७०६८४३.०		२
कुल जम्मा			**३१७१०२४३४.०**		

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.२३ विभिन्न समिति तथा, टोल विकास संस्थासमेतका सामाजिक संघसंस्थाहरू र तीनमा आवद्ध जनसङ्ख्या

नगरपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहमा स्थानीय स्तरमा रहेका सामाजिक संघ संस्थाको महत्वपूर्ण भूमिका रहन्छ । यस नगर भित्र स्थापित भई नगरपालिकाका विभिन्न विकास निर्माण र सेवा प्रवाह सँग सम्बन्धित कार्यमा सहयोग गरिरहेको संघ संस्था मध्ये ५१ वटा सामुदायिक संस्था, ३४ वटा वन समुह, ३३ वटा परंपरागत समुह, ५२ वटा आमा समुह, ५ वटा नागरिक सचेतना केन्द्र साथै ४६ वटा टोल विकास संस्थाहरू कुल २२१ वटा सामाजिक संघ संस्था र साथै जिल्ला स्तरमा जिल्ला खेलकुद विकास समति समेत गरी जम्मा २२२ वटा संघ संस्थाहरू प्रत्यक्ष रुपमा कृयाशिल रहेको अवस्था देखिएको छ । वर्तमान नगरपालिकाहरू स्थानीय सरकारको रुपमा कृयासिल रहिरहेको यस अवस्थामा स्थानीय विकास निर्माण तथा स्थानीय सामाजिक सचेतना, सशक्तिकरण र क्षमता विकासका क्षेत्रमा स्थानीय टोल तथा बस्तीको साथी वा साझेदार र सहयोगिको रुपमा टोल विकास संस्थाहरू लगायत सामाजिक रुपमा कृयाशिल सवै प्रकारका संघ संस्थाको भुमिका लाई आर्थिक समृद्धि निर्माण र आन्तरिक राजश्व व्यवस्थापनमा थप प्रभावकारी बनाउन सके यस नगरपालिकाको आन्तरिक आयमा गणनायोग्य बृद्धि गर्न सकिने सम्भावना देखिएको छ । यस नगर भित्र रहेका विभिन्न संघ संस्था सहित टोल विकास संस्थाहरू र खेल क्षेत्रमा आवद्ध खेलाडिहरूको नामावली सहितको विवरण तालिका नं.१.५१ र १.५२ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.५१: सामुदायमा आधारित सामुदायिक संघ संस्था सम्बन्धी संख्यात्मक विवरण

नगरपालिका क्षेत्र भित्र वडागत रुपमा रहेका सामुदायमा आधारित सामुदायिक संघ संस्था सम्बन्धी संख्यात्मक विवरण							
वडा नं.	सामुदायिक संस्था	वन समुह	परम्परागत समुह	आमा समुह	नागरिक सचेतना केन्द्र	टोल विकास संस्था	जम्मा
१	६	२	३	५	१	५	**२२**
२	५	३	२	५		४	**१९**
३	३	२	५	६		४	**२०**
४	४	४	३	५		३	**१९**
५	६	३	२	५		५	**२१**
६	७	४	३	४		३	**२१**
७	५	३	२	४	१	४	**१९**
८	४	३	३	५		५	**२०**
९	३	४	४	४	१	४	**२०**
१०	४	२	२	५	१	५	**१९**
११	४	४	४	४	१	४	**२१**

जम्मा	**५१**	**३४**	**३३**	**५२**	**५**	**४६**	**२२१**

श्रोतः नगरपालिका संस्थागत सर्वेक्षण तथा नगरकार्यपालिका अभिलेख, २०७७

तालिका नं. १.५२: नागरिक सचेतना केन्द्रमा आवद्ध परिवार तथा सदस्य संख्या र लगानिको अवस्था

नागरिक सचेतना केन्द्रमा आवद्ध परिवार तथा सदस्य संख्या र लगानिको अवस्था										
क.सं.	नागरिक सचेतना केन्द्र	समुहमा आवद्ध परिवार तथा सदस्य संख्या							लगानी रु	लगानीको उद्देश्य
		महिला	पुरुष	जम्मा	दलित	जनजाती	अन्य	जम्मा		
१	दोखु	१७	८	२५	५	२०	०	२५	४०००००००	आय आर्जन
२	फुङ्लिङ	१४	१३	२७	१०	१७	०	२७	४०००००००	आय आर्जन
३	हाङ्देवा	२२	५	२७	१०	१७	०	२७	४०००००००	आय आर्जन
४	फुरुम्बो	१६	११	२७	११	१६	०	२७	४०००००००	आय आर्जन
५	फावाखोला	१५	१०	२५	७	१८	०	२५	४०००००००	आय आर्जन
जम्मा		**८४**	**४७**	**१३१**	**४३**	**८८**	**०**	**१३१**	**२०००००.०**	

श्रोतः नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.२४ शिक्षालयहरूको नाम र बर्तमान अवस्था

फुङ्लिङ नगरपालिकाको नगर प्रोफाइल्रबस्तुगत बिबरण, २०७७ का आधारमा यस नगर भित्र सञ्चालनमा रहेका शैक्षिक संस्था र तीनिहरूले अवलम्वन गरेको शैक्षिक स्तरका विषयमा अध्ययन गर्दा १ वटा उच्च शिक्षा प्रदान गर्ने क्याम्पस, १ वटा संस्कृत माध्यमिक बिद्यालय सहित ८ वटा माध्यमकि तह सम्म अध्ययन हुने र ४१ वटा आधारभुत तहको अध्ययन हुने गरी कुल ४९ वटा सामुदायिक बिद्यालय, २ वटा धार्मीक बिद्यालय तथा १४ वटा संस्थागत बिद्यालय सञ्चालनमा रहेको अवस्था देखिन्छ। यस नगरपालिकामा सञ्चालित सामुदायिक बिद्यालयहरू मध्ये अधिकांसमा पूर्व प्राथमिक बिद्यालय र अधिक सङ्ख्यामा आधारभुत तहको (कक्षा १ देखि ५ सम्म) रहेको अवस्था छ भने न्यून मात्रामा आधारभुत तहको (कक्षा ६ देखि ८ सम्म) र माध्यमिक तहको कक्षा ९ र १० तथा कक्षा ११ र १२ को अध्ययन हुने बिद्यालय धेरै कम मात्रमा रहेको देखिन्छ। नगर क्षेत्र भित्र सञ्चालित बिद्यालयहरूको उपरोक्त उल्लेखित विवरणहरू तालिका नं.१.५३ र १.५४ मा उल्लेख गरिएको छ।

तालिका नं.१.५३: सामुदायिक तथा धार्मिक बिद्यालयको बिबरण

क.सं.	**बिद्यालयको नाम**		**सञ्चालित कक्षा**
क. सामुदायिक बिद्यालय		**वडा नं.**	
१	दुर्गम क्षेत्र आधारभुत वि.	१	पूर्व प्राथमिक देखि ५ सम्म
२	महेन्द्र आधारभुत बिद्यालय	१	पूर्व प्राथमिक देखि ८ सम्म
३	नाङ्गे आधारभुत वि.	१	पूर्व प्राथमिक देखि ५ सम्म
४	नरकन्य आधारभुत वि.	१	पूर्व प्राथमिक देखि ५ सम्म
५	बिरेन्द्र मा.वि.	२	पूर्व प्राथमिक देखि १२ सम्म
६	शान्ति आधारभुत बिद्यालय	२	पूर्व प्राथमिक देखि ८ सम्म
७	याङलिजुङ आधारभुत बिद्यालय	२	पूर्व प्राथमिक देखि ५ सम्म

८	बरडाँडा आधारभुत वि.	३	पूर्व प्राथमिक देखि ५ सम्म
९	मेदिबुङ आधारभुत वि.	३	पूर्व प्राथमिक देखि ५ सम्म
१०	बालसुबोधनी संस्कृत मा.वि.	३	पूर्व प्राथमिक देखि १२ सम्म
११	मुढे आधारभुत बिद्यालय	३	पूर्व प्राथमिक देखि ५ सम्म
१२	सिम्ले आधारभुत बिद्यालय	३	पूर्व प्राथमिक देखि ५ सम्म
१३	फुङलिङ आधारभुत बिद्यालय	३	पूर्व प्राथमिक देखि ३ सम्म
१४	बालमन्दिर आधारभुत बिद्यालय	४	पूर्व प्राथमिक देखि ५ सम्म
१५	भानुजन मा.वि.	४	पूर्व प्राथमिक देखि १२ सम्म
१६	पाथिभरा आधारभुत बिद्यालय	५	पूर्व प्राथमिक देखि ५ सम्म
१७	बगरबारी प्रा.वि.	६	पूर्व प्राथमिक देखि ५ सम्म
१८	बाँझोगरा आधारभुत बिद्यालय	६	पूर्व प्राथमिक देखि ८ सम्म
१९	अमर स्मृति आधारभुत बिद्यालय	६	पूर्व प्राथमिक देखि ५ सम्म
२०	युवाबर्ष मा.वि.	७	पूर्व प्राथमिक देखि १० सम्म
२१	दिपज्योती आधारभुत बिद्यालय	७	पूर्व प्राथमिक देखि ३ सम्म
२२	सिद्धकाली मा.वि	८	पूर्व प्राथमिक देखि १२ सम्म
२३	मेवाराज आधारभुत बिद्यालय	८	पूर्व प्राथमिक देखि ८ सम्म
२४	जलकन्या आधारभुत बिद्यालय	८	पूर्व प्राथमिक देखि ५ सम्म
२५	काब्रे आधारभुत विद्यालय	८	पूर्व प्राथमिक देखि ५ सम्म
२६	शिवालय आधारभुत बिद्यालय	८	पूर्व प्राथमिक देखि ५ सम्म
२७	बिद्याज्याती आधारभुत बिद्यालय	८	पूर्व प्राथमिक देखि ५ सम्म
२८	यलम्बर आधारभुत बिद्यालय	८	पूर्व प्राथमिक देखि ३ सम्म
२९	भगवती आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ५ सम्म
३०	डाँडा आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ८ सम्म
३१	तमोर नदी आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ८ सम्म
३२	दुर्गा आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ५ सम्म
३३	गौरीगाउँ आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ३ सम्म
३४	जनता मा.वि.	९	पूर्व प्राथमिक देखि १० सम्म
३५	लक्ष्मी आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ५ सम्म
३६	पाथिभरा आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ४ सम्म
३७	शिव आधारभुत बिद्यालय	९	पूर्व प्राथमिक देखि ८ सम्म
३८	गौरीशंकर आधारभुत बिद्यालय	१०	पूर्व प्राथमिक देखि ५ सम्म
३९	जनकल्याण आधारभुत बिद्यालय	१०	पूर्व प्राथमिक देखि ५ सम्म
४०	मयाम मा.वि.	१०	पूर्व प्राथमिक देखि १० सम्म
४१	पाथिभरा आधारभुत बिद्यालय	१०	पूर्व प्राथमिक देखि ५ सम्म
४२	जनता आधारभुत बिद्यालय	१०	पूर्व प्राथमिक देखि ५ सम्म

४३	नाम्जे चौतारा आधारभुत वि.	१०	पूर्व प्राथमिक देखि ३ सम्म
४४	पाथिभरा माता आधारभुत बिद्यालय	१०	पूर्व प्राथमिक देखि ४ सम्म
४५	महाकाली आधारभुत बिद्यालय	१०	पूर्व प्राथमिक देखि ५ सम्म
४६	दिपेन्द्र आधारभुत बिद्यालय	११	पूर्व प्राथमिक देखि ५ सम्म
४७	सरस्वती आधारभुत बिद्यालय	११	पूर्व प्राथमिक देखि ८ सम्म
४८	सिम्बु मा.वि.	११	पूर्व प्राथमिक देखि १० सम्म
४९	पवित्र आदर्श आधारभुत बिद्यालय	११	पूर्व प्राथमिक देखि ३ सम्म
जम्मा			
ख. धार्मिक बिद्यालय			
५०	कञ्चनजङ्घा बोधसदन तमु	६	पूर्व प्राथमिक देखि ३ सम्म
५१	साङ्बु दिक्क्षेलीङ गुम्बा	९	पूर्व प्राथमिक देखि ६ सम्म

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

तालिका नं.१.५४: संस्थागत बिद्यालयको सङ्ख्या र तीनको अवस्था

क.सं.	नाम	ठेगाना (स्थान)	सञ्चालित कक्षा	बर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)
१	डिलाइट इङ्लिस बोर्डीङ स्कुल	वडा नं. २ वयाङ्लेजुङ		जग्गा भाडामा सामान्य भवन
२	समाता इङ्लिस बोर्डीङ स्कुल	वडा नं. २ बोझे		भाडामा
३	कञ्चनजङ्गा इङ्लिस बोर्डीङ स्कुल	वडा नं. २ रिजाल लाइन		भवन, जग्गा
४	पाथीभरा ब्राइट फ्युचर एकेडेमी,	वडा नं. ३, सिम्ले पालुवा चोक,	बाल कक्षा देखि ५	भाडामा संचालन, ढुङ्गा माटोको १ वटा भवन र ४ कोठा भएको भुइघर ट्रस्ट अस्थाई खानेपानी, सामान्य खानेपानी, सामान्य खेलमैदान
५	तमोर इङ्लिस स्कूल	वडा नं. ३, हेलिप्याड,	बाल कक्षा देखि ६	भाडामा घर लिएकाृ सामान्य खेलमैदान मिटरको खानेपानी ६ कोठे भाडाको घर भाटा बाँसको घेरा वारा
७	वैदिक, गुरुकुल संस्कृत कर्मकाण्ड सुवोधिनी सामुदायिक सिकाई केन्द्र	वडा नं. ३, मेदिवुङ	कर्मकाण्ड	भाडाको भवनमा पुस्तकालय पत्रिका र १ सेट कम्प्युटर प्रिन्टर रहेको
८	लिटल बुद इङ्लिस बोर्डीङ विधालय	वडा नं. ४, जिमि पोखरी	१ देखि १०	जग्गा, भवन, शौचालय, घेराबारा
९	मेचि सेन्टमेरीज इङ्लिस बोर्डीङ बिधालय	वडा नं. ४, कोठेबारी	१ देखि १०	जग्गा, भवन, शौचालय, घेराबारा
१०	अक्सबोड इङ्लिस बोर्डीङ विधालय	वडा नं. ४, कोठेबारी	१ देखि १०	भाडामा हाल
११	नबज्योति इङ्लिस बोर्डीङ स्कुल	वडा नं. ५, सिर्जना टोल	१ देखि १०	जग्गा भाडामा
१२	पिपुल्स इङ्लिस बोर्डीङ स्कुल	वडा नं. ५, हुलाक टोल	१ देखि ७	भाडामा
१३	सिदार्थ इङ्लिस बोर्डीङ स्कुल	वडा नं. ५, उकाली पानी	१ देखि ८	भाडामा
१४	सुरठि मन्टेश्वरी	वडा नं. ५, विरेन्द्र चोक		भाडामा
१५	बुद्ध इङ्लिस बोर्डीङ बिध्यालय	वडा नं. ७, काउले		जग्गा, भवन
१६	गुरुकुल नेपाल एकेडेमी	वडा नं. ५, तोक्मेडाँडा	१ देखि ५	हाल भाडाँमा

१७	सनलाईट इङ्लिस बोर्डिङ स्कुल	वडा नं. १०, यारसा टोल		जग्गा, भवन, शौचालय

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.२५ स्वास्थ्य सेवा र यसको अवस्था

१.२५.१ स्वास्थ्य तथा सरसफाई र वातावरणः

स्वस्थ नागरिकको बसोबास नगरपालिका समृद्धिको एक प्रमुख आधार हो । प्रत्येक मानिसको सभ्यताको कसी उस्ले दैनिक रुपमा स्वास्थ्य सरसफाई र वातावरण संरक्षणमा राखेको चासो, उठाएको कृयाशिलता तथा लगाएको लगानीले सूचित गर्ने गर्दछ । यसको आयाम मानिसको व्यक्तिगत सरसफाई देखि उस्ले दैनिक रुपमा गर्ने कृयाकलापमा निर्भर रहने गर्दछ । तसर्थ एकातर्फ स्वास्थ्य तथा सरसफाई र बातावरण संरक्षण र सम्बर्द्धन दिगो बिकासको एक प्रमुख आधार मानिएको छ भने अर्को तर्फ स्वास्थ्यको क्षेत्रमा प्रत्येक व्यक्ति वा परिवारले धेरै ठूलो धनरासी खर्च गरिरहेको अवस्था छ । तसर्थ नगरपालिकाले नगरपालिकाको आन्तरिक आयलाई स्थानीयबासीको स्वास्थ्य रक्षा लगायतका सामाजिक सुरक्षाको सुनिस्चिततामा लगानी लगाउने वातावरणको श्रृजना गर्न सके उनीहरू स्वतह करको दायरामा आउने मात्र हैन बिकास निर्माणका तमाम योजनामा सार्थक सहभागिता जुटाउने कार्यमा स्वयम् सम्लग्न हुने प्रतिवद्धता स्थानीय स्तरमा प्राप्त हुनुले आन्तरिक आयमा दरिलो आधार निर्माण गर्न सकिने बलियो सम्भावना देखिएको छ ।

१.२५.२ नगर क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाको विवरण

वर्तमान अवस्थामा फुङ्लिङ नगरपालिका क्षेत्र भित्र टुकेमा रहेको जिल्ला अस्पताल १, सहरी आभारभुत स्वास्थ्य केन्द्र १० र स्वास्थ्य इकाई २ गरी जम्मा १३ वटा सरकारी स्वामित्वका अस्पताल तथा स्वास्थ्य संस्था र २ वटा निजी क्षेत्रका स्वास्थ्य संस्थाहरू गरी कुल १५ स्वास्थ्य संस्था बाट नगर तथा जिल्ला भरी स्वास्थ्य सेवा प्रवाह गरिरहेको अवस्था छ । यसै नगर भित्र विभिन्न वडामा रहेका खोपकेन्द्र तथा गाउँघर क्लिनिकहरू मार्फत महिला, बालबालिका लगायतलाई आधारभुत खोप सेवा प्रवाह गरिरहेको अवस्था देखिएको छ । स्वास्थ्य सेवा प्रवाहमा सम्लग्न रहेका स्वास्थ्य संस्थाहरूको स्थलगत सर्वेक्षण गर्दा जिल्ला अस्पताल बाहेकका अधिकाङ्सम आवश्यकता बमोजिमको भवन, बिमारी उपचार कक्ष, प्रशुति सेवा, परिक्षण प्रयोगशाला (ल्याव) तथा दक्ष जनशक्ति लगायतका आधारभुत आवश्यकताका सुविधाहरू पर्याप्त उपलब्ध हुन सकेको अवस्थामा यसले स्वास्थ्य सेवामा प्रभाव अभिबृद्धि गर्ने साथै नगरपालिकाले समेत यस बाट आय बृद्धि गर्न सक्ने अवस्था देखिएको छ । नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरू साथै जनशक्ति र उपलब्ध सेवा को विवरण तालिका नं. १.५५ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.५५: नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरूको विवरण

अस्पताल, आधारभुत शहरी स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी लगायत				
१ सरकारी स्तरबाट सञ्चालित				कैफियत
वडा नं.	क्र.सं.	स्वास्थ्य संस्थाको नाम	ठेगाना	
१	१.१	शहरी आधारभुत स्वास्थ्य केन्द्र		
२	२.१	सहरी आभारभुत स्वास्थ्य केन्द्र	देउलिङ्गे	
३	३.१	शहरी आधारभुत स्वास्थ्य केन्द्र	पालुङचौक	
४	४.१	स्वास्थ्य चौकी (शहरी आधारभुत स्वास्थ्य केन्द्र)		
५	५.१	उकाली पानी स्वास्थ्य चौकी (शहरी आधारभुत स्वास्थ्य केन्द्र)	उकाली पानी	
६	६.१	जिल्ला अस्पताल ताप्लेजुङ	टुके	
७	७.१	शहरी आधारभुत स्वास्थ्य केन्द्र	काँशघारी खोल्सापारी	

८	८.१	दोखु स्वास्थ्य चौकी (शहरी आधारभुत स्वास्थ्य केन्द्र)	नाम्लेपाटी	
९	९.१	हाडदेवा स्वास्थ्य चौकी (शहरी आधारभुत स्वास्थ्य केन्द्र)	आसाङपार	
	९.२	सुकेटार सामुदायिक स्वास्थ्य ईकाइ	सुकेटार	
१०	१०.१	फुरुम्बु स्वास्थ्य चौकी (शहरी आधारभुत स्वास्थ्य केन्द्र)	जोगीडाँडा	
	१०.२	शहरी स्वास्थ्य ईकाई	मयाम	
११	११.१	फावाखोला स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य केन्द्र)	वनपाला टोल	
अन्य		खोप केन्द्र (विभिन्न वडामा खोपकेन्द्र) तथा गाउँघर क्लिनिक		
निजी स्तर बाट सञ्चालित				
४.१		तम्मोर हस्पिटल	माथिलो रोड	
६.१		डिचेन आखाँ अस्पताल	टुके	

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.२६ सफा र सुरक्षित खानेपानीको प्रयोगको आधारमा घरपरिवार तथा श्रोतको अवस्था

पानी प्राणी जगतको जीवन हो । शुद्ध र सुरक्षित पानीको उपभोग गर्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । यस नगरपालिका क्षेत्र भित्र बासोबास गर्ने नगरपालिकाबासिको पानीको प्रयोगको अवस्था र स्रोतका बारेमा घरपरिवार साथै संस्थागत सर्वेक्षणबाट वास्तविकता प्राप्त गर्ने प्रयत्न गरिएको छ । यस नगरको घरपरिवार सर्वेक्षण, २०७७ बमोजिम २६२३ (कुल घरपरिवारको ५१.०३ %) घरपरिवारको व्यक्तिगत धारा रहेको पाईएको छ भने ७९० (कुल घरपरिवारको १५.३७ %), १०२७ (कुल घरपरिवारको १९.९८%) घरपरिवारले क्रमस सार्वजनिक र सामुदायिक धाराको प्रयोग गरिरहेको अवस्था छ । यस नगरका कुल घर परिवार मध्ये ३७९ ले छिमेकिको धारामा निर्भर रहेका छन भने २७९ (५.४३%) घरपरिवार नदी, खोला वा मुहनमा निर्भर रहेका तथा ४२ घरपरिवारले कुवाको पानी उपभोग गरिरहेका छन् । मानव सभ्यताले तिब्र गति लिईरहेको यस आधुनिक दुनियाँ तथा परिवेश र अवस्थामा समेत यस नगरपालिकाका ३२१ (६.२३ %) घरपरिवार कुवा, नदी तथा खोला, मुलधारको जरुवा पानीको उपभोग गर्न बाध्य रहेको अवस्था छ ।

संस्थागत सर्वेक्षणका माध्यम बाट यस नगरपालिका भित्र खानेपानीको श्रोतको वडागत अवस्था अध्ययन गर्दा प्रायस सवै वडामा कुनै न कुनै प्रकृतिको गरी ६४ वटा खानेपानी योजना केही सञ्चालनमा तथा केहि निर्माणाधिन अवस्थामा रहेको तथा उल्लेखित आयोजनाहरू बाट कुल ५१४० घरपरिवार मध्ये ५१०६ (९९.३४ %) घरपरिवारले सेवा उपयोग गरिरहेको देखिएको भएता पनि नगर भित्र निर्माणधिन बाहेक अधिकांस योजनाहरू जिर्ण र असुरक्षित रहेको कारण नगरपालिकाले तीनको व्यवस्थापनमा बिशेष ध्यान दिन आवश्यक देखिएको छ । नगरपालिका क्षेत्र भित्र नगरबासीले प्रयोग गरिरहेका खानेपानीका श्रोत तथा पारिवारिक प्रयोगको वर्तमान अवस्थाका बारेमा तालिका नं.१.५६, १.५७ र १.५८ साथै मा उल्लेख गरिएको छ ।

तालिका नं.१.५६: खानेपानी स्रोतको अवस्थाका आधारमा घरपरिवार विवरण

क.सं.	खानेपानी स्रोतको अवस्था	जम्मा	%
१	व्यक्तिगत धारा	२६२३	५१.०३
२	सार्वजनिक धारा	७९०	१५.३७
३	सामुदायिक धारा	१०२७	१९.९८
४	छिमेकीको धारा	३७९	७.३७

५	कुवा	४२	०.८२
६	नदी तथा खोला वा मुहान	२७९	५.४३
जम्मा सङ्ख्या		५१४०	१००.०

श्रोत:फुङ्लिङ नगरपालिका घरपरिवार सर्वेक्षण, २०७७

चित्र नं. १.१७: खानेपानीको श्रोतको प्रयोगको आधारमा घरपरिवार



तालिका नं.१.५७: सफा र सुरक्षित खानेपानीको प्रयोगको आधारमा घरपरिवार

क. सं.	खानेपानी स्रोतको अवस्था	वडागत											जम्मा
		१	२	३	४	५	६	७	८	९	१०	११	
१	व्यक्तिगत धारा	२३२	१७	२६२	४४६	२६७	२८०	१६	३९०	३९२	२९०	३१	२६२३
२	सार्वजनिक धारा	८	८	१०६	२७	१०२	९९	१८	१४	१३५	११	२६२	७९०
३	सामुदायिक धारा	०	४४८	१९६	६	३	१६	१२८	९	६१	१५९	१	१०२७
४	छिमेकीको धारा	२४	४	६५	९	४७	५	०	५२	११३	५५	५	३७९
५	कुवा	१७	४	७	०	०	०	०	१०	०	२	२	४२
६	नदी तथा खोला वा मुहान	२	०	५	०	०	०	७३	३०	१०१	६०	८	२७९
जम्मा सङ्ख्या		२८३	४८१	६४१	४८८	४१९	४००	२३५	५०५	८०२	५७७	३०९	५१४०

श्रोत:फुङ्लिङ नगरपालिका घरपरिवार सर्वेक्षण, २०७७

तालिका नं.१.५८: नगर क्षेत्र भित्र खानेपानीको श्रोत र पारिवारिक प्रयोगको अवस्थाको विवरण

वा.नं.	क.सं.	नाम	ठेगाना (स्थान)	वर्तमान अवस्थामा उपलब्ध सेवा
१	१.१	रमिते खानेपानी आयोजना	अम्बोरे	३३ घरधुरी हालमा
	१.२	तिनधारे धारा खानेपानी आयोजना	तिनधारे	३० घरधुरी हालमा
	१.३	चिसापानी खानेपानी आयोजना	सेलडाँडा	३० घरधुरी हालमा
	१.४	भुकुबुङ खानेपानी आयोजना	भुकुबुङ	हाल ६ घरधुरी

	२.१	बोझे खानेपानी आयोजना	बोझे	५० घरधुरी
	२.२	कटकुवा खानेपानी आयोजना	तारीबुङ	१०० घरधुरी
	२.३	बरधारा खानेपानी आयोजना	बोझे	६० घरधुरी
	२.४	गुरुङडाँडा खानेपानी आयोजना	देउलिङ्गे	८० घरधुरी
	२.५	रिजाल लाईन खानेपानी आयोजना	रिजाल लाईन	५० घरधुरी
	२.६	लहरेगाउँ खा.पा.आयोजना	लहरेगाउँ	६० घरधुरी
२	२.७	खहरे नागेश्वरी खा.पा.आयोजना	नागेश्वरी	१६ घरधुरी
	३.१	ताप्लेजुङ वृहत खानेपानी आयोजना	फुङलिङ -१, २, ३, ४, ५, ६, ७, ८ वडाहरू	देवी खोला मुहान भई हाल फुङलिङ नगरपालिका ६,७,२,३,४,५ का केही उपभोक्ता लाई मिटर वाला खाने पानि विस्तार अव्यवस्थित, पानी खान स्वच्छ र योग्य नभएको करिव २५०० धारा संञ्चालित पुर्ण सन्तुस्टी नभएको
	३.२	कटुवाल धारा मुहान बाट मेदिवुङ्ग, च्यानेपाखा, ढाँडा गाँउ सिम्ले खानेपानी आयोजना र च्यानेपाखा ढाँडागाँउ	फुङलिङ -३ ढाँडागाउँ	मुहान बाट नाला गाडी वा.सु.मा.वि. मेदिवुङ छेउमा ८० हजार लिटर को ट्याङ्की मात्र वनाएको पाइप लाइन व्यवस्थापन गर्न बाँकी रहेको
	३.३	साउने जुकेपानी मुहान संरक्षण तथा पाईप विस्तार एक घर एकधारा व्यवस्थापन, मेदिवुङ	बराल गाउँ, वैदारगाँउ, स्याल डाँडा	मुहान बाट सामान्य ट्याङ्की वनाई दुःख ले खानेपानी प्रयोग भएको हिउँदमा मुहान सुकी अती अभाव देखिएको
	३.४	व्यापारे मुहान बाट गल्फने, नेवारडाडाँ कोल्वोटे खानेपानी आयोजना	नेवार डाडाँ	प्रति मिनेट ५ लिटर पानीको श्रोत भएको मुहान संरक्षण र पाइप लाइन विस्तार नभएको
	३.५	जुकेपानी मुहान भई आँगेदिम, तल्लो टारी सखुवाटार खानेपानी योजना	आँगेदिम	वहानन्दे, दोमान मोटर बाटो निमार्ण कार्यले मुहान पुरै विग्रीएको, छोपेको छ, प्रति सेकेण्ड ३ लिटर पानीको स्रोत भएको तर पाइप लाइनको व्यवस्थापन नभएको ।
	३.६	वेतेनी मुहान भई पौडेलगाउ सिम्ले, पालुङ्गा चोक खानेपानी योजना	सिम्ले	पुरानो २०४४ साल मा वृटिस वेल्फर वाट टोल २ मा ९ वटा धारा वनाई प्रयोग भएको, वर्तमान अवस्थामा जिर्ण भएको र पाइप टुका टुका भएको
३	३.७	आलेधारा मुहानगरी टारघर, खाल्टे, सिकारीडाडाँ, भगेनी खानेपानी योजना	सिकारीडाडाँ	मुहान संरक्षण भएको छ । पाइप लाइन विस्तार गरी टारघर मा र सिकारी डाडाँ सम्म पुऱ्याएको

				अवस्था ।
	३.८	सिमरौटा मुहान गरी क्यानिम मुढे खानेपानी योजना	क्यानिम्	प्रति मिनेट ३ लीटर पानीको स्रोत रहेको अस्थाई, रुपमा ४७घरधुरीले प्रयोग गर्दै गरेको ।
	३.९	झाक्रीडाडाँ मुहान भई कातिके हर्ला गुहेली खानेपानी		सामान्य रुपमा मुहान संरक्षण भई खानेपानी उपलब्ध रहेको
	३.१०	ढाँडधारा मुहान भई सिटौला गाउँ बतासे खानेपानी		रिजर्भ ट्याङ्कि जिर्ण रहेको, पाईप टुका टुका भएको
	३.११	गुरागाई धारा मुहान भई कौसिघर, बाटोघर, पाँचगाउँ खानेपानी		सामान्य ट्याङ्कि बाट खानेपानी उपलब्ध हुने गरेको
	४.१	ठुलो धारा	जिमि पोखरी कोप्चे	१०० घरधुरी
	४.२	सानो धारा	कोप्चे	१०० घरधुरी
	४.३	कारबारी धारा	हिलिहाङ चोक	५० घरधुरी
	४.४	शिवालय धारा	शिवालय चोक	५० घरधुरी
	४.५	कुवापानी धारा	हिलिहाङ चोक	१० घरधुरी
४	४.६	पधेरे धारा	माछा पोखरी टोल	१५ घरधुरी
	५.१	नाँग धारा खानेपानी आयोजना	बुद्द चोक	५० घरधुरी
	५.२	जानकी मन्दिर खानेपानी आयोजना	बिरेन्द्र चोक	१५० घरधुरी
	५.३	कोकले खानेपानी आयोजना	बिरेन्द्र चोक	२० घरधुरी
	५.४	लालचन खानेपानी आयोजना	उकाली पानी	१० घरधुरी
५	५.५	हल्दार खानेपानी आयोजना	उकाली पानी	१० घरधुरी
	६.१	बतासे ग्रामिण खानेपानी आयोजना	बतासे	१५० घरधुरी
	६.२	डाँडाबारी खानेपानी आयोजना	डाँडाबारी	५६ घरधुरी
	६.३	बिहेबारे खानेपानी आयोजना	बिहेबारे	१०० घरधुरी
	६.४	फुलपाती डाँडा खानेपानी आयोजना	फुलपाती	३० घरधुरी
	६.५	खरीबटे खानेपानी आयोजना	मेल खरीबोटे	२० घरधुरी
	६.६	सतल डाँडा खानेपानी आयोजना	सतल डाँडा	७० घरधुरी
६	६.७	बाझोघरा ओखरे खानेपानी आयोजना	बाझोघरा	१५० घरधुरी
	७.१	देबिखोला बृहत खानेपानी आयोजना	देबिखोला	१०० घरधुरी
	७.२	कमाने धारा खानेपानी आयोजना	घोडेचौर	२० घरधुरी
	७.३	बुडयौली खानेपानी आयोजना	बुडयौली	२० घरधुरी
७	७.४	गोपाल घर खानेपानी आयोजना	गोपाल घर	२० घरधुरी
	८.१	ढाडबारी बेजुम्बु खानेपानी आयोजना	ढाडबारी	२५ घरधुरी
	८.२	चारपाटे खानेपानी आयोजना	चारपाटे	६० घरधुरी हालमा
	८.३	साप्तेल भेदाबारी घुमाउने खानेपानी आयोजना	अधेरी	२० घरधुरी हालमा
८	८.४	चिसा पानी मुहान खानेपानी	लेङवातल्लो टोल	४० घरधुरी हालमा

		आयोजना		
	८.५	अधेरी मेवा लेङवा खानेपानी आयोजना	अधेरी	९० घरधुरी
	८.६	किंरात चोक खानेपानी आयोजना	किंरात चोक (ठाउँ नभएको)	५० घरधुरी
	८.७	रमिते खानेपानी आयोजना	रमिते	३२ घरधुरी, ट्याङकी
	८.८	घयाङ्ग खानेपानी आयोजना	घयाङ्ग	३५ घरधुरी
	८.९	कोदार हिटी,सल्लेरी, बहानन्दे खानेपानी योजना	हिटी बहानन्दे	५५ घरधुरी
	९.१	साबिक ४,५,६,७ लाई वृहत खानेपानी आयोजना	एक ठाउँमा मुहान नभएको	अस्थाई
९	९.२	बृहत खानेपानी आयोजना	साविक १, २, ३, ९ र ८	सामाान्य
	१०.१	गल्लाते खानेपानी आयोजना	नयाँ वन	२०० घरधुरी
	१०.२	सिस्ने खोला खानेपानी आयोजना	सिस्ने खोला	हुदै गरेको
	१०.३	फुरुम्बु खानेपानी आयोजना	फुरुम्बु खोला	३०० घरधुरी
१०	१०.४	टारघर मित्लुङ पावागाउँ	वागेनी	९० घरधुरी
	११.१	सिस्ने खानेपानी आयोजना	कातिके, वनपाला, सिम्बु सिस्ने	जिर्ण अवस्थामा सञ्चालनमा
	११.२	काढेखोला खानेपानी आयोजना	निकास	१६ घरधुरी
	११.३	धाप्र खोला खानेपानी आयोजना	युमाखाम	३० घरधुरी
	११.४	वडारे गैरी गाँउ खानेपानी आयोजना	गैरीगाँउ	जिर्ण अवस्थामा सञ्चालन
११	११.५	फावाखोला खानेपानी आयोजना	निकास-युमाखाम-सिम्बु-दुम्ले	निर्माणाधिन
जम्मा		६४		५१०६ घरधूरी

श्रोत:फुङ्लिङ नगरपालिका संस्थागत सर्वेक्षण, २०७७

१.२७ सार्वजनिक शौचालय, शौचालयको प्रयोग र त्यसको सरसफाईको विवरण

खुला स्थलमा हुने दिसा पिसावका कारण एक तर्फ दुर्घन्ध फैलन्छ भने अर्को तर्फ रोगको प्रकोपमा बढोत्तरी भई हैजा समेत फैलन सक्ने सम्भावना प्रवल रहन्छ मात्र हैन यसैका कारण नगरबासीले आफ्नो स्वास्थ्य रक्षाकालागि ठूलो धनरासी खर्च गर्नु पर्ने स्थितिको सृजना हुन सक्छ । यती मात्र हैन खुला दिसा मुक्त क्षेत्र बिकास र घोषणाकालागि समेत उपयुक्त स्थानमा सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन एक अनिवार्य सर्त समेत हो । एका तर्फ यसै नगरपालिकाको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा बर्तमान अवस्थामा वडा नं. ४ र ७ को सिमानामा पर्ने तोक्मेडाँडामा १ वटा, वडा नं. ५ को फाल्गुनन्द चौकमा १ वटा, वडा नं. ९ को लामपोखरी खेल मैदानमा १ वटा र वडा नं. १० को काफ्लेपाटीमा १ वटा गरी सामान्य प्रकारका जम्म ४ वटा सार्वजनिक शौचालय रहेको अवस्था छ । यस नगरपालिकाले तयार गर्न लागेको आवधिक नगरपालिका विकास योजनामा उपयुक्त र आवश्यक स्थान लगायत सर्वजनिक आवतजावत हुने कार्यालयहरूमा समेत सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापनको विषयलाई प्रमुख प्राथमिकतामा राखि यसको कार्यान्वयनमा जोड दिन सके नगरबासी जनसमुदायको स्वास्थ्य रक्षा भई नगरपालिकाको

आन्तरिक आयमा समेत थप सहयोग पुग्न जाने सम्भावना रहेको देखिन्छ । सार्वजनिक शौचालयको बर्तमान अवस्थाका बारेमा तालिका नं.१.५९ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.५९: नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक शौचालय

वार्ड नं.	नाम	ठेगाना (स्थान)	वर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)	गर्नु पर्ने कार्य
४ र ७	तोक्मेडाँडा सार्वजनिक शौचालय	तोक्मेडाँडा	हाल सञ्चालनमा रहेको	संरक्षण, सम्बर्द्धन र स्तरोन्नती
५	सार्वजनिक शौचालय	फाल्गुनन्द चौक	सामान्य रुपमा सञ्चालनमा रहेको	स्तरोन्नती गरी सुविधा सम्पन्न बनाउने
९	सार्वजनिक शौचालय	लामपोखरी खेल मैदान	सञ्चालनमा रहेको	मर्मत सम्भार र स्तरोन्नती
१०	सार्वजनिक शौचालय	काप्लेपाटी	भएको	स्तरोन्नती साथै थप नयाँ निर्माण

श्रोत: नगर प्रोफाइल्/बस्तुगत बिबरण, २०७७

१.२८ सामुदायिक भवन:

स्थानीय तह स्थानीय सरकारको रुपमा क्रियाशिल भए पछि स्थानीय स्तरमा सञ्चालन तथा व्यवस्थापन गरिनु पर्ने आर्थिक, सामाजिक, सांस्कृतिक तथा सामुदायिक कृयाकलापहरूको व्यवस्थित सञ्चालन व्यवस्थापनकालागि सामुदायिक भवनको महत्व अधिक हुन गएको छ । फुङ्लिङ नगरपालिकाको नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७ का आधारमा अध्ययन गर्दा नगरपालिका क्षेत्र भित्र वर्तमानमा विभिन्न वडामा सामान्य स्वरुप र पूर्वाधार सहितका २० वटा सामुदायिक भवन रहेको अवस्था देखिन्छ । यस नगरपालिकालाई स्थानीयबासीको प्रत्यक्ष सहभागितामा दिगो विकास योजना मार्फत नगर क्षेत्र भित्र आर्थिक, सामाजिक, सांस्कृतिक तथा सामुदायिक कृयाकलापहरूको सहज सञ्चालन व्यवस्थापनमा सहजता ल्याउने गरी कम्तिमा एक वाड एक सुविधायुक्त सामुदायिक भवन निर्माण व्यवस्थापन गर्ने लक्ष्यका साथ योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु सके यसले स्थानीय स्तरमा क्षमता बिकासमा आधारित आर्थिक बिकास सँग सम्बन्धित स्थानीय स्तरका क्रियाकलापमा प्रत्यक्ष योगदान पुगि आन्तरिक आयमा समेत सहयोग पुग्ने अवस्था देखिएको छ । नगर भित्र रहेका सामुदायिक भवन सम्बन्धी विवरण तालिका नं.१.६० मा उल्लेख गरिएको छ ।

तालिका नं.१.६०: सामुदायिक भवनहरूको विवरण

वडा नं.	क.सं.	नाम	ठेगाना (स्थान)	कैफियत
३	३.१	नवोदित युवा परिवार समुदायिक भवन माथिल्लो डाडाँगाउ	ढाडाँगाउँ	१ रोपनी जग्गा मध्ये २ कोठे ढुङ्गा, माटो, काठ र टिनको छाना भएको
	३.२	पृथीवेलास सामुदायिक पार्टी भवन मेदिवुङ पाटी डाडाँ	फुङलिङ-३ मेदिवुङ लामोघर	१ रोपनी जग्गाको केही भागमा सामुदायिक भवन पाटी जिर्ण रहेको
४	४.१	संस्कार भवन	गणेश थान	निर्माणधिन
	४.२	तमोर महिला भवन	हुलाक टोल	निर्माणाधिन
५	५.१	पाथिभरा सामुदायिक भवन (सिटी हल)		जिर्ण अवस्थामा रहेको
६	६.१	पाथिभरा क्षेत्र विकासको भवन	सानो पाथिभरा छेउ	ठिकै

	६.२	हिमाली ग्रामिण विकासको भवन	सानो पाथिभरा छेउ	ठिकै
७	७.१	किरातचौक सामुदायिक भवन		निर्माणाधिन अवस्थामा
	७.२	केलाङ भवन		निर्माधिन अवस्थामा
	७.३	नमुना महिलाको भवन	बुढौलीगाउं	
८	८.१	देउराली सास्कृतिक यूवा क्लव भवन	वेजम्वु	दर्ता,भवन, जग्गा
	८.२	देउराली आमा समुह	नाम्ले	राम्रो
	८.३	लालिगुरास जनसाँस्कृतिक परिवार	रमिते	दर्ता,भवन, जग्गा
९	९.१	रामेटार सामुदायिक भवन	रामेटार	जग्गा, कच्चि भवन, शौचालय
	९.२	हिले आमा समुह सा. भ.	सुकेटार	जग्गा, शौचालय
	९.३	भण्डारी सामुदायिक भवन	भण्डारी गाँउ	जग्गा, कच्चि भवन
	९.४	सिस्ने सामुदायिक भवन	कुङकुलुङ टोल	जग्गा, भवन
	९.५	ओखे चौर सा. भ.	ओखे चौर	जग्गा, कच्चि भवन
	९.६	जनजाती सा. भ.	लाम्पोखरी	जग्गा, कच्चि भवन
१०	१०.१	याफ्ले सामुदायिक भवन	याफ्ले	दर्ता, भवन, जग्गा
जम्मा		२०		

श्रोत: नगर प्रोफाइल/बस्तुगत बिबरण, २०७७

१.२९ प्राकृतिक श्रोतको विवरण:

१.२९.१ बनजङ्गलको विवरण:

वातावरणीय सन्तुलन कायम राख्न बनजङ्गलको महत्वपूर्ण भुमिका रहन्छ । वनजङ्गलको उपस्थिति पानीको स्रोतको आधार, वातावरणीय शुद्धता र पर्यावरणीय संरक्षणका हिसावले एक अनिवार्य सर्त मात्र नभएर मानव जीवनकालागि आवश्यक घर तथा फर्निचर निर्माणका साथै सर्व साधारणले ईन्धनको आवश्यकताको परिपूर्ति समेत यसै बाट हुने गरेका पाईन्छ । बोट विरुवा वा वनजङ्गलको संरक्षण र सम्बर्द्धन मानव सभ्यताको एक सूचक मात्र नभई मानव जीवनको निम्ति नभई नहुने अक्सिजनको प्रमुख स्रोत समेत हो । बनजङ्गलकै उपस्थिति र मात्राका कारण पर्यावरणीय सन्तुलन समेत कायम रहन जाने भए बाट अन्तराष्ट्रिय रुपमा वातावरण संरक्षमा बोट बिरुवाले पुऱ्याएको योगदानको हिसाव वापत हाम्रो देशले आय आर्जन गर्न सकेको छ भने स्थानीय स्तरमा यसको प्रयोगले आम्दानी अभिबृद्धि आर्थि समृद्धि महत्वपूर्ण भूमिका निर्वाहा गरिरहेको छ । फुङ्लिङ नगरपालिकाको हकमा पछिल्लो अध्ययनका आधारमा ६३.६१ % जमिन वन जङ्गले ढाकेको तथा २३ वटा सूचिकृत बज क्षेत्र रहेको अवस्था रहेको देखिएका कारण यसको समयोचित सदुपयोग गरी नगरपालिकाले दिगो आय आर्जनको आधार निर्माण गर्न सक्ने बलियो सम्भावना रहेकोछ । बनजङ्गल सम्बन्धी बिबरण तालिका नं. १.६१ मा उल्लेख गरिएको छ ।

तालिका नं. १.६१: वन जङ्गलको नाम तथा स्तर (सामुदायिक, कवुलियत, सरकारी, निजी)

वा नं.	क.सं.	नाम	ठेगाना (स्थान)	बर्तमान अवस्था
१	१.१	निजि वन	वडा भरीनै दर्ता नभएका	सल्ला चिलाउने उत्तिस ३००० रोपनीमा
२	२.१	सरकारी वन	सल्लाह बारे गैरीधारा	सल्ला २०० रोपनीमा
३	३.१	सरकारी वन	सल्लाह बारे गरीधारा	

	३.२	मालवाँसे, भिरकुना गहुले वन जङ्गल (सरकारी)	गुहेले	सरकारी, नापी नभएको वन उक्त स्थानमा सखुवा, साझ, दयारो र अन्य प्रजाती का विरुवा रुख भएको
	३.३	सोते वन तथा रैके जंगल	गुहेले, आगेदिभ	सरकारी वन हो । लाम्पाते, साज, सखुवा, दयारो आदि बोट विरुवा रहेको वन
	३.४	खोलाखेत, गुहेली भटेटार वन	गुहेले	नापीमा तर्दा व्यक्तिका नाममा जग्गा धनी प्रमाण रहेको
४	४.१	तोक्मे सामुदायिक वन		बिभिन्न जातका बोट बिरुवा
५	५.१			बिबरण उल्लेख नभएको
६	६.१	वन जङ्गल	वडा भित्र	बिबरण प्राप्त नभएको र दार्त समेत नरहेका
	७.१	तोक्मेडाँडा सामुदायीक वन	तोक्मेडाँडा	२४० रोपनिमा सल्ला, कटुस, चिलाउने
७	७.२	तारेभिर सामुदायीक वन	डाँडागाउँ	१२० रोपनिमा सल्ला कटुस, चिलाउने
	८.१	बानथुम्की तथा सिउरेनी सामुदायिक वन	बानथुम्की	२७ हेक्टर कटुस, उत्तिस, चिलाउने, सल्ला
	८.२	कस्तुरी निजी वन	सुकेटार	९० रापनी उत्तिस, टिमुर, सल्ला
८	८.३	ओम पाथिभारा निजी वन	सुकेटार	४३ रापनी उत्तिस, टिमुर, सल्ला
	९.१	देउराली सामुदायिक वन		९०० रोपनी , चाँप, गुराँस, गोब्रे सल्ला, कटुस
९	९.२	सरकारी वन		४०० रोपनी गुराँस, सल्लो, कटुस
	१०.१	इसेरा सामुदायिक वन	इसेरा टोल	४ हेक्टरमा उत्तिस चिलाउने मौवा
	१०.२	फुरुम्बु खर्क सामुदायिक वन	फुरुम्बु	२५ हेक्टरमा काउलो रेडपान्डा
	१०.३	मयाम पातल सामुदायिक वन	पाथिभरा क्षेत्र	६० हेक्टरमा लालिगुरास रानि चाप तीते चाप काउलो
१०	१०.४	वनपाला सामुदायिक वन	मुस्कान चोक	मौवा ९० रोपनी उत्तिस, चिलाउने सिमल
	११.१	पाथिभारा सिम्बु सामुदायिक वन	सिम्बु निकास	५५ हेक्टर लोडसल्लो, गोब्रेसल्लो, लालिगुँरास
	११.२	लालिगुँरास सामुदायिक वन	फु.न.पा. ११ सिम्बु यायाखा	३० हेक्टरमा लोड सल्लो गोब्रेसल्लो लालिगुरास
११	११.३	सरकारी वन	फु.न.पा. ११	चाँप, लोड सल्लो गाब्रेसल्लो र लालिगुरास

१.२९.२ ढुङ्गा, गिट्टी तथा बालुवाको विवरणः

फुङ्लिङ नगरपालिका ढुङ्गा, गिट्टी तथा बालुवा जस्ता प्राकृतिक स्रोतको संभावना भएको नगरपालिकामा पर्दछ । यस नगरपालिका भित्र रहेका बिभिन्न खोला तथा खोल्साहरू ढुङ्गा, गिट्टी तथा बालुवाको प्रमुख श्रोतको रुपमा रहेका छन् तमोर नदी समेत यसको प्रमुख श्रोतको रुपमा रहँदै आएका छन् । बाढी तथा किनारा कटानको सम्भावना लाई दृष्टिगत गरी यीनको सहि सदुपयोग गर्न सके आन्तरिक आयमा प्रकृतिक श्रोतको उपयोग उल्लेख हुने सम्भावना समेत रहेको छ तर यसकालागि प्रदेश संघीय सरकारको नीति नियमलाई पालना गरी कार्यानवयनमा ल्याउन अनिवार्य छ ।

भाग २ (दुई)
अध्ययनको उद्देश्य र सिमा

२.१ अध्ययनको उद्देश्यः

समृद्धि निर्माणको प्रमुख आधार आर्थिक सवलिकरणनै हो । आर्थिक सवलिकरणको प्रमुख र दिगो आधार आन्तरिकरुपमा आय आर्जनको भरपर्दो व्यवस्थापननै हो । नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्थापित गरेको छ । स्थानीय सरकारले स्थानीयबासीलाई स्थानीय तहमा आवश्यक सेवा सुविधा प्रवाह गर्नु प्रमुख कर्तव्य र जिम्मेवारी भित्र पर्दछ । सवै प्रकारका सेवा प्रवाह र बिकास निर्माणकालागि आवश्यक अर्थव्यवस्थाको दरिलो आधार निर्माण गर्नु अहिलेको प्रमुख जिम्मेवारी भित्रको अनिवार्य सर्त हो ।

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजश्व अधिकार, राजश्व बॉडफॉट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा नेपालको संबिधान तथा संबिधानको धारा २९६ को उपधारा १ बमेजिम बनेको **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** बमोजिम स्थानीय तह सञ्चालन व्यवस्थापनकालागि आवश्यक खर्चको व्यवस्थापन गर्न बिभिन्न अनुदान प्रदान गर्ने कानूनी व्यवस्था गरिएको छ । नेपाल सरकारले प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र **राजश्वको क्षमताको** आधारमा प्राकृतिक श्रोत तथा वित्त व्यवस्थापन आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानिकारण अनुदान बितरण गर्ने छ भने प्रदेश सरकारले समेत नेपाल सरकार बाट प्राप्त अनुदान र आफ्नो श्रोत बाट उठेको राजश्वलाई सम्बन्धित प्रदेश भित्रका स्थानीय तहको **खर्चको आवश्यकता र राजश्वको क्षमताको** आधारमा प्रदेश कानून बमोजिम आयोगको सिफारिसमा वित्तीय समानिकारण अनुदान बितरण गर्नेछ भन्ने स्पष्ट व्यवस्था गरेका अवस्था छ । यसको अर्थ अवका स्थानीय तह स्थानीय सरकारको रुपमा समेत क्रियाशिल रहेका कारण संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन साथै अन्य प्रचलित कानूनको अधिनमा रहि आफ्नो आन्तरिक आयलाई बलियो र भरपर्दो बनाउन आवश्यक छ । तसर्थ साविकमा अलग अलग अस्तित्वमा रहेका नगरपालिका र गाविसहरूलाई एकै ठाउमा ल्याएर वर्तमान फुङ्लिङ नगरपालिका निर्माण गरिएको यस परिप्रेक्षमा यसको दिगो आय आर्जनको मार्ग पहिचान गरी विगतमा फरक फरक ढंगले कर तथा राजश्वका क्षेत्रहरू सञ्चालन गरिरहेका नगरपालिका र गाविसहरूको विगतको अवस्था र बर्तमान नगरपालिकाको स्थापना पछि अवलम्बन गरिएका कर तथा राजशव सम्बन्धी नीति र तीनको कार्यान्वयन समेतको अध्ययन गरी एकै स्थानमा ल्याएर त्यसको सहि व्यवस्थापनको पक्ष तयार गर्न थालिएको दुई बर्ष पुरा गरी तश्रो बर्षमा प्रवेश गरि सकेको अवस्थ छ । नगरपालिकाले कर तथा राजश्वका दायरा लाई फराकिलो पार्दै सम्भावित राजश्वको प्रक्षेपण गरी सोही आधारमा प्रचलित कानून बमोजिम बजेट, नीति तथा कार्यक्रम प्रस्तावित गर्नु पर्ने कानूनी प्रावधानलाई समेत पुरा गर्न गरिएको यस अध्ययनको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

- नगरपालिकाको आन्तरीक आय आर्जनकालागि कर तथा गैर कर राजश्वका श्रोतहरूको पहिचान गर्नु ।
- श्रोतको दोहन, परीचालन र व्यवस्थापनमा देखा परेका समस्याहरूको व्यवस्थापनकालागि मार्ग खोजि गर्नु ।
- आन्तरीक श्रोतलाई पूर्वानुमानयोग्य बनाउनु ।
- कर तथा गैर कर राजश्वको दर र दायरालाई फराकिलो र भरपर्दो पार्नु ।
- वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई दिएका अधिकारहरूको पूर्ण कार्यान्वनयको वातावरण सृजना गर्न संविधान र ऐनको मुल मर्म र भावना बमोजिम राजश्वका श्रोतहरूको व्यवस्थापनलाई स्थानीयकरण तथा कार्यान्वयन गर्नु ।
- राजश्व अभिबृद्धिका लागि गर्न अवलम्बन गर्नुपर्ने नीतिहरूको पहिचान गर्नु ।
- राजश्वको सहि प्रक्षेपणबाट विकास आयोजनाहरूको समयमा कार्यान्वयन गर्न सक्ने वातावरण तयार पार्नु ।
- राजश्व असुलीको कार्य योजना तयार गर्नु ।

- ठेक्काद्वारा बन्दोबस्त गर्ने राजश्वका श्रोतहरूको न्यूनतम ठेक्का अंक निर्धारण गर्न सहज बनाउनु ।
- वैज्ञानिक र प्रगतिसिल कर प्रणालीलाई स्थापित गर्नु ।

२.२. अध्ययन विधि र प्रकृया

यो अध्ययन फुङ्लिङ नगरपालिकाले यसभन्दा अगाडी कर, गैरकर तथा राजश्वका सवालमा अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रमको प्रभावकारीता अध्ययन गरी तथा चालु आर्थिक बर्ष लगायत भविश्यमा यसको बृद्धिका अवसर समेत प्रयोगमा ल्याउन सक्ने कर तथा राजश्वका क्षेत्रहरूको पहिचान गरी यासको दायरालाई फराकिलो बनाउने प्रयासमा केन्द्रित रहेको छ । राजश्वको सम्भाव्यवता अध्ययन गर्दा अध्ययनलाई प्रथम तथा दित्तिय स्तरका तथ्याङ्कहरूलाई प्राथमिकता दिदै अध्ययनकालागि सम्भाव्य सवै उपाय र विधिहरू प्रयोगमा ल्याईएको छ । अध्ययन अनुसन्धानमा प्रयोग हुने विधिहरू धेरै भए पनि यस अध्ययनमा आवश्यकता, सरलता र समय सिमा समेतका हिसावले देहाय अनुसारका विधिहरूको प्रयोग गरी यस नगरपालिकाको कर तथा गैरकर राजश्वका क्षेत्रहरूको विश्लेषण गरी प्राथमिकताका क्षेत्रहरूको समेत पहिचान गरी प्रतिवेदन तयार गरिएको छ ।

क. सरोकारवालाहरू सँगको अन्तरक्रिया:

परिवर्तित सन्दर्भ संगै बर्तमान संविधान बामोजिम स्थापित संघात्मक शासन पद्धती लाई दिगो ब्यवस्थापन गर्न तीनै तहका सरकार क्रियाशिल रहिरहेको बर्तमान अवस्थामा स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहले आय आर्जनका दिगो मार्ग पहिचान गर्नु आजको प्रमुख आवश्यकता रहेकोछ । स्थानीय तहमा विद्यमान बस्तुस्थितिको विश्लेषण र मूल्याङ्कन समेत गरी स्थानीय तहको कर तथा राजश्वका क्षेत्राधिकारहरूका आधारमा कर तथा राजश्वका दर हरू निरोपण गर्न सम्बन्धित सरोकारवालाको महत्वपूर्ण भुमिका रहने गर्दछ । विभिन्न स्थानीय तहमा भईरहेका अभ्यास समेतका आधारमा यस अध्ययनको क्रममा फुङ्लिङ नगरपालिकाले आगामी दिनमा सङ्कलन गर्न सक्ने कर, गैरकर तथा राजश्वका क्षेत्रहरू पहिचान गर्नका लागि विभिन्न चरणमा जनप्रतिनिधि, राजश्व परामर्श समितका पदाधिकारी, लक्षित समुह र सरोकारवालाहरूसँग छलफल गरी प्रत्यक्ष रुपमा सुझाव सङ्कलन गरिएको छ ।

ख. स्थानीय सरकार सञ्चालन ऐन २०७४

वर्तमान संविधानको कार्यान्वयन वर्तमान संरचना बमोजिमको तल्लो तह बाटै थालनि भएको कारण स्थानीय सरकारको रुपमा आफ्ना जिम्मेवारीहरू अघि बढाउन सहज बनाउने हैसियतमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आई सकेको छ । यस परिवेशमा संविधान प्रदत्त स्थानीय तहका अधिकारलाई आधार मानेर स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका एकल तथा साझा क्षेत्राधिकार भित्र रहि स्थानीय तहले लगाउन तथा उठाउन पाउने करका दर अनी दायराहरूलाई पूर्ण विश्लेषण गर्न सक्ने अबस्था खुलेको छ । जनप्रतिनिधिको प्रतिनिधित्व भए पछि स्थानीय तहको व्यवस्थित सञ्चालनकालागि बजेट सहितको बार्षिक आय व्ययको अनुमानित बजेट निर्धारित समय सिमा भित्रै जारी गर्नु पर्ने साथै नगरपालिकाको यथार्थ बस्तुगत विवरण घरदैलो अभियान अन्तरगत अध्ययन गरी राजश्वको सम्भाव्यतालाई पूर्णता दिन लामो प्रकृया रहने भएका कारण वर्तमान अवस्थामा कर तथा राजश्व निर्धारण गर्न तथा संकलन गर्नकालागि स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने संविधान प्रदत्त अनूसूची ८ र ९ मा भएका एकल र साझा अधिकारहरू साथै राजश्व परिचालनमा प्रदेश सरकारले अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रम र प्रादेशिक ऐन नियम समेत लाई प्रमुख आधारको रुपमा मानेर साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेका क्षेत्राधिकार भित्र रहि स्थानीय तहको दिगो आय ब्यवस्थापनको बाटोलाई प्रसस्त पार्ने कार्य यस अध्ययनले अवलम्बन गरेको छ ।

ग. सहायक तथ्याङ्को (Secondary Data) अध्ययन :

फुङ्लिङ नगरपालिका स्थानीय तहको पुन संरचना बाट स्थापित भएको नयां नगरपालिका भएता पनि आफ्नो कार्यकालको तेश्रो बर्षमा आएर घरपरिवार सर्वेक्षणका माध्यम बाट यस नगरपालिकाको वास्तविक तथ्याङ्क तयार पार्ने

कार्यलाई पूर्णता दिएको छ । यस नगरपालिकाले तयार पारेको नगर प्रोफाइल/बस्तुगत बिबरण २०७७ तथा आवधिक नगरपालिका विकास योजना तयारीका क्रममा समेत आवश्यक विवरण सङ्कलन गर्ने कार्य भएका कारण राजश्व सम्भाव्यता अध्ययनको कार्य थप सहयोग पुगेको छ । यस नगरपालिकामा गाभिएर आएका साविकका नगरपालिका र गाविसहरूले लिदै आएका कर तथा राजश्वका दरवन्दिहरू साथै त्यसमा आधारित दररेट तथा यस नगरपालिकाले चालु आ.व. मा अवलम्बन गरेका दायरा र स्ल्याव साथै यस नगरपालिकाको नगर प्रोफाइल/बस्तुगत बिबरण २०७७ र नगरपालिका तथा सरोकारवाला संघ संस्थाले उपलब्ध गराएका तथ्याङ्गगत विवरणहरू र अध्ययनको सिलसिलामा स्थानीयबासी बाट प्राप्त सुझाव र विवरणहरूलाई समेत सहायक तथ्याङ्को रुपमा यस अध्ययनको क्रममा स्वीकारिएकोछ ।

घ. अन्य नगरपालिका तथा नगरपालिकाहरूको अध्ययन

यस अध्ययनको सिलसिलामा तेह्रथुम, इलाम, झापा र मोरङ जिल्लाका विभिन्न नगरपालिका र गाउँपालिकाले तय गरेका कर, गैर कर तथा राजश्वका दर रेट साथै त्यसकालागि सम्बन्धित नगर तथा गाउँपालिकाले अवलम्बन गरेका नीति समेतलाई सन्दर्भ सामाग्रिको रुपमा स्वीकारिएको छ ।

ङ. अवलोकन

अध्ययनधको क्रममा सम्पूर्ण रुपले सवै क्षेत्र र तहमा स्थालगत अध्ययन गर्न नसकिएता पनि यस नगरपालिकाका मूख्य तथा सहायक बजार केन्द्र साथै ग्रामिण बजार लगायतका केहि महत्वपूर्ण स्थान र क्षेत्रहरूको अवलोकन गरी बस्तुगत स्थितिको जानकारी लिने काम गरिएको छ

च) नगरपालिकाका राजश्वका दर दायराहरूको निर्धारणः

वर्तमान संविधान, संघीय तथा प्रादेश कानून र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेका व्यवस्था अन्तर्गत कर, शुल्क, सेवा शुल्क, दस्तुर सम्बन्धी व्यवस्था भए बमोजिमका दायराहरू समेतलाई प्राथमिक आधार मानेर राजश्वका दायराहरू निर्धारण गरिएको छ भने केहि दरहरू सोहि व्यवस्था बमोजिम तथा केहि दरहरू स्थनीय अवस्था र क्षमताका आधारमा नगरपालिकाकाले स्थानीय ऐन र नियमको समेत व्यवस्था गरी प्रदेश सरकार बाट प्रतिपादन गरिएका कानून बमोजिम निर्धारण तथा प्रक्षेपण गर्ने प्रयास गरिएकोछ । मुख्य गरी स्थानीय तहको आन्तरिक आयको दरिलो श्रोतको रुपमा स्वीकारिएको सम्पति कर लाई मूख्य आय श्रोतको रुपमा स्वीकारिएको छ । नगरबासीको जीवनस्तर माथि उठाउँदै करको दायरा र नगरबासीको जिम्मेवारीको बोधका साथ नगरपालिकाको बिकास निर्माणमा सहभागित गराउनु अनिवार्य छ । स्थानीय सरकार सञ्चालन ऐनले गरेका स्थानीय तहको क्षेत्राधिकारलाई अझै फराकिलो बनाएर क्रमकि रुपले स्थानीय तहलाई आन्तरिक आयको हिसावले बलियो बनाउने प्रयास भएको खण्डमा यसले स्थानीय तहको आर्थिक सुद्रिढिकरणको कार्यमा ठूलो योगदान पुग्न जाने अवस्था देखिन्छ । तसर्थ यस विषयमा स्थानीय सरकार सञ्चालनका सारथीको रुपमा स्थानीय जनप्रतिनिधि आफैमा सचेत र चनाखो बन्नु पर्ने अवस्था रहेको छ ।

भाग ३ (तीन)
कानूनी संरचनात्मक अवस्थाको विश्लेषण

बर्तमान संबिधानले प्रत्यायोजन गरेको अधिकार क्षेत्रका आधारमा स्थानीय सरकारको हैसियतमा स्थानीय तहले स्थानीयबासिहरूका आवश्यकता पुरा गर्न तथा सेवा र सुविधा प्रवाह गर्न आर्थिक रुपले सक्षम र सुदृढ हुन अनिवार्य छ । स्थानीय तहको आम्दानी मूख्यत बाह्य श्रोतमा निर्भर रहेको पाईन्छ भने सामान्य रुपले आन्तरिक आय आर्जन भएको पाईन्छ । नेपाल विकास क्रमको अवस्थाको विश्लेषण गर्दा आजको अवस्था सम्म आईपुग्दा समेत सवै जसो स्थानीय तह बाह्य स्रोतमानै बढि निर्भर रहने गरेको पाईन्छ । जबसम्म स्थानीय स्रोत र साधनको सहि परिचालन बाट आन्तरिक आय बलियो र दिगो हुदैन स्थानीय स्तरमा हुनु पर्ने विकास निर्माणहरू अधुरा, अस्थायी र असम्भव हुन्छन् । तसर्थ अवका स्थनीय तहले आधारभुत तहको सरकारको रुपमा क्रियाशिल रहि स्थानीय अधिकार क्षेत्रको पूर्ण सदुपयोग गरेर आवश्यकता बमोजिम स्थानीय कानून समेत निर्माण गर्दै जनताको चाहान बमोजिम जनताकै सहयोग र सहभागितामा कर तथा गैरकर राजश्वको बलियो र दिगो आधार निर्माण गर्न अनिवार्य भएको छ । यसरी स्थानीय आर्थिक आयस्रोतको बलियो आधार निर्माण गर्न कनूनी व्यवस्था समेतको आवश्यकता पर्ने भएको वर्तमान परिवेशमा स्थानीय तहलाई प्राप्त अधिकारहरू देहाय बमोजिम रहेको अवस्था छ ।

३.१ संबैधानिक व्यवस्था

क) नेपालको संबिधान २०७२ को भाग १७ को धारा २१४ ले स्थानीय तहको कार्यकारिणी अधिकार देहाय बमोजिम किटान गरेको छ ।

(१) संविधान र संघीय कानूनको अधीनमा रही गाउँ तथा नगरपालिकाको कार्यकारिणी अधिकार गाउँ ता नगर कार्यपालिकामा निहित रहनेछ ।

(२) स्थानीय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँ तथा नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ तथा नगर कार्यपालिकाको हुनेछ ।

(४) गाउँ तथा नगरपालिकाका कार्यकारिणी कार्य गाउँ तथा नगरकार्यपालिकाको नाममा हुनेछ ।

(५) उपधारा (४) बमोजिम गाउँ तथा नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुनेछ ।

ख) संविधानको भाग-१८ को धारा २२१. ले स्थानीय तहको व्यवस्थापिकीय अधिकार देहाय बमेजिम स्पष्ट गरेको छ ।

(१) यस संविधानको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाको व्यवस्थापिकीय अधिकार गाउँ तथा नगर सभामा निहित रहनेछ ।

(२) गाउँ सभा र नगर सभाको व्यवस्थापिकीय अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

वर्तमान स्थानीय तहहरूलाई स्थानीय सरकारको रुपमा आफ्ना कृयाकलाप सञ्चालन गर्न सक्ने गरी आर्थिक रुपले सम्पन्न, प्रशासनिक हिसावले चुस्त दुरुष्त र कानूनी हिसावले अधिकार सम्पन्न बनउने हिसावमा वर्तमान संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहका एकल तथा साझा अधिकारका क्षेत्रहरूलाई समावेश गरिएकोछ । यीनै अनुसूचीमा उल्लेखित क्षेत्राधिकार भित्र रहेर स्थानीय तहले कार्य जिम्मेवारी निर्वाह गर्नुपर्ने भएकाले यसरी संबिधानले किटान गरेका विषयहरूमा सवैको जानकारी रहनु पर्ने भएकाले तीनिहरूलाई यहा उल्लेख गरिएको छ । यसको विवरण तालिका नं. ३.१ र ३.२ मा उल्लेख गरिएको छ ।

संविधानको अनुसूची ८

(संबिधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

तालिका नं. ३.१:स्थानीय तहको एकल अधिकारको सूची

क्रम संख्या	विषय
१	नगर प्रहरी
२	सहकारी संस्था
३	एफ एम संचालन
४	स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, शेवा सुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर , भूमी कर मालापेत , दण्ड जरीवाना, मनोरन्जन कर मालपोत संकलन
५	स्थानीय सेवाको व्यवस्थापन
६	स्थानीय तथ्यांक र अभिलेख संकलन
७	स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू
८	आधारभूत र माध्यमिक शिक्षा
९	आधारभूत स्वास्थ्य र सरसफाई
१०	स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
११	थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई
१२	गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
१३	स्थानीय अभिलेख व्यवस्थापन
१४	घरजग्गा धनीपूर्जा वितरण
१५	कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
१६	ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
१७	बेरोजगारको तथ्यांक संकलन
१८	कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण
१९	खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
२०	विपद व्यवस्थापन
२१	जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२	भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

संविधानको अनुसूची-९

((संबिधानको धारा धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

तालिका नं. ३.२: संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारका सूची

क.सं.	विषयहरू
१	सहकारी
२	शिक्षा, खेलकूद र पत्रपत्रिका

३	स्वास्थ्य
४	कृषि
५	विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू
६	सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
७	वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
८	खानी तथा खनिज
९	विपद व्यवस्थापन
१०	सामाजिक सुरक्षा र गरीबी निवारण
११	व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक
१२	पुरातत्व, प्राचीन स्मारक र संग्रहालय
१३	सुकुम्बासी व्यवस्थापन
१४	प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१५	सवारी साधन अनुमति

ग) संविधानको भाग-१९ स्थानीय आर्थिक कार्यप्रणाली

संविधानको धारा २२८ मा स्थानीय तहको आर्थिक कार्यप्रणलीलाई व्यवस्थित पार्न देहाय बमोजिमको व्यवस्था गरेको छ ।

(१) कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन ।

(२) स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

घ) संविधानको भाग-१९ को धारा २२९. स्थानीय तहमा एक स्थानीय सञ्चित कोष रहने गरी देहाय बमोजिमको व्यवस्था गरेको छ ।

(१) स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिकामा एक स्थानीय सञ्चित कोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

(२) उपधारा (१) बमोजिमको स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

ङ) संविधानको भाग-१९ को धारा २३० मा गाउँ तथा नगरपालिकाको राजस्व र व्ययको अनुमान सहितको बार्षिक रुपमा नीति कार्यक्रम सहितको बजेट पारित गर्न देहाय बमोजिमको व्यवस्था गरेकोछ ।

(१) यस संविधानको अधीनमा रही गाउँ तथा नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्नेछ ।

(२) उपधारा (१) बमोजिम गाउँ तथा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।

३.२ स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था

वर्तमान संविधान ले स्थानीय तहलाई दिएका क्षेत्राधिकारभित्र रहि आन्तरिक आय व्यवस्थापनकालागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले देहायका क्षेत्रहरू समेटीएका छन्

३.२.१ कर तथा गैरकर राजश्वका क्षेत्र: संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्र देहाय बमोजिमका कर लागाउन तथा राजश्व संकलन गर्न पाउने व्यवस्था गरेको छ ।

(क) संघीय तथा प्रदेश कानून समेतका आधारमा सम्पत्ति कर, भुमिकर/मालपोत, घर बहाल कर, विज्ञापन कर, मनोरञ्जन कर, व्यवशाय कर, सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, घर नक्सा पास दस्तुर, सेवाशुल्क तथा दस्तुर, पर्यटन शुल्क,

(ख) स्थानीय पूर्वाधार तथा शेवाको शुल्क

(ग) ट्रेकिङ, कायाकिङ्ग, प्याराग्लाईडिङ्ग, क्यानोनिङ्ग, बन्जि जम्प, जिपफ्लायर, च्याफ्टिङ, मोटरबाटो, केबुलकार सेवा लगायत अन्य जल तथा स्थलमा सञ्चालन हुने नविन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क

(घ) जडीबुटी, कवाडी र जीवजन्तु कर

(ङ) ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा, दहत्तर बहत्तर जस्ता प्राकृतिक एवं खनिज जन्य बस्तुको विक्री तथा निकासी शुल्क तथा दस्तुर को दर र प्रकृया प्रदेश सरकारले निर्धारण गर्ने र गाउँपालिकाले सङ्कलन गर्ने

(च) सिफारिस, दर्ता, अनुमति, नविकारण आदिको शुल्क तथा दस्तुर

(छ) नगरपालिकाको स्वामित्वमा रहेका पोखरी, चरन तथा सार्वजनिक क्षेत्रमा नगरपालिका स्वयम् ले पालेका माछा, हाँस, पशुपन्छि, अन्न तथा नगदे बालि लगायतका नगरपालिकाको स्वामित्वमा पर्ने सवै खाले व्यवसाय बाट उत्पादित तथा संरक्षित चिज बस्तुको विक्रि वितरण

(ज) खाद्य सुरक्षा तथा विपत व्यवस्थापनकालागि लागि नगरपालिकाले भण्डारण गरेका खाद्यान्न लगायतका चिज बस्तु साथै नगरपालिकाको स्वामित्व वा दायित्वमा रहेका सम्पति तथा सार्वजनिक सम्पतिको कानून बमोजिम विक्रि वितरण

(झ) प्रचलित ऐन कानून बमोजिम लाउन र उठाउन पाउने अन्य सवै प्रकारका कर तथा राजश्व

३.२.२ कर नलाग्ने

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको सम्पत्तिमा सम्पति कर/एकीकृत सम्पत्ति कर लाग्ने छैन

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा

(ख) सरकारी अस्पतालको भवन र जग्गा

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा

(२) यस कार्यविधि बमोजिम सम्पत्ति कर लागेको सम्पत्तिमा भुमिकर / मालपोत लाग्ने छैन

(३) उपदफा (१) बमोजिम सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, निजी क्षेत्र, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनामा भने सम्पति कर लाग्नेछ ।

(४) सवारी साधन कर नलाग्नेः नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार, राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगको स्वामित्वमा रहेका सवारीकालागि सवारी साधन कर लाग्ने छैन ।

३.३ बस्तुगत विवरण (Profile) तयार गर्नु पर्ने:

प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा सहभागितामुलक प्रकृया बाट नतिजामुलक ढंगले गर्नुपर्दछ । वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण (Profile) तयार गर्नु पर्नेछ ।

३.४ बार्षिक कार्यक्रम तथा बजेट:

प्रत्येक स्थानीय तहले आगामी आर्थिक बर्षको लागि बार्षिक बजेट तथा कार्यक्रम कानून मार्फत तोकिएकोमा सोहि मितिमा र अन्य अवस्थामा आर्थिक बर्ष सुरु हुनु भन्दा अगावै तर्जुमा गरी सभा बाट स्वीकृत गर्नुपर्नेछ

३.५ प्रदेश आर्थिक ऐन, २०७५:

प्रदेश नं. १ सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५ ले प्रदेश भित्र केहि कर र शुल्क लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न तथा प्रदेशको राजश्व प्रशासन सम्बन्धी ब्यवस्था तोक्न आवश्यक रहेका कारण देहाय बमोजिमको ब्यवस्था गरेको पाईन्छ ।

३.५.१ घर जग्गा रजिष्ट्रशन शुल्क:

- प्रदेशभित्र घरजग्गा रजिष्ट्रशन गर्दा अनुसूचीमा उल्लेख गरी शुल्क निर्धारण गरेको
